सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ भदौ २०८२, सोमबार (1 Sep 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १४१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

परिवारका सदस्यको कुरुवा बसेकी वीरगन्जकी युवतीले खानेपानीमन्त्री प्रदीप यादवलाई फोनमा सोधिन्-

'हैजा लागेर मान्छे मरेका छन्, तपाईं के गर्दै हुनुहुन्छ ?'

तर, मन्त्री यादवले उल्टै युवतीलाई पक्राउ गराए

विद्युतीय अपराध, संघीय सांसदलाई धम्की दिएको र अफवाह फैलाएकोसहितका तीन मुद्दा लगाउने प्रहरीको तयारी



प्रदीप यादव
खानेपानीमन्त्री



हैजा रोगको रोकथाम र नियन्त्रणमा प्रश्न उठाउँदा हिरासत पुगेकी किरण साह

वीरगन्जमा **तिवारी यादव**

वीरगन्जमा एक सातासम्म हैजा नियन्त्रणबाहिर रहेको तथा आफ्ना बा-आमासहितका परिवारका सदस्य अस्पताल भर्ना भएको भन्दै गुनासो गर्ने एक युवतीलाई खानेपानीमन्त्री प्रदीप यादवले उल्टै थुनाएका छन्। 'खानेपानीमन्त्री भएर वीरगन्जमा पिउने पानी कस्तो बाँड्नुभयो ? रोकथाम र नियन्त्रणका लागि के गर्नुभयो ?' भन्दै फोन गरेकी कलैया उपमहानगरपालिका- २६, सिस्वा महेशपुरकी किरण साहलाई मन्त्री यादवले हिरासत पुऱ्याएका हुन्।

शनिबार मध्यराति नेसनल अस्पतालमा कुरुवा बसिरहेकै वेला पक्राउ गरिएकी किरणविरुद्ध तीनवटा मुद्दामा तीन दिनको म्याद थप भएको पर्साका डिएसपी किशोर लम्सालले बताए। उनका अनुसार विद्युतीय अपराध, संघीय सांसदलाई धम्की दिने र झुटा समाचार/अफवाह फैलाउनेसम्बन्धी मुद्दामा म्याद थप गरी किरणमाथि अनुसन्धान भइरहेको छ।

मन्त्री यादवको सचिवालयबाट किरणविरुद्ध शनिबार उजुरी परेपछि प्रहरीले उनलाई अस्पतालबाटै नियन्त्रणमा लिएको थियो। झाडापखाला लागेपछि उनका बुबाआमाको शान्ति पोलिक्लिनिकमा तथा उनकी बहिनी र भतिजी (बहिनीकी छोरी)को नेसनल अस्पतालमा उपचार भइरहेको थियो। भतिजीमा त हैजा पुष्टि नै भएको थियो।

शुक्रबार राति नै सामाजिक सञ्जालमा सार्वजनिक अडियोमा किरणले मन्त्री यादवसँग आक्रोश पोखेकी थिइन्। हैजासँग सम्बन्धित समस्या जानकारी गराउन पटक-पटक फोन गरे पनि नउठेको भन्दै उनले आक्रोश व्यक्त गरेको सुनिन्छ। 'हैजा लागेर वीरगन्जमा मान्छे मरेका छन्, तपाईं के गर्दै हुनुहुन्छ ?' उनले मन्त्री यादवलाई सोधेकी छिन्। वीरगन्जमा वितरित पानीको गुणस्तरबारे पनि उनले प्रश्न

» पृष्ठ २ मा क्रमशः

अस्पतालमा कुरुवा रहेकै वेला पक्राउ

किरणका दाजु भन्छन्, 'समस्या सुनाउँदा मन्त्रीले राजा बन्नुहुँदैन'

झाडापखाला लागेपछि आमाबुबाको कुरुवा बसेकी किरण साहले मन्त्री प्रदीप यादवलाई फोन गरेकी थिइन्। बुबा तुलसी साह र आमा सावित्रीदेवी साहलाई १० भदौमा एडभान्स अस्पताल भर्ना गरिएको थियो। पछि उनीहरूलाई शान्ति पोलिक्लिनिकमा सारिएको थियो। आइतबार उनीहरू डिस्चार्ज भएका छन्।

किरणकी बहिनी सन्झादेवी साह भने घाँटीमा समस्या देखिएपछि चार दिनदेखि नेसनल मेडिकल कलेजमा उपचाररत छिन्। सन्झाकी दुई वर्षीया छोरी कृतिकामा भने हैजा देखिएको थियो। उनको पनि नेसनल अस्पतालमै उपचार भइरहेको छ। दिदी र छोरीको कुरुवा बसेका वेला शनिबार मध्यराति किरणलाई पक्राउ गरिएको उनका दाजु प्रमोद साहले बताए।

कलैया उपमहानगरपालिका- २६, सिस्वा महेशपुरकी किरण करिब एक दशकदेखि वीरगन्जमा डेरा लिएर बस्दै आएकी थिइन्। अनाहक बहिनी पक्राउ गरिँदा चिन्तित बनाएको दाजु प्रमोदले बताए। 'फोनमा कुरा गर्दा अलिअलि आक्रोशित भएर बोलेको होला। तर, ठुलो मुद्दा बनाइयो। यसमा मन्त्रीले पावरको दुरुपयोग गर्नुहुँदैन,' उनले भने, 'समस्या सुनाउँदा 'राजा' बन्न हुँदैन। सानो कुरामा प्रहरीले पक्राउ गर्नु ठिक छैन। किरणलाई छाड्न आग्रह गर्दछु।'



भिजिट भिसामा नेपाली मात्रै होइन, भारतीयको पनि तस्करी

आठ महिनामा पाँच हजार भारतीय एनओसीविना सेटिङमा उडाइए

तीर्थराज भट्टराई अध्यागमन प्रमुख हुँदा तीन लाखसम्म उठाएर भारतीयलाई अमेरिका र क्यानडा उडाइयो



● **हेमन्त मल्ल**, पूर्वडिआइजी

पछिल्लो समय भारत, अमेरिकालगायतका देशले नेपालको अध्यागमनको विषयमा प्रश्न उठाएको सुनिएको छ। अध्यागमनमा हुने यस्तो सेटिङले देशको अन्तर्राष्ट्रिय विश्वसनीयता गुमाउँछ। कतिपय अपराधीले नेपालको अध्यागमनलाई पैसा खुवाएर भागेको भनेरसमेत अन्तर्वार्ता दिएका छन्। त्यसकारण अध्यागमनमा यस्तो सेटिङको सञ्जाल नतोडे आगामी दिनमा देशलाई ठुलो समस्या हुन सक्छ।

नवराज मैनाली/नयाँ पत्रिका

त्रिभुवन विमानस्थलस्थित अध्यागमन कार्यालयबाट भिजिट भिसाका नाममा भएको संस्थागत मानव तस्करीको घटनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पहिलो चरणको अनुसन्धान अन्तिम चरणमा पुऱ्याएको छ। तीन महिना लामो अनुसन्धानका क्रममा नेपाली मात्र नभई विदेशीलाई समेत सेटिङका आधारमा नियमविपरीत विदेश जान दिइएको खुलेको छ।

सहसचिव तीर्थराज भट्टराई अध्यागमन प्रमुख रहेको आठ महिनाको अवधिमा मात्र करिब पाँच हजार भारतीय नागरिक नो अब्जेक्सन लेटर (एनओसी)विना नै तेस्रो देश गएका थिए। नेपालको अध्यागमनबाट तेस्रो देश गएका भारतीयको सूची र काठमाडौंस्थित भारतीय दूतावासबाट जारी भएका एनओसीको विवरण भिडाएर अख्तियारले छानबिन गरेको थियो।

सहसचिव भट्टराई २३ असोज ०८१ मा विमानस्थलस्थित अध्यागमन कार्यालयमा हाजिर भएका थिए। गृहमन्त्री रमेश लेखकले रोजेरै उनलाई अध्यागमनमा पठाएका थिए। भट्टराईले

» पृष्ठ २ मा क्रमशः

एजेन्टले नै सरुवा गराउँथे अध्यागमनका कर्मचारी

कांग्रेसका एक सांसदमार्फत पनि काम गरिएको भेटियो



गृहमन्त्री लेखक

तत्कालीन विमानस्थल अध्यागमन प्रमुख भट्टराई

अध्यागमनमा एजेन्टहरूको कब्जा कतिसम्म थियो भने उनीहरूले नै आफूअनुकूल कर्मचारी सरुवा गर्दै ल्याउने गरेका थिए। हाल छानबिनमा रहेका ग्रिनलाइन होलिडेजका बालकृष्ण खड्काले एक नासुलाई अध्यागमनमा सरुवा गराएको पुष्टि नै भएको छ।

खड्काले कांग्रेसका एक सांसदमार्फत देवराज गिरी नाम गरेका नासुलाई अध्यागमन पठाएका थिए। 'खड्काले कांग्रेस सांसदलाई सरुवाका लागि नाम म्यासेज गरेको केही दिनमै ती नासु विमानस्थल अध्यागमनमा गएको देखिन्छ,' स्रोतले भन्यो, 'पछि ती सांसदले आफ्ना केही व्यक्तिहरूलाई भिजिट भिसामा युएई पठाउन नाम पठाएकोसमेत पाइएको छ।' ती सांसदले खड्कामार्फत सहसचिव भट्टराईलाई यसरी सेटिङमा जाने व्यक्तिको नाम पठाएका थिए।

अध्यागमन विभागका एक अधिकारीका अनुसार गिरी पनि अख्तियारको छानबिनमा परेपछि हालै मात्र उनलाई त्यहाँबाट हटाइएको छ। उनी करिब आठ महिना अध्यागमन विभागमा समेत बसेका थिए। यसले पनि मानव तस्करीको यो गिरोहमा गृह मन्त्रालयका अधिकारीदेखि उच्चपदस्थसम्मको मिलेमतो देखिन्छ। तर, गृहमन्त्री रमेश लेखक भने आफूमाथहतको एक कर्मचारीले बदमासी गर्दैमा आफूले त्यसको जिम्मा नलिने भन्दै पन्छिँदै आएका छन्।

विवादास्पद पृष्ठभूमि भएका भट्टराईलाई गृहमन्त्री लेखकले रोजेरै अध्यागमन प्रमुखको जिम्मेवारी दिएका थिए। भट्टराईले सेटिङ चलाएको विषयमा छानबिन गर्न भनेर अख्तियारले बारम्बार पत्र लेख्दा पनि मन्त्रालयले चासो नदिनु, अध्यागमनमा चलखेलका आधारमा विगतमा समेत बसेका कर्मचारीलाई फेरि पठाउनु, मानव तस्करी रोक्न विमानस्थलमा प्रहरी खटाइएकोमा एक दिनमै फिर्ता गर्नुले पनि यसमा गृहमन्त्री लेखकको समेत मिलेमतो रहेको विपक्षीको दाबीलाई बल पुऱ्याउँछ।

अख्तियारले पछिल्लो समय संकलन गरेका प्रमाणले पनि सहसचिव भट्टराईले गृह मन्त्रालयकै आडमा असुली धन्दा चलाएको आधार देखिएको स्रोत बताउँछ। विगतमा भिजिट भिसा प्रकरणमै मुद्दा खेपेका अधिकृत विमल पौडेललाई मन्त्री लेखकले आफ्नै सचिवालयमा राखेका छन्।


■ भिजिट भिसामा कुवेत पुऱ्याएर नेपाली महिलाको बिक्री

करिब ४० हजार महिला अवैध बाटोबाट कुवेत पुगेको आकलन

भिजिट भिसामा विदेश गएका कतिपय महिलालाई कुवेतमा लगेर बेचिएको पनि फेला परेको छ। त्यसरी बेचिएकाहरू अहिले उद्धारका लागि हारगुहार गरिरहेका छन्। खाडी मुलुकमा घरेलु कामदारमा महिलालाई पठाउन प्रतिबन्ध छ। जसकारण कतिपय मेनपावर व्यवसायीले समेत महिलाहरूलाई भिजिट भिसामा कुवेतमा लगेर बिक्री गरेका हुन्।

'त्यहाँ लगेर महिलाहरूलाई एउटा घरमा राखिँदोरहेछ,' मानव बेचबिखन अनुसन्धान ब्युरोका एक अधिकारीले भने, 'मालिकहरूले छानेर महिला लैजाने प्रवृत्ति छ, त्यसरी लगिएका महिलालाई आफूहरूले खरिद गरेको भन्दै बन्धकजस्तो बनाएर काममा लगाउने गरिन्छ। कतिपय यौनशोषणमा समेत परेका छन्।' कुवेतमा मात्र करिब ४० हजार महिला हाल अवैध बाटोबाट पुगेको आकलन गरिएको छ। यसरी महिलालाई भिजिट भिसामा कुवेत पठाउँदा अध्यागमनका कर्मचारीलाई प्रतिव्यक्ति एक लाख रुपैयाँसम्म बुझाउने गर्दथे। यसरी मानव तस्कर समूहले भिजिट भिसामा कतिपय महिलालाई इराक तथा अफ्रिकासम्म लगेर बिक्री गरेको छ।

दिल्लीमा बसेर नेपालीको मिर्गौला तस्करी



प्रतिमिर्गौला ६ लाख रुपैयाँ दिने प्रलोभनमा सयभन्दा धेरै नेपालीको मिर्गौला बेचियो, मुख्य नाइके सिन्धुपाल्चोकका श्यामकृष्ण भण्डारी पक्राउ

(विस्तृत पृष्ठ ३)

१० वाणिज्य बैंकको सम्पत्ति गुणस्तर परीक्षणको जिम्मा बंगलादेशी कम्पनीलाई

हौलादार युनुस एन्ड कम्पनीले पाँच महिनाभित्र नेपालका १० वाणिज्य बैंकको विस्तृत सम्पत्ति गुणस्तर परीक्षण गर्नेछ, नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूको ऋण पोर्टफोलियोको अवस्थाबारे समग्र मूल्यांकन गर्ने लक्ष्य राखेको छ

(विस्तृत पृष्ठ ६)



कैलाश मानसरोवर यात्रा र पर्यटक भिसा पुनः सुरु गर्ने मोदी-सी सहमति

भारतबाट मानसरोवर जान सबैभन्दा छोटो रुट नेपाली भूमि लिपुलेक हो, भारतले पछिल्लो समय अधिकतम चासो देखाएको पनि लिपुलेकमै छ

● **भारतीय विदेश मन्त्रालयले जारी गरेको सातबुँदे वक्तव्यको चौथो बुँदामा उल्लेख छ-**



'दुवै नेताहरूले कैलाश मानसरोवर यात्रा र पर्यटक भिसा पुनः सुरु गर्ने प्रक्रियालाई अगाडि बढाउँदै प्रत्यक्ष उडान र भिसा सहजीकरणमार्फत जनता-जनताबिचको सम्बन्धलाई सुदृढ पार्नुपर्ने आवश्यकतालाई जोड दिएका छन्।'

नयाँ पत्रिका

भारत र चीन कैलाश मानसरोवर यात्रा र पर्यटक भिसा पुनः सुरु गर्ने प्रक्रिया अगाडि बढाउन सहमत भएका छन्। सांघाई सहयोग संगठन (एससिओ)को शिखर सम्मेलन

» पृष्ठ २ मा क्रमशः

■ तियान्जिनमा ओली-मोदी साइडलाइन भेटवार्ता



सांघाई सहयोग संगठन (एससिओ)को शिखर सम्मेलनमा सहभागी हुन चीनको तियान्जिन पुगेका प्रधानमन्त्री केपी ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबिच आइतबार साइडलाइन भेटवार्ता भएको छ। चिनियाँ राष्ट्रपति सीले विदेशी पाहुनाहरूका लागि आइतबार आयोजना गरेको रिसेप्सनमा ओली र मोदीबिच भेट भएको हो।

समकक्षी ओलीसँगको साइडलाइन भेटको तस्बिर मोदीले आफ्नो सामाजिक सञ्जाल एक्समार्फत सार्वजनिक गरेका थिए। भेटपछि मोदीले नेपालका प्रधानमन्त्रीसँग भेट हुँदा खुसी लागेको भन्दै नेपालसँगको सम्बन्ध गहिरो र विशेष रहेको उल्लेख गरेका छन्। 'तियान्जिनमा नेपालका प्रधानमन्त्री केपी ओलीसँग भेट हुँदा खुसी लाग्यो। भारत र नेपालको सम्बन्ध गहिरो र अत्यन्तै विशेष छ,' मोदीले फोटो सेयर गर्दै लेखेका छन्। साइडलाइन भेटवार्ता छोटो भएकाले शिष्टाचारबाहेक दुई देशबिचको सम्बन्ध र खासगरी चीन-भारतले नेपालको लिपुलेक नाका हुँदै दुई देशबिचको व्यापार विस्तार गर्ने पछिल्लो सहमतिबारे ओलीले कुरा उठाएको वा नउठाको सम्बन्धमा दुवै पक्षले केही बताएका छैनन्। मोदीसँगको भेटमा प्रधानमन्त्री ओलीपत्नी राधिका शाक्य पनि सँगै थिइन्।

रूपन्देही ३ मा रास्वपाबाट थापा उम्मेदवार


डा. लेखजंग थापा

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीले डा. लेखजंग थापालाई रूपन्देही क्षेत्र नम्बर ३ को उम्मेदवार छनोट गरेको छ।

सोमबार बसेको केन्द्रीय सचिवालय बैठकले प्रारम्भिक निर्वाचनबाट थापालाई उम्मेदवार छनोट गरेको थियो। बैठकपछि पार्टी कार्यालयमा उपसभापति डिपी अर्यालले थापालाई उम्मेदवार घोषणा गर्दै घन्टी चिह्न प्रदान गरेका थिए। 'रूपन्देही ३ को प्रस्तावित उम्मेदवारको रूपमा एकजना र बाँकी आठजना उहाँको सारथिको रूपमा लिएका छौं,' उपसभापति अर्यालले भने।

प्रारम्भिक निर्वाचनमा नौजना उम्मेदवार प्रतिस्पर्धामा थिए। जसमा थापासहित कुसुम महर्जन, मधु अर्याल, सुलभ खरेल, पार्थिवेन्द्र उपाध्याय, ज्ञानु पौडेल, जितबहादुर गुप्ता, रचना क्षेत्री र पुनमकुमारी अग्रवाल छन्। सभापति रवि लामिछानेले आइतबार बिहान उम्मेदवारका सबै आकांक्षीलाई नक्खु कारागारमा बोलाएर भेटेका थिए। भेटमा उनले अहिले एकजना उम्मेदवार हुने र अरूलाई ०८४ मा अवसर दिने भन्दै एक भएर निर्वाचनमा खटिन शुभकामना दिएका थिए।

थापाले आफ्नो एजेन्डा स्वास्थ्य निःशुल्क हुनुपर्ने रहेको बताए। अस्पतालमा बिरामीलाई परेको झन्झट हटाउनुपर्ने धारणा उनको छ। थापाले जनताले सोचेको परिवर्तन ल्याउने अभियानमा जोडिएको र प्रयत्न गरिरहने बताए। सभापति लामिछानेले चुनाव होइन, क्रान्ति हो भनेको र आफूले त्यही रूपमा लिएर मैदानमा उत्रिने उनको भनाइ छ।

आठ महिनामा...

पृष्ठ १ बाट क्रमशः

भिजिट भिसामार्फत 'सेटिङ'मा मानव तस्करीको धन्दा संस्थागत रूपमै अगाडि बढाएको सूचनापछि अख्तियारले रंगेहात पक्राउ गर्ने तयारी गरेको थियो। तर, गृह मन्त्रालयले त्यसको सूचना पहिल्यै पाएपछि हतार-हतार ७ जेठमा उनको सरुवा गरेर मन्त्रालयमा तानेको थियो। भट्टराईले रमाना बुझ्न नपाउँदै त्यही दिन अख्तियारले उनलाई नियन्त्रणमा लिएको थियो।

भट्टराई अध्यागमनमा बसेको आठ महिना अवधिमा विनाएनओसी उडेका सबै भारतीयको विवरण अख्तियार पुगेको छ। यसरी भारतीयलाई तेस्रो देश उडाउँदा प्रतिव्यक्ति तीन लाख रुपैयाँसम्म उठाउने गरेको प्रमाण अख्तियारले फेला पारेको छ। नेपाल हुँदै धेरैजसो भारतीय क्यानडा र अमेरिका उडेका थिए।

'नेपालको विमानस्थलबाट उड्दा आफ्नो देशमा बस्ने वातावरण नभएको भनेर तेस्रो देशमा असाइलम दाबी गर्न सहज हुने रहेछ,' स्रोत भन्छ, 'सोही कारण भारतीयले नेपाललाई ट्रान्जिट बनाएको देखिन्छ।' भारतीयको अध्यागमनमा सेटिङ गर्ने काम भने एक बंगलादेशी नागरिकमार्फत हुँदै आएको थियो। ती बंगलादेशी एजेन्टले पहिलेदेखि नै बंगलादेशका नागरिकलाई पनि त्यसैगरी नेपालबाट विभिन्न देशमा उडाउने काम गर्दै आएका थिए। पछिल्लो समय भारतीयको सेटिङ मिलाउने गरेका थिए। हाल उनी फरार छन्। यसरी सेटिङमा उड्नेमा सुन तस्करीमा संलग्न व्यक्तिहरूसमेत रहेको छानबिनबाट पुष्टि भइसकेको छ।

नेपालबाट भारतीय नागरिक तेस्रो देश जान भारतीय दूतावासको एनओसी अनिवार्य हुन्छ। तर, यति ठुलो संख्यामा भारतीयलाई उड्न दिनुले सिंगो अध्यागमन नै एजेन्टहरूले खरिद गरेजस्तो देखिएको छ। संस्थागत रूपमै 'सेटिङ' चलेको देखिएको अनुसन्धानमा संलग्न अधिकारीहरू बताउँछन्।

यसरी उडाइएका कतिपय कालोसूचीमा भएका र फरार व्यक्तिसमेत रहेको खुलेपछि काठमाडौंस्थित भारतीय दूतावासले पनि यसलाई गम्भीरताका साथ लिएको छ। साथै, कालोसूचीमा रहेका व्यक्तिहरू नेपालबाट उडेको जानकारी पाएपछि अमेरिका र क्यानडाले पनि यसमा चासो राखेका छन्। गत १७ असारमा नेपालका लागि अमेरिकी राजदूत डी. आर. थम्सनले आपराधिक पृष्ठभूमिका व्यक्तिहरूसमेत नेपालको अध्यागमनबाट अमेरिका पुगेको विषयमा मुख्यसचिव एकनारायण अर्यालसँग भेटेर चासो राखेका थिए।

अपराधमा संलग्न र शंकास्पद व्यक्तिलाई समेत सेटिङका आधारमा उडाउनु भ्रष्टाचार मात्र नभई राष्ट्रिय सुरक्षामाथिको समेत गम्भीर चुनौती पनि भएको आयोगका अधिकारीहरू बताउँछन्। पूर्वडिआइजी हेमन्त मल्ल यसले अन्य देशको मात्र होइन, नेपालकै सुरक्षामा चुनौती थपिने र देशले अन्तर्राष्ट्रिय विश्वसनीयता गुमाउने बताउँछन्।

'नेपालको अध्यागमनबाट गैरकानुनी रूपमा भारतीयहरू उड्नु गम्भीर सुरक्षा चुनौतीको विषय हो। एकातर्फ भारतमा इन्डियन मुजाहिद्दिनलगायत आतंकवादी समूह सक्रिय छन्। अर्कोतर्फ पछिल्लो समय खालिस्तानी समूह पनि सक्रिय भएको छ। यस्तो अवस्थामा नेपालको अध्यागमनबाट फरार मान्छेहरू आर्थिक चलखेलका आधारमा उड्नु र नेपाल भित्रनु दुवै गम्भीर विषय हो,' मल्लले भने, 'खासगरी आतंकवादीहरूले नेपालको अध्यागमन दुरुपयोग गर्ने जोखिम छ। यसले भारतको मात्र नभई हाम्रो देशको सुरक्षामा पनि चुनौती बढ्दै जान्छ।'

अख्तियारले पहिलो चरणमा ग्रिनलाइन होलिडेजका बालकृष्ण खड्का र फेमिली होलिडेजका दीपक भण्डारीसँगको सेटिङ र लेनदेनमाथि केन्द्रित भई अनुसन्धान गरिरहेको छ। जसक्रममा उनीहरूबिच करोडौं लेनदेन भएका प्रशस्त प्रमाण आयोगले संकलन गरिसकेको छ। भट्टराईबाट बरामद डायरीमै विभिन्न व्यक्तिसँगका लेनदेन भेटिएका छन्। त्यस्तै, उनको मोबाइलमा भएका कुराकानी र ट्राभल सञ्चालकहरूको बयानबाट संस्थागत रूपमै भट्टराईले अध्यागमनबाट भिजिट भिसाको मानव तस्करीलाई सघाएको प्रमाण पनि भेटिएका छन्।

सहसचिव भट्टराईको पैसा कारोबार मिलाउने खगेन्द्र सुवेदी र कविता पौडेललाई प्रहरीले पक्राउ गरेको थियो। उनीहरूको हकमा भने अकुत सम्पत्ति आर्जन र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान हुने सम्भावना छ। अख्तियारले दोस्रो चरणमा सेटिङमा संलग्न अन्य कर्मचारी र सहसचिव भट्टराईसँग शंकास्पद कारोबारमा संवाद देखिएका उच्चपदस्थमाथि छानबिनको तयारी गरेको छ।

कुलिङ पिरियड गडबडीपछि सेवावधि थप्न चलखेल, कांग्रेस र एमालेको समर्थन

मुख्यसचिव, सचिव, सहसचिव, उपसचिवसहित २२ सय बढी कर्मचारीको सेवा अवधि एक वर्ष थप्न मन्त्रीको प्रस्ताव, विपक्षीको विरोध

कमलराज भट्ट/ नयाँ पत्रिका

दुईवर्षे कुलिङ पिरियड निष्क्रिय बनाउन दफा र शब्दमै गडबडी गराएका उच्च प्रशासकहरूले संघीय निजामती विधेयकमार्फत आफ्नो सेवा अवधि थप्न चलखेल थालेका छन्। उच्च प्रशासकहरूको चलखेललाई सरकारले साथ दिएको छ र सर्वसम्मत निर्णय भइसकेको दफा उल्ट्याउन संसदीय समितिलाई दबाब दिइरहेको छ।

हाल संघीय निजामती विधेयकमा राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा छलफल भइरहेको छ। समितिले आइतबारै विधेयकको प्रतिवेदन टुंग्याउने तयारी गरे पनि दफा ५८ को अनिवार्य अवकाशको समयावधिका कुरा नमिल्दा रोकिएको छ। समितिले ऐन लागू भएको पहिलो वर्ष ५८, दोस्रो वर्ष ५९ र तेस्रोमा ६० वर्षमा अनिवार्य अवकाश हुने प्रतिनिधिसभाकै व्यवस्थालाई शुक्रबार सर्वसम्मत स्वीकार गरेको थियो।

तर, शनिबारको बैठकमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले ऐन लागू भएको पहिलो वर्ष ५९ र दोस्रोदेखि ६० वर्षमा अवकाश हुने व्यवस्था गर्न प्रस्ताव गरिन्। यो प्रस्ताव समिति सदस्यहरूले नमानेपछि मन्त्री न्यौपानेको आग्रहमा बैठक सोमबार ११ बजेसम्मका लागि स्थगित भएको छ।

प्रस्तावित यो प्रावधानले चालू आवमा अवकाश पाउने मुख्यसचिव एकनारायण अर्याल, सचिवहरू फणीन्द्र गौतम, केशवकुमार शर्मा, हरिप्रसाद लम्साल, रामप्रसाद घिमिरेलगायत दर्जनभन्दा बढी उच्चपदस्थ कर्मचारीको कार्यकाल एक वर्ष लम्बिनेछ। राष्ट्रिय किताबखानाका अनुसार यस वर्ष अवकाशमा जान लागेका मुख्यसचिव, सचिव, सहसचिव, उपसचिवसहित २२ सय बढी कर्मचारीको सेवा अवधि एक वर्ष थपिनेछ। यसले राज्यकोषमा व्ययभार बढाउनेछ।

मन्त्री न्यौपानेसहित संघीय मामिला मन्त्रालयका सचिव रविलाल पन्थ, सहसचिव मीरा आचार्य, कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्याललेे समितिमा सेवा अवधि बढाउने गरी लबिङ गरिरहेका छन्। उनीहरूले यसअघि प्रतिनिधिसभाले गरेको ५८, ५९ र ६० वर्षको व्यवस्था गएको असारदेखि लागू हुने गरी गरेको र राष्ट्रिय सभामा विधेयक ढिलाइ हुँदा पदपूर्तिमै असर पर्ने भन्दै ५९ र ६० वर्ष बनाउने तर्क गरेका छन्।

'पुरानो प्रावधान राख्दा पदपूर्तिमा तीन वर्ष असर हुने भयो। त्यसैले अवकाश ५९ वर्ष राख्दा दुई वर्ष मात्रै प्रभावित हुन्छ। यो ऐन लागू भएपछि हामीले ओएनएम गर्नुपर्छ। तीन चार महिना त्यसमा लाग्छ। त्यसपछि अर्को आर्थिक वर्ष आइहाल्छ। ५९ वर्ष लागू गर्दा उपयुक्त हुन्छ,' संघीय मामिलासचिव पन्थले समितिमा भने।

मन्त्री न्यौपानेले यसअघि सांसदहरूले भनेका सबै कुरा आफूले मानेको भन्दै आफूले यो कुरा समितिले मान्नुपर्ने तर्क गरिन्। 'विज्ञापन र ओएमएमको समयलाई हेर्दा ५९ गरेर जानुपर्ने देखियो। किनभने यो विधेयक गत आर्थिक वर्षमा नै टुंगिन्छ भन्ने सोचेर ल्याइएको थियो। तर, टुंगिएन। अब यो आर्थिक वर्षमा पनि केही समय लाग्ने देखियो। त्यसैले यो समयलाई करेक्सन गरेर जाउ। मतलब अवकाशको समय यो आर्थिक वर्षमा ५८ त्यसपछि ५९ र ६० भन्ने थियो, अब ५९ गरेर जाऊँ। यति कुरा स्वीकार गरेर जान अनुरोध गर्दछु,' उनले भनिन्।

मन्त्री न्यौपानेको यो प्रस्तावलाई एमालेबाट समिति सभापति रहेकी तुलसा दहालले तुरुन्तै समर्थन गरिन्। 'मन्त्रीज्यू र मन्त्रालयका कर्मचारीहरूको कुरा सुन्दा पदपूर्तिमा प्राविधिक समस्या पर्ने देखियो। त्यसैले यसलाई स्वीकार गरेर जानुपर्छ भन्ने मलाई लाग्छ,' उनले भनिन्।

कांग्रेस प्रमुख सचेतक कृष्ण रोकायाले पनि एउटा सहमतिमा पुग्नुपर्ने बताए। 'मन्त्रीज्यूले कुरा राखिसक्नुभयो, सरकारका तर्फबाट राखिसकेपछि अब हामीले पनि अलिकति गम्भीरतापूर्वक सोचौं र एउटा सहमति गरौं,' उनले भने।

> **● राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले ऐन लागू भएको पहिलो वर्ष ५८, दोस्रो वर्ष ५९ र तेस्रोमा ६० वर्षमा अनिवार्य अवकाश हुने प्रतिनिधिसभाकै व्यवस्थालाई शुक्रबार सर्वसम्मत स्वीकार गरेको थियो।**
>
> **● तर, शनिबारको बैठकमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले ऐन लागू भएको पहिलो वर्ष ५९ र दोस्रोदेखि ६० वर्षमा अवकाश हुने व्यवस्था गर्न प्रस्ताव गरिन्। जसमा सहमति जुटेन।**

काग्रेसकै आनन्द ढुंगानाले भने, 'जुन किसिमबाट मन्त्रीजीले आफ्नो कुरा राख्नुभयो, यसले कहीं न कहीं सरकारलाई असर पर्ने अवस्था होला। त्यसैले म के भन्न चाहन्छु भने अहिलेको परिस्थितिमा अब यो ५८ वर्षमा जुन अनिवार्य अवकाश भन्ने छ, त्यसमा जुन उहाँले ६९ वर्ष राखौं भनेर भन्नुभएको छ, त्यो हामीले सच्याइदिनुपर्छ। सबै साथीहरूलाई अनुरोध छ।'

एमाले सांसद अन्जान शाक्यले ५९ वर्ष बनाउनु नै न्यायोचित हुने तर्क गरिन्। 'हामीले ५८ वर्ष भनेर गयो भने एक वर्ष त कर्मचारीहरूले पर्खिनुपर्ने भयो। त्यसैले यो ५९ वर्ष गरेर जाँदा उहाँहरूको भावनामा पनि चोट नपर्ने किनकि ५८ वर्ष हुँदाखेरि ६० वर्ष पुग्न त अझ दुई वर्ष लाग्यो। ५८ वर्षमै रिटायर हुने भनेर गरेपछि दुई-दुई वर्षको मार पऱ्यो नि त उहाँहरूलाई। त्यसैले ५९ वर्ष गरेर जाँदा न्यायोचित हुन्छ। यहाँनेर करेक्सन गरेर जानुपर्छ,' उनले भनिन्। एमाले प्रमुख सचेतक गोपाल भट्टराईले पनि आफू मन्त्रीले राखेको ५९ वर्षकै प्रस्तावको पक्षमा रहेको र यही प्रावधान राखेर जानुपर्ने बताए।

तर, विपक्षी दलहरू माओवादी, एकीकृत समाजवादी, जसपा नेपालले भने अवकाशमा ५८, ५९ र ६० वर्ष लागू गर्ने सर्वसम्मत निर्णय समितिले गरिसकेको भन्दै अब ब्याक हुन नसक्ने अडान लिएका छन्।

एकीकृत समाजवादीका उपाध्यक्ष बेदुराम भुसालले केही व्यक्तिहरूको जागिर बढाउने प्रस्ताव स्वीकार गर्न नसकिने बताए। अवकाशको उमेर क्रमशः ५८, ५९ र ६० राख्दा केही फरक नपर्ने उनको भनाइ थियो। '५९ वर्ष बनाउने प्रस्ताव केही कर्मचारीहरूको एक वर्ष जागिर थपिने मात्रै कुरा हो। ५८ राख्दा केही फरक पर्दैन। केही व्यक्तिले एक वर्ष पनि जागिर खानुहुन्छ, नहुँदा नयाँ मान्छे आउँदै हुनुहुन्छ। खाली हुन्छ। नयाँ मान्छे आउँछ। नयाँ मान्छेलाई अवसर दिने हिसाबले यो बिदा हुने कुरा राम्रो हो। त्यसैले सरकारको प्रस्तावलाई हामीले मान्दैनौं,' उनले भने।

माओवादीकी गंगा बेल्वासेले सर्वसम्मत निर्णय भइसकेको विषय उल्ट्याउनु उपयुक्त नहुने बताइन्। उनले समिति आफ्नो निर्णयबाट पछाडि हटुन नमिल्ने भन्दै मन्त्रीले त्यही हिसाबले बुझ्नेर सहयोग गर्नुपर्ने धारणा राखिन्।

'पहिलो वर्षमा कसरी लागू गर्ने भन्ने कुरा त हामी सिस्टममै छौं। यो वर्ष नि असर गर्छ, अर्को वर्ष नि असर गर्छ भन्ने त हुँदैन नि। एउटा वर्ष एउटा सिस्टममा जान्छौं र अर्को त एउटा क्रममा जान्छौं। त्यो भएको हुनाले यसमा मन्त्रीज्यूले नै पुनर्विचार गर्दा राम्रो हुन्छ,' उनले भनिन्। माओवादीकै राधेश्याम पासवानले पनि कुनै कर्मचारीको जागिर लम्ब्याउन सर्वसहमति भएको विषय उल्ट्याउन नसकिने जवाफ दिए।

जसपा नेपालका मृगेन्द्रकुमार सिंह यादवले सर्वसम्मतिको निर्णय सर्वसम्मतिबाटै उल्ट्याउनुपर्ने भन्दै बहुमतको नजिर अभ्यास नगर्न चेतावनी दिए। उनले अवकाशको ५८, ५९ र ६० वर्ष उल्ट्याउन नसकिने स्पष्ट पारे।

मन्त्री न्यौपानेले राखेको प्रस्तावमा कांग्रेस एमाले पक्ष र अन्य दल विपक्षमा उभिएपछि सभापति दहालले बहुमतबाट निर्णय गर्न नसक्ने भन्दै एउटा पक्ष ब्याक हुनुपर्ने धारणा राखिन्। 'कि सदस्यहरूले मन्त्रीको प्रस्ताव मानिदिनुपऱ्यो, कि मन्त्री ब्याक हुनुपऱ्यो, यही अवस्था त निर्णय हुन सक्दैन,' उनले भनिन्।

प्रतिनिधिसभाले १५ असारमा पारित गरेर पठाएको संघीय निजामती विधेयकमा राष्ट्रिय सभाको विधायन समितिले २ भदौदेखि छलफल गरिरहेको छ। संविधानअनुसार प्रतिनिधिसभाले पठाएको विधेयक ६० दिनभित्र राष्ट्रिय सभाले पारित गरेर फिर्ता पठाउनुपर्छ।

कैलाश मानसरोबर...

पृष्ठ १ बाट क्रमशः

चीनको तियान्जिनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिङपिङबिच भएको भेटवार्तामा प्रत्यक्ष उडान र भिसा सहजीकरणमार्फत जनता-जनताबिचको सम्बन्धलाई सुदृढ पार्ने समझदारी छ।

'दुवै नेताहरूले कैलाश मानसरोवर यात्रा र पर्यटक भिसा पुनः सुरु गर्ने प्रक्रियालाई अगाडि बढाउँदै प्रत्यक्ष उडान र भिसा सहजीकरणमार्फत जनता-जनताबिचको सम्बन्धलाई सुदृढ पार्नुपर्ने आवश्यकतालाई जोड दिएका छन्,' आइतबार भारतीय विदेश मन्त्रालयले जारी गरेको सातबुँदे वक्तव्यको चौथो बुँदामा उल्लेख छ। चिनियाँ पक्षले भने त्यसबारे केही बताएको छैन।

कैलाश मानसरोवर यात्राबारे भारत र चीनका कार्यकारी प्रमुखबिच भएको समझदारी उनीहरूबिच नेपालको लिपुलेक नाका हुँदै दुई देशबिचको व्यापार विस्तार गर्ने पूर्वसहमतिकै निरन्तरता मानिएको छ। जबकि लिपुलेक नाका हुँदै दुई देशबिचको व्यापार विस्तार गर्ने उनीहरूको सहमतिप्रति शनिबार चिनियाँ राष्ट्रपति सीसँगको भेटमा प्रधानमन्त्री ओलीले आपत्ति जनाएका छन्।

३ भदौमा दुई देशबिच लिपुलेक नाका हुँदै व्यापार विस्तारसम्बन्धी सहमति भएको थियो। सीसँगको भेटवार्ताको सहमति ३ भदौकै सहमतिको निरन्तरता हो कि होइन, भारतीय विदेश मन्त्रालयको वक्तव्यमा केही पनि उल्लेख छैन। शिखर सम्मेलनकै क्रममा भारतीय प्रधानमन्त्री मोदी र चिनियाँ राष्ट्रपति सीबिच करिब ५० मिनेट द्विपक्षीय छलफल भएको थियो।

यद्यपि, भारत र चीनबिच डिसेम्बर २०२४ मै २०२५ को गर्मीमा कैलाश मानसरोवर यात्रा पुनः सुरु गर्न सहमत भएको थियो। त्यसपछि हालैका केही महिनामा भारतीयहरूले भारतबाट सिधै र नेपाल हुँदै कैलाश यात्रा गरेका छन्।

भारतीय यात्रुहरू भारतबाट सिधै वा नेपाल भएर पनि कैलाश यात्रामा जाने गर्छन्। उनीहरू भारतीय सीमा सिक्किमको लद्दाख (नाथुला नाका) र लिपुपासबाट सिधै तिब्बत प्रवेश गरेर कैलाश यात्रामा जाने गर्छन्। मोदी-सीबिचको पछिल्लो समझदारीले लिपुपासबाट हुने कैलाश यात्रा सहज बनाउनेछ। यस्तै, भारतीय नागरिक नेपाल हुँदै हुम्लाको हिल्सा, रसुवाको रसुवागढी र सिन्धुपाल्चोकको तातोपानी नाका भएर कैलाश यात्रा जाने गरेका छन्। तर, गत असारमा रसुवागढीमा रहेको मितेरीपुल बगाएपछि यो मार्ग अहिले बन्द छ। बर्सेनि हजारौंको संख्यामा भारतीयहरू नेपाल भएर कैलाश मानसरोवर यात्रा जाने गरेका छन्। कैलाश यात्राका लागि लिपुपास प्रयोग गर्ने विकल्पले धेरै भारतीयलाई नेपाल भएर जानुपर्ने बाध्यता हट्न सक्छ।

यद्यपि, कोरोना महामारी र सन् २०२० मा लद्दाखको गलवान उपत्यकामा भारतीय र चिनियाँ सैनिकको झडपसँगै भारतीय नागरिकको कैलाश यात्रा रोकिएको थियो। सन् २०२५ मा मात्र यो खुलेको छ। यस्तै, कोरोना महामारीपछि भारत-चीन सिधा उडान पनि रोकिएको छ।

दुई देशबिचको सम्बन्धमा देखिएको प्रगति उल्लेख गर्दै भारतीय प्रधानमन्त्री मोदीले भनेका छन्, 'कैलाश मानसरोवर यात्रा फेरि सुरु भएको छ। दुई देशबिच सिधा उडान पनि सुरु गर्दै छौं।'

जिएसआईलाई समर्थन हुँदैन : कांग्रेस

सत्तारूढ दल कांग्रेसले प्रधानमन्त्री केपी ओलीद्वारा चिनियाँ नेतृत्वलाई ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआई)मा दिएको समर्थनलाई स्वीकार नगर्ने स्पष्ट पारेको छ। चिनियाँ विदेश मन्त्रालयले ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआई)को ढाँचामा नेपालले समर्थन गरेको दाबी गरेको अर्को दिन सत्तारूढ दल कांग्रेसको प्रतिक्रिया आएको हो।

'चीनसँगको वार्तामा भएको विस्तृत विषयमा मलाई जानकारी छैन। तर, यति कुरा स्पष्ट रूपमा भन्न सक्छु कि नेपाल कुनै पनि देशको सैन्य एवं सुरक्षा अवधारणा वा प्रस्तावलाई समर्थन गर्न वा त्यसमा सामेल हुन सक्दैन। नेपालले जसरी अमेरिकाको हिन्द प्रशान्त रणनीतिलाई समर्थन गरेन, त्यसैगरी चीनको जिएसआईलाई पनि समर्थन गर्न सक्दैन, त्यसमा सामेल भएर सहकार्य गर्ने त प्रश्नै हुँदैन,' महतले भने। राष्ट्रपति सीसँगको भेटवार्तापछि प्रधानमन्त्री ओलीलाई उद्धृत गर्दै चिनियाँ विदेश मन्त्रालयले भनेको थियो, 'चीनले प्रस्ताव गरेको तीन प्रमुख विश्वव्यापी पहलहरूलाई नेपाल समर्थन गर्दछ।' चीनले पछिल्लोपटक ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई), ग्लोबल सिभिलाइजेसनल इनिसिएटिभ (जिसिआई) र ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआई)को ढाँचामा देशहरूसँग सहकार्यको प्रस्ताव गरेको छ। यीमध्ये नेपालले जिडिआई र जिसिआईलाई समर्थन गरेको छ। तर, सुरक्षासँग सम्बन्धित विषयमा नेपाल प्रवेश नगर्ने यसअघिका सरकारहरूको धारणा थियो। तर, चिनियाँ विदेश मन्त्रालयका अनुसार ओलीले तीनै पहललाई समर्थन गरिदिएका छन्।

एस् जे वी एन् लोअर अरुण पॉवर डेभलपमेण्ट कम्पनी प्रा. लि.
S.J.V.N. Lower Arun Power Development Company Pvt. Ltd.
(एसजेवीएनको पूर्ण स्वामित्व भएको कम्पनी)
(A wholly owned subsidiary of SJVN)
669 मेगावाट लोअर अरुण जलविद्युत आयोजना
669 MW Lower Arun Hydro Power Project
Regd. No.: 313219/79/080
एसएलपीडीसी SLPDC

PRESS NOTICE

SJVN Lower Arun Power Development Company (Pvt. Ltd. (SLPDC) invites sealed Expression of Interest (EOI) from the eligible bidders/landowners/Applicants of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
EOI-02/2025	Expression of Interest for the purchase of private land towards the provision of land for land to Forest Deptt. i.r.o. Lower Arun HEP (669 MW)	31.08.2025	**Submission:** at (Tumlingtar Office) 21.09.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 21.09.2025 at 1600 Hrs.

Sealed EOI are to be submitted either by post/Courier or physically in the SLPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The EOI Document can be downloaded from websites: **https://slpdc.com.np & https://sjvn.nic.in**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
Lower Arun HEP, Tumlingtar.
Tel.: +977-29-575154
e-mail: pnc.slpdc@sjvn.nic.in

हैजा लागेर...

पृष्ठ १ बाट क्रमशः

उठाएकी थिइन्। सार्वजनिक अडियो संवादमा मन्त्री यादवले 'तपाईंसँग तथ्यांक छ हो ?' भनेको सुनिन्छ। त्यसपछि थप आक्रोशित बनेकी युवतीले 'तथ्यांक होइन, मेरो घरकै मान्छे आइसियूमा भर्ना छन, मन्त्रीजी। मैले छोड्दिनँ, मलाई डर लाग्दैन। मारी दिन्छु' भनेकी छिन्। यसैलाई लिएर मन्त्री यादवले उजुरी दिएका हुन्।

जनसरोकारका विषयमा किरणले मन्त्री यादवसँग जवाफदेहिता मागे पनि मन्त्रीको सचिवालयले किरणले फोनमा ज्यान मार्ने धम्की दिएको दाबी गर्दै प्रहरीमा उजुरी दिएको थियो। त्यही आधारमा प्रहरीले उनलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको प्रहरी नायब उपरीक्षक लम्सालले बताए।

त्यसपछि पनि किरणले 'तपाईंहरू वीरगन्जमा पानी दिँदा के जाँच गरेर दिनुभएको हो ?, यति धेरै मान्छे कसरी अस्पतालमा भर्ना भएका छन्, तपाईंहरू के गर्दै हुनुहुन्छ ?' भनेर सोधेकी छिन्। मन्त्री यादवले 'चेकजाँच हुँदै छ' भन्ने जवाफ दिन्छन। त्यसपछि आक्रोशित हुँदै किरणले भन्छिन-'हाम्रो घरका मान्छे १० दिनदेखि अस्पतालमा भर्ना भएका छन्। तपाईंहरू एसीमा मजा लिइराख्नुभएको छ, पिएहरू पनि मजा लिँदै छन्। यति मान्छे कसरी मरेको हो ? मन्त्री भएर तपाईं फोन उठाउनुहुँदैन' भनेर गुनासो गर्छिन्।

त्यसपछि मन्त्री यादवले पटक-पटक हप्काउँदै किरणलाई 'फोन राख्न' भन्छन्। तर, किरणले प्रश्न सोध्न नछाडेपछि आफै फोन काट्छन्।

स्वतन्त्र मानव अधिकार समाज विरगन्जका सभापति कृष्णकुमार खनालले किरणको बोलीमा शैली नमिलेको र यसलाई संवादबाटै टुंग्याउन सकिनेमा राजनीतिक आडमा मुद्दा बनाइएको प्रतिक्रिया दिए। 'किरणले खानेपानीमन्त्रीलाई फोनमा धम्क्याएको जस्तो सुनिए पनि नियतपूर्वक त्यस्तो गरेको देखिँदैन। महिला अलिकति संवेदनशील हुन्छन् नै, त्यही भएर आक्रोशमा किरणको बोल्ने शैली ठिक भएन भन्न सकिन्छ,' उनले भने, 'तर, यो घटनालाई राजनीतिक मुद्दा बनाइएकोजस्तो देखिन्छ। टिकटकमा नगरप्रमुखको विरोध गरेको प्रसंगसमेत जोडेर राजनीतिक रंग दिन खोजिएको छ। मन्त्रीजस्तो पदमा पुगेको व्यक्तिले यस्तो सामान्य विषयलाई ठुलो नबनाएको भए हुने थियो। प्रहरी प्रशासनले दुवै पक्षलाई बसाएर समाधान गर्ने वातावरण बनाउन सक्थ्यो। तर, सिधै मुद्दा दर्ता गरिएको छ। प्रहरीले राजनीतिक सत्ता र दबाबको आडमा कारबाही प्रक्रिया अगाडि बढाएको आभास हुन्छ।'

■ झाडापखाला र हैजाका बिरामी डिस्चार्ज हुने संख्या बढ्यो

वीरगन्जका अस्पतालमा उपचार गराइरहेका झाडापखाला र हैजाका बिरामी निको भएर घर फर्किनेको संख्या बढेको छ। जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार आइतबार साँझसम्म झाडापखाला र हैजा संक्रमण पुष्टि भएका गरी ८३२ जना बिरामी अस्पतालमा भर्ना भएका थिए। तीमध्ये अहिलेसम्म ७४६ जना निको भएर अस्पतालबाट डिस्चार्ज भएर फर्किसकेका छन्। यसमध्ये हैजाको संक्रमण पुष्टि भएका १३२ जना पनि निको भएर घर फर्किएको ठाकुरले बताए। हाल वीरगन्जका अस्पतालमा हैजा र झाडापखालाका ८६ जना बिरामी उपचाररत छन्। तीमध्ये हैजा पुष्टि भएकाको संख्या ४० छ। यसमध्ये आइतबार पाँचजनामा संक्रमण देखिएको हो। आइतबारसम्म नारायणी अस्पतालबाट ३९४ जना, वीरगन्ज हेल्थकेयर हस्पिटलबाट ८० जना, तराई हस्पिटलबाट ९१, नेसनल मेडिकल कलेजबाट ५२, प्रभु हस्पिटलबाट २८, एडभान्स मेडिकेयर हस्पिटलबाट २५ र सर्वोत्तम हस्पिटलबाट २३ जना निको भएर डिस्चार्ज भई फर्किएका छन्।

Road Division Pokhara

Invitation for Bids (IFB) No. IFB-082/83-05

Date of first publication: 2082-05-16 (1st September, 2025)

1. Road Division, Pokhara invites electronic bids from eligible domestic bidders for the construction works enlisted below:

S. N.	Contract No.	Name and Location of the Construction Work	AACT (NRs, millions)	Financial Resources (NRs., millions)	Bidding Capacity (NRs., millions)	Bid Security Amount (NRs)	Validity of Bid Security (Days)	Bid Document Fee (NRs)
1	RDPKR/ 33701169/082/83-24	Kahukhola Sikles Dudhpokhari Road, Madi-1, Kaski	39	16	24	700,000	120	5,000
2	RDPKR/ 33701169/082/83-25	Upgrading of Lumle Landruk Ghandruk Annapurna Chakrapath Road Kaski	39	16	24	700,000	120	5,000
3	RDPKR/ 33701169/082/83-26	Upgrading of Pokhara Metropolitan Ward No. 11 Fulbari Manipal Kahu Dharahara Main Road	39	16	24	700,000	120	5,000

2. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp**, as specified in the Bidding data sheet for provision of E-Bidding. Bidders should deposit the equivalent fee for bidding document in the Revenue Account within the date and time specified in the document. Bids submitted in hardcopy shall not be accepted.
3. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this division / PPMO's website.

Division Chief

दिल्लीमा बसेर नेपालीको मिर्गौंला तस्करी

प्रतिमिर्गौंला ६ लाखसम्ममा गरिन्थ्यो बिक्री, मुख्य नाइके श्यामकृष्ण भण्डारी पक्राउ

● एसएसपी **कृष्ण पंगेनी**, प्रमुख
मानव बेचबिखन अनुसन्धान ब्युरो



नेपाली नागरिकलाई विभिन्न प्रलोभन देखाउँदै भारतको दिल्ली लगेर मिर्गौंला बिक्री गर्ने गिरोहका मुख्य नाइके श्यामकृष्ण भण्डारी रहेको देखिन्छ। उनले सात वर्षदेखि यो धन्दा चलाउँदै आएका थिए। हामीलाई प्राप्त सूचनाअनुसार यिनीहरूले सयभन्दा धेरै नेपालीको मिर्गौंला बेचेको देखिन्छ। २५ जना नेपालीको मिर्गौंला बेचेको तथ्य त उसले हामीसँगको बयानमै स्वीकार गरेको छ।





भारतका विभिन्न अस्पतालमा लगेर मिर्गौंला झिकिएका पीडित नेपाली।

टेकराज थामी/नयाँ पत्रिका

नेपालबाट भारतको दिल्लीमा संगठित तवरले मिर्गौंला तस्करी गर्ने गिरोहका मुख्य नाइके पक्राउ परेका छन्। पक्राउ पर्नेमा सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका- ७ का ३८ वर्षीय श्यामकृष्ण भण्डारी छन्। उनको समूहले नेपालबाट मात्रै सयभन्दा धेरै नेपालीको भारतका विभिन्न सहरमा मिर्गौंला बेचेको तथ्य नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले खोलेको हो।

ब्युरोको टोलीले भण्डारीलाई भारतको दिल्लीबाट पक्राउ गरी नेपाल ल्याएको छ। उनीसँगै सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका- २ का २९ वर्षीय सुजन भारती पनि पक्राउ परेका छन्। उनी गिरोहका भण्डारीपछिका मुख्य नाइके हुन्। गत १९ साउनमा पक्राउ परेका काभ्रेको पाँचखाल नगरपालिका- १० का ३५ वर्षीय कुमार भनिने राजकुमार परियार, नुवाकोटको बेलकोटगढी नगरपालिका- ९ का २४ वर्षीय समीर नेपाली र वडा नम्बर ४ का ४७ वर्षीय राकेश नेपाली पनि भण्डारीकै समूहका सदस्य हुन्।

ब्युरो प्रमुख एसएसपी कृष्ण पंगेनीले भण्डारीले सात वर्षदेखि भारतको नयाँदिल्लीमा बसी नेपाली नागरिकको मिर्गौंला बेच्दै आएको बताए। २५ जनाभन्दा धेरै नेपालीको मिर्गौंला बेचेको तथ्य उनले प्रहरीको बयानमै स्वीकार गरेको उनको भनाइ छ। 'नेपाली नागरिकलाई विभिन्न प्रलोभन देखाउँदै भारतको दिल्ली लगेर मिर्गौंला बिक्री गर्ने गिरोहका मुख्य नाइके श्यामकृष्ण भण्डारी रहेको देखिन्छ। उनले सात वर्षदेखि यो धन्दा चलाउँदै आएका थिए। हामीलाई प्राप्त सूचनाअनुसार यिनीहरूले सयभन्दा धेरै नेपालीको मिर्गौंला बेचेको देखिन्छ। २५ जना नेपालीको मिर्गौंला बेचेको तथ्य त उसले हामीसँगको बयानमै स्वीकार गरेको छ,' उनले भने।

प्रहरीका अनुसार मिर्गौंला कारोबारकै लागि भण्डारीले दिल्लीबाट भारतीय आधार कार्ड लिएका छन्। भण्डारी भारतीय प्रहरीको पनि खोजीमा रहेको अभियुक्त हुन्। उनीविरुद्ध भारतीय प्रहरीले अनुसन्धान गरिरहेको ब्युरो प्रमुख एसएसपी पंगेनीले बताए। 'भण्डारीले भारतीय आधार कार्ड लिएको देखिन्छ। मिर्गौंला तस्करी गर्न उनले ठुलो गिरोह बनाएको पनि देखिन्छ। भण्डारी भारतीय प्रहरीको समेत अनुसन्धानको घेरा रहेका व्यक्ति हुन्। उनीविरुद्ध अहिले भारतीय प्रहरीले अनुसन्धान अघि बढाइसकेका सूचना प्राप्त गरेका छौं,' उनले भने।

प्रहरीका अनुसार भण्डारीले आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई आकर्षक रोजगारी मिलाइदिने प्रलोभनमा भारत पुऱ्याउँथे। महिना दिनसम्म होटेलमा राखी सत्कार गर्थे। सोही क्रममा मिर्गौंला बेच्न प्रेरित गर्थे। उनीहरूलाई सुरुमा प्रतिमिर्गौंला ६ लाख रुपैयाँ दिने प्रलोभन दिन्थे। नमाने ज्यान मार्ने धम्की दिन्थे। राजी भएपछि पीडितको आँखामा कालोपट्टी बाँधिदिन्थे। ट्याक्सीमा राखेर सहर घुमाउँदै अस्पताल पुऱ्याउँथे। इन्जेक्सन लगाई बेहोस पार्थे। मिर्गौंला झिकिदिन्थे। पाँच दिन अस्पताल राख्थे। घाउ सुकेपछि पुनः पीडितको आँखामा कलोपट्टी बाँधिदिन्थे। र, सहर घुमाएर होटेल पुऱ्याउँथे।

मिर्गौंला बेचेबापतको रकम माग्दा उनले एक लाखदेखि दुई लाख रुपैयाँ मात्रै दिने गरेको प्रहरीको भनाइ छ। बाँकी रकम भने अर्को ग्राहक खोजेपछि उपलब्ध गराइदिने भन्थे। उनीसँगै पक्राउ परेका २९ वर्षीय भारती सोहीमध्येका एक हुन्। उनले भण्डारीकै योजनामा चार वर्षअघि मिर्गौंला बेचेका थिए। त्यसबापत उनले सुरुमा एक लाख रुपैयाँ मात्रै प्राप्त गरेका थिए। प्रहरीका अनुसार बाँकी रकम उपलब्ध गराइदिने प्रलोभनमा भण्डारीले उनलाई थाहै नपाई गिरोहका सदस्य बनाएका थिए। तर, भण्डारीले आफ्नो भने मिर्गौंला बेचेका छैनन्।

'भण्डारीले अनेक प्रलोभनमा पारी पीडितलाई भारतको विभिन्न सहर लगेर ट्यापमा पारी मिर्गौंला बेच्न लगाउने गरेको पाइयो। कबुल गरेअनुसारको रकम भने नदिने, मिर्गौंला बेचेकालाई नै नयाँ ग्राहक खोज्न दबाब दिने र मिर्गौंला तस्करीमा संगठित गिरोह निर्माण गरेको अनुसन्धानबाट देखिन्छ,' ब्युरोका प्रवक्ता एसपी नरेन्द्र कुँवरले भने।

■ पाँचजना पीडितले दिए प्रहरीमा उजुरी

प्रहरीका अनुसार भण्डारी नेतृत्वको गिरोहविरुद्ध पाँचजना पीडितले ब्युरोमा जाहेरी दिइसकेका छन्। उनीहरू सबैलाई गिरोहका सदस्यले झुक्याएर भारतको विभिन्न सहर पुऱ्याएका थिए। मिर्गौंला बेचेपछि उनीहरूलाई विनारकम नेपाल ल्याएर छाडेका थिए। सोहीमध्येका एक थिए, सिन्धुलीका वीरबहादुर भुजेल। उनलाई गिरोहका राजकुमार परियार, समीर नेपाली र राकेश नेपालीले काठमाडौंको कोटेश्वरमा भेटाएर रोजगार उपलब्ध गराइदिने भन्दै भारतको चण्डीगढ पुऱ्याएका थिए। महिना दिनसम्म होटेलमा राखेपछि मिर्गौंला बेच्ने प्रस्ताव गरेका थिए। इन्कार गरेपछि उनीहरूले पीडितलाई चण्डीगढसम्म आएको सबै खर्च व्यहोर्न धम्की दिएका थिए। त्यसपछि पीडित मिर्गौंला बेच्न राजी भएका थिए।

तर, रकम भने नेपाल पुगेपछि मात्रै दिने भनेका थिए। सोही प्रलोभनमा नेपाल फर्किएका पीडितले कबुलेबमोजिमको रकम पाउन सकेका थिएनन्। कलंकीमा अलपत्र अवस्थामा फेला परेका उनले ब्युरोमा पुगी जाहेरी दिएका थिए। सोही जाहेरीका आधारमा ब्युरोले गिरोहका राजकुमार, समीर र राकेशलाई काठमाडौंका विभिन्न ठाउँबाट पक्राउ गरेको थियो। उनीहरूको बयानपछि गिरोहका मुख्य नाइके भण्डारी रहेको खुलेको थियो। त्यसपछि प्रहरीले भण्डारी पक्राउका लागि विशेष अपरेसन चलाएको थियो। करिब २५ दिनको अपरेसनपछि भण्डारीलाई पक्राउ गर्न सकिएको ब्युरो प्रमुख एसएसपी पंगेनीले बताए।

'मिर्गौंला झिकेपछि अलपत्र परेको एक पीडितको सम्बन्धमा समाचार सार्वजनिक भयो। प्रहरीले घटनाको अनुसन्धान अघि बढायो। नभन्दै तीनजना पक्राउ परे। उनीहरूको बयानपछि मुख्य नाइके भण्डारी रहेको र उनले भारतको दिल्लीमा बसेर च्याकेड चलाउने गरेको खुल्यो। यही क्रममा उनी कञ्चनपुरको गड्डाचौकी हुँदै नेपाल प्रवेश गरेको खुल्यो। सोही क्रममा उनलाई पक्राउ गरिएको हो,' उनले भने। गिरोहका नाइकेसहित पाँचजना पक्राउ परेपछि पीडित ब्युरोको सम्पर्कमा आउने र जाहेरी दिने क्रम बढेको प्रहरीको भनाइ छ। यही क्रममा अन्य चार पीडितले ब्युरोमा आएर जाहेरी दिएको प्रहरीले जानकारी दिएको छ। यस्ता पीडित अरू पनि रहेको र उनीहरू प्रहरीको सम्पर्कमा आउने क्रममा रहेको ब्युरोले जनाएको छ।

दाइजोको निहुँमा विवाहको दुई महिनामै दीपाले ज्यान गुमाइन्, पति र ससुरा पक्राउ

राजविराजमा **सौरभ यादव**

दुई महिनाअघि मात्र विवाह गरेकी सप्तरी महादेवा गाउँपालिका- १ सोनराकी २१ वर्षीया दीपाकुमारी यादवको शंकास्पद मृत्यु भएपछि प्रहरीले श्रीमान् र ससुरालाई पक्राउ गरेको छ। दाइजो नल्याएको भन्दै यातना दिएर हत्या गरेको भन्दै माइती पक्षले जाहेरी दिएपछि प्रहरीले उनका श्रीमान् २५ वर्षीय दीपककुमार यादव र ससुरा परशुरामलाई पक्राउ गरेको हो। डाक्नेश्वरी नगरपालिका- ४ भुतहीकी दीपाले दुई महिनाअघि मात्र दीपकसँग मागीविवाह गरेकी थिइन्।



दीपा यादव

'बिरामी परेको भनेर अस्पताल लगिएको रहेछ, तर अस्पताल पुऱ्याउनुअघि नै शनिबार दीपाको मृत्यु भइसकेको रहेछ। घटनाबारे प्रहरी र दीपाको माइती पक्षलाई जानकारी दिइएन,' सप्तरी प्रहरीका प्रवक्ता डिएसपी जितेन्द्रकुमार बस्नेतले भने, 'घाँटीमा निलडाम पनि देखिएको छ। माइती पक्षले कर्तव्य ज्यान मुद्दामा जाहेरी दिएपछि पति र ससुरालाई पक्राउ गरेका छौं।' सप्तरी जिल्ला अदालतबाट पाँच दिन म्याद थप गरेर दुवैजनामाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। 'मेरी भतिजीको शरीरमा लागेको चोटपटक हेर्दा हत्या गरेको स्पष्ट देखिन्छ, घटनाको सूक्ष्म रूपमा अनुसन्धान गरी दोषीलाई कारबाही हुनुपर्छ,' दीपाका ठुलोबुवा भगवतीप्रसाद यादवले जाहेरीमा भनेका छन्। शव पोस्टमार्टमका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको छ।

दाइजो नल्याएको भनेर यातना दिइएको माइती पक्षको आरोप

दीपक करार सेवामा सबओभरसियर हुन्। दीपकले दाइजो नल्याएको भन्दै दीपालाई यातना दिने गरेको र त्यही कारण मृत्यु भएको आरोप माइती पक्षले लगाएको छ। दीपक र उनका बुवाले गालीगलौज गर्दै थप दाइजो ल्याउन तनाव दिँदै आएको दीपाकी भाउजू सुजिता यादवले बताइन्। पछिल्लोपटक दीपकले शुक्रबार आफूलाई फोन गरेर धम्क्याउँदै दीपालाई लग्न भनेको उनले बताइन्। 'यो घरमा काम गर्दिनँ, सुतिरहेकी हुन्छ, म अर्को विवाह गर्छु, यसलाई लग, यसलाई अब राख्न सक्किँदैन,' दीपकको भनाइ उद्धृत गर्दै सुजिताले भनिन्। यति भन्दै दीपकले फोन काटेपछि पटक-पटक अबेर रातिसम्म फोन फर्काउँदा पनि कसैले फोन नउठाएको सुजिता बताउँछिन्।

त्यसपछि शनिबार सुजिताले दीपकलाई भिडियो कल गर्दा फोन उठाएपछि दीपालाई खोज्दा कोठको झ्यालबाट सुतेको देखाउँदै झ्यापै फोन काटे। तर, त्यसपछि सुजिताले पटक-पटक फोन गर्दा पनि दीपकले फोन उठाएन्।

त्यसपछि सोनराका लागि निस्किनै लाग्दा उनको छिमेक गाउँबाट आफन्तले गरेको फोनले दीपालाई अस्पताल ल्याएको कुरा जानकारीमा आएको उनले बताइन्। बिरामी परेको भन्दै पति दीपक र ससुरा परशुरामसहितकाले शनिबार दीपालाई गजेन्द्रनारायण सिंह अस्पताल राजविराज ल्याएका थिए। तर, उनको अस्पताल ल्याउनुअघि नै मृत्यु भइसकेको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. दिलीपकुमार साहले बताए।

दाइजोका लागि ससुरा र पतिले योजनाबद्ध ढंगले हत्या गरेको दीपाका ठुलोबुवा भगवतीप्रसाद यादवको आरोप छ। 'गत ४ असारमा धुमधामका साथ विवाह हुँदा सकेजति दाइजो दिएकै हो। तर, विवाहपछि पनि थप माग्दै थियो, भाइ सञ्जीवले वैदेशिक रोजगारीमा कमाएर त्यसवेला २५ लाख रुपैयाँ खर्च गरेको हो, थप दहेज दिन सक्ने अवस्था थिएन,' उनले भने, 'दीपा बिरामी परेको भए हामीलाई जानकारी गराउँथ्यो, उल्टै पटक-पटक फोन गर्दा पनि उठाएन।' योजनाबद्ध हत्या रहेको बताउँदै उनले आफूहरूलाई न्याय चाहिएको बताए।

डा. केसीले गेटामा सुरु गरे अनशन



धनगढी/ चिकित्सा शिक्षा अभियन्ता डा. गोविन्द केसीले कैलालीको गेटामा अनशन सुरु गरेका छन्। चिकित्सा क्षेत्र सुधारसम्बन्धी दुईवटासहित चारबुँदे माग गर्दै उनले आइतबारबाट गेटा अस्पतालमा अनशन थालेका हुन्। केसीले पहिलो बुँदामा प्रधानमन्त्री केपी ओली र चिकित्सा शिक्षा आयोगले निजी मेडिकलमा विद्यार्थी सिट संख्या बढाउने निर्णय फिर्ता लिनुपर्ने, गेटामा चिकित्सा शिक्षा विश्वविद्यालय सञ्चालनमा ल्याउनुपर्ने तथा विगतमा भएको सम्झौताअनुसार इलाम, उदयपुर र डडेल्धुरामा मेडिकल कलेज खोल्न सरकारसँग माग गरेका छन्। दोस्रो बुँदामा उनले स्वास्थ्य प्रतिष्ठान र विश्वविद्यालयका पदाधिकारी नियुक्ति मापदण्डसम्बन्धी ऐन पारित गर्न, मेडिकल शिक्षालाई गैरनाफामुखी बनाउन, सबै स्वास्थ्य संस्थामा दरबन्दी वृद्धि गर्न तथा आफूसँग विगतमा भएका सम्झौताहरू कार्यान्वयन गर्न पनि माग गरेका छन्।

भारत सरकारसँग कुरा गरेर अतिक्रमित नेपाली भूमि लिपुलेक फिर्ता ल्याउन केसीले सरकारसँग माग गरेका छन्। चौथो बुँदामा उनले युक्रेन र गाजामा भइरहेको नरसंहारकारी युद्ध तुरुन्त बन्द गर्न रुस र इजरायलसँग माग गरेका छन्। अनशन तीन दिनसम्म चल्ने उनले बताए।

३० लाखको भवन बनाउँदा २७ लाख भ्रष्टाचार

तीन जिशिअसहित १३ विरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौं/ ३० लाख रुपैयाँको बजेटमा दुई लाख ७२ हजार रुपैयाँबराबरको काम गरेर बाँकी बजेट भ्रष्टाचार गरेको आरोपमा १३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। जिल्ला शिक्षा कार्यालय, खोटाडका तत्कालीन तीन जिल्ला शिक्षा अधिकारीसहितका व्यक्तिविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

तत्कालीन जिशिअहरू डा. गणेशप्रसाद भट्टराई, केशवप्रसाद दाहाल र ज्ञानमणि नेपालविरुद्ध मुद्दा दायर भएको हो। नेपालविरुद्ध यसअघि पनि अख्तियारले अर्को मुद्दा दायर गरिसकेको छ।

हलेसी तुवाचुङ नगरपालिका- ४ स्थित लक्ष्मी माध्यमिक विद्यालयको भवन बनाउन भनेर जिल्ला शिक्षा कार्यालयबाट २४ लाख



विनियोजन भएको थियो। बाँकी ६ लाख विद्यालयबाट व्यहोर्ने गरी ०७१/७२ मा सम्झौता भएको थियो। तर, फिल्डमा भने दुई लाख ७२ हजार ३२८ रुपैयाँ मात्रको काम गरी जिल्ला शिक्षा तथा विद्यालयका अधिकारीले भ्रष्टाचार गरेको अख्तियारको अभियोग छ। ३० लाख रुपैयाँकै भवन बनेको भनेर कागजी प्रतिवेदन बनाई सामान्य संरचना बनाएर उनीहरूले रकम हिनामिना गरेका हुन्।

आयोगले जिल्ला शिक्षा कार्यालयका भुवनकुमार आचार्य, लेखापाल सुरेशकुमार श्रेष्ठ, सबइन्जिनियर शिवराज राई, विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्षहरू पृथ्वी दाहाल, शेषकुमार पौडेल, तत्कालीन प्रधानाध्यापकहरू राजेन्द्रप्रसाद दाहाल, ऋषिराम पोखरेल र नयनकुमार राईलाई प्रतिवादी बनाएको छ। विद्यालयकी लेखापाल सीता कार्की, भवन निर्माण गर्ने जिम्मेवारी पाएका अर्जुन तामाङविरुद्ध पनि मुद्दा दायर भएको छ।

■ उत्तराखण्डको रुद्रप्रयागमा बाढीपहिरो

सल्यानका बाबुछोरासहित तीनजना बेपत्ता

सल्यानमा **दीपक शर्मा**

भारतको उत्तराखण्ड रुद्रप्रयाग जिल्लाको पूर्वी बागर छेनागाडमा आएको बाढीपहिरोमा सल्यानको वनगाड कुपिन्डे नगरपालिकाका एकैघरका बाबुछोरासहित तीनजना बेपत्ता भएका छन्। बेपत्ता हुनेमा वनगाड कुपिन्डे नगरपालिका- ६ कालागाउँका ४९ का शरद आग्री र उनका २४ वर्षका छोरा दीपक विक छन्। यस्तै, वडा नम्बर ५ राउचका ६९ वर्षका भीमबहादुर बुढा पनि बेपत्ता भएका छन्। उनीहरू गत १६ साउनमा घरबाट भारत गएका थिए। चार दिनसम्म पनि कुनै सम्पर्कमा नआएपछि आफ्नो परिवार आफूहरू खोजीकार्यका लागि भारततिर हिँडेको भाइ दुर्गा आग्रीले बताए। १२ भदौ राति भारतको छेनागाडमा अतिवृष्टिका कारण बाढीपहिरो जाँदा जनजीवन अस्तव्यस्त भएको छ। खासगरी छेनागाडको एउटा गाउँमा ठुलो क्षति भएको छ। शुक्रबार बिहानै मुसलधारे वर्षासँगै पहाडबाट लेदोसहितको बाढीले आठजनालाई बेपत्ता बनाएको छ। १५ भन्दा धेरै घर र पसल बगाएको छ। जसमा चारजना नेपाली र एक वनकर्मी रहेको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन्।

भूमि विधेयकविरुद्ध जसपाको प्रदर्शन

महोत्तरी/ जनता समाजवादी पार्टी नेपालले भूमि विधेयकविरुद्ध प्रदर्शन गरेको छ। जसपा नेपाल महोत्तरीका अध्यक्ष रामनरेश रायको अध्यक्षतामा प्रदर्शन गरिएको हो। भूमि र वन बचाऊ, मधेश मरुभूमीकरण हुनबाट जोगाऊ भन्ने नारासहित निकालिएको च्यालीमा जसपाका वरिष्ठ नेताहरूसहित जिल्ला तथा स्थानीय तहसम्मका नेता तथा कार्यकर्ता सहभागी थिए।

उपेन्द्र यादवलाई झुटो मुद्दामा अल्झाएर मधेश र मधेशीको भूमि विधेयकको माध्यमले जग्गा कब्जा गरी मधेशबाट मधेशीलाई लखेट्न वर्तमान सरकारले षड्यन्त्र गरिरहेको बताउँदै सरकार नसुध्रिए मधेशमा पुनः ठुलो जनविद्रोह हुने उनीहरूले चेतावनी दिए। यस्तै, उपेन्द्र यादवमाथि गौर हत्याकाण्डमा अनुसन्धान गर्न अदालतको आदेशपछि जसपाले देशैभर प्रदर्शन गर्दै आएको छ।

■ बानेश्वरमा एकीकृत समाजवादीका नेताहरूको भेला

माओवादीसँग तत्काल एकता सम्भव छैन

नयाँ पत्रिका

माओवादी र एकीकृत समाजवादीका शीर्ष नेताबिच एकताको विषयमा छलफल चलिरहेका वेला एकीकृत समाजवादीका ५० केन्द्रीय सदस्यले तत्काल एकता सम्भव नभएको प्रारम्भिक निष्कर्ष निकालेका छन्। आगामी केन्द्रीय कमिटी बैठकको तयारीका लागि भन्दै बानेश्वरमा संयुक्त छलफलमा जुटेका उनीहरूले पार्टीमा आधिकारिक छलफलसमेत नगरी एकता प्रक्रिया अघि बढाएकोमा असन्तुष्टि जनाएका छन्।

केन्द्रीय समिति बैठकको पूर्वसन्ध्यामा साझा धारणा तय गर्न छलफल प्रारम्भ भएको एक केन्द्रीय सदस्यले बताए। सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसाल पक्षका नेताहरूले छलफल गरे पनि दुवै नेताको सचिवालयले भने अनभिज्ञता प्रकट गरेका छन्। खनाल आइतबार राजधानीमै थिए भने भुसाल विदेशमा छन्।

'केन्द्रीय समिति बैठकमा उठाउने विषयबारे सामान्य छलफल भयो। सिंगो वामपन्थी आन्दोलनमा देखापरेको समस्या, पार्टीभित्रै देखापरेका समस्यालगायत विषयमा साझा धारणा बनाएर जान्छौं। आज प्रारम्भिक छलफल भयो। फेरि थप छलफल हुन्छ,' छलफलमा सहभागी एक नेताले नयाँ पत्रिकासँग भने, 'समग्र वाम आन्दोलन संकटमा छ। वाम आन्दोलनलाई एकत्रित गर्ने सवालमा हाल एउटा पार्टीसँग मात्र एकता गर्ने महत्त्वपूर्ण कुरा होइन। अहिले हाम्रो पार्टी नेतृत्वमाथि प्रश्न उठेको छ। त्यो समस्या सुल्झाएर मात्र वाम एकता र ध्रुवीकरणको पहलकदमी लिनुपर्छ।'

छलफलमा नेताहरू जीवनराम श्रेष्ठ, रामकुमारी झाँक्री, विजय पौडेल, हरि पराजुली, धर्म निरौला, केदार सञ्जेल, प्रेमल खनाल, प्रमोद शर्मा, लक्ष्मण लम्साल, नरेश शाही, हिरेन्द्र शाही, दामोदर अर्याल, अशेष घिमिरे, विजय गुरुङ, सुवास खतिवडा, दीपक पौडेल, गोपाल बराल, सीता ओझा, सीमा रिजाल, सुशील भट्टराईलगायत ५१ जना नेता सहभागी थिए।

केन्द्रमा संस्थागत निर्णय नगरी प्रदेशमा एकताका लागि राय माग्ने काम भएको र सीमित नेतासँग मात्र राय मागिएको गुनासो केन्द्रीय सदस्यहरूको छ। 'माओवादीसँग एकताका लागि भन्दै प्रदेशगत रूपमा राय माग्ने काम भयो। केन्द्रीय सदस्यलाई थाहा छैन। पार्टीले संस्थागत निर्णय नगरी एकताको हल्ला चलाइएको छ। यी सबै विषय केन्द्रीय समिति बैठकमा उठाउँछौं,' ती नेताले भने। अध्यक्षमाथि भ्रष्टाचार मुद्दा लाग्दा पनि केन्द्रीय समिति बैठक बोलाउन ढिलाइ गरिएको भन्दै सहभागी केन्द्रीय सदस्यहरूले असन्तुष्टि जनाएका छन्। 'अध्यक्षले मुद्दा लागेको तीन महिनासम्म केन्द्रीय कमिटी बैठक बोलाउनुभएन। तीन महिनापछि भदौ अन्तिममा बैठक बस्दै छ।

अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

यस **Great Wall Electric Vehicle Pvt Ltd** कम्पनीले **China** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

S.N	PRODUCT	TYPE	BRAND	MODEL	ORIGIN	UNIT	UNIT PRICE	MRP
1	Electric tricycle with all parts and accessories in CKD condition	Tricycle	N/M	G.W -A3	CHINA	40	162500	162500
2	Electric tricycle with all parts and accessories in CKD condition	Tricycle	N/M	G.W -B1	CHINA	40	197200	197200

GREAT WALL ELECTRIC VEHICLE PVT LTD | Address : Bharatpur-5
Phone : **9801000929**, Vat no. : **606544526**

एसजेवीएन अरूण-3 पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

PRESS NOTICE

SJVN Arun 3 Power Development Company Pvt. Ltd. (SAPDC) invites sealed Expression of Interest (EOI) from the eligible bidders/land owners/Applicants of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
EOI-03/2025	Expression of Interest for the purchase of private land towards the provision of land for land to forest deptt. i.r.o. 400 kv Transmission line of Arun-3 HEP (900 MW)	01.09.2025	**Submission:** at (Tumlingtar Office) 21.09.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 21.09.2025 at 1600 Hrs.

Sealed EOI are to be submitted either by post/Courier or physically in the SAPDC office at Tumlingtar, Distt. Sankhuwasabha, Nepal. The EOI Document can be downloaded from websites: **https://sapdc.com.np & https://sjvn.nic.in**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
Arun-3 HEP,Tumlingtar.
Tel.: +977-29-575154
e-mail: **pnc.sapdc@sjvn.nic.in**

नेपालका लागि सांघाई सहयोग संगठनको उपादेयता

नेपालको जलस्रोत, पर्यटन, खनिज तथा प्राकृतिक संसाधनको पूर्ण उपयोग गर्न एससिओ सदस्य राष्ट्रको सहयोग अत्यन्त महत्त्वपूर्ण हुन सक्छ




● डा. कृष्णबहादुर केसी

अग्रलेख

प्रधानमन्त्री केपी ओली यतिखेर सांघाई सहयोग संगठन (एससिओ)को बैठकमा भाग लिने सन्दर्भमा चिनियाँ सहर तियाचिनमा छन् । सांघाई सहयोग संगठन (एससिओ) राजनीतिक, आर्थिक र सैनिक मामिलासम्बन्धी क्षेत्रीय संगठन सांघाई को-अपरेसन अर्गनाइजेसन एससिओको क्षेत्रीय स्थिरतालाई प्रवर्द्धन गर्ने उद्देश्यले सन् २००१ मा स्थापना भएको थियो । यस संगठनमा चीन र भारतसहित १० देश सदस्य छन् । नेपाल यस संगठनको 'डायलग पार्टनर' अर्थात् संवाद साझेदार सदस्य राष्ट्र हो । सन् २०१६ मा एससिओको 'डायलग पार्टनर' बनेको नेपालले हालसम्म पूर्ण सदस्यता प्राप्त गर्न सकेको छैन । सांघाई सहयोग संगठनको सदस्य हुनका लागि 'डायलग पार्टनर'बाट पर्यवेक्षकको हैसियतमा उक्लिएपछि मात्रै सदस्यताका लागि बाटो खुल्ने प्रावधान रहेको छ । स्थापनाकालमा 'सांघाई फाइभ' नामले चिनिने यो संगठनको प्रमुख उद्देश्य आतंकवाद नियन्त्रण थियो । तर, बदलिँदो अन्तर्राष्ट्रिय राजनीतिक परिस्थिति र आवश्यकताअनुसार एससिओले आर्थिक, सुरक्षा, स्वास्थ्य, पर्यटनसहित धेरै विषयमा सहकार्य गर्दै आएको छ । चीनको राजधानी बेइजिङमा प्रधान कार्यालय रहेको एससिओ संसारकै सबैभन्दा ठुलो क्षेत्रीय संगठन मानिन्छ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्का दुई स्थायी सदस्य तथा परमाणु शक्ति राष्ट्रहरू चीन, रुसका साथमा भारत र पाकिस्तानले पनि यसै संगठनमा रहेर कतिपय मतभेदबिच सहकार्य गर्दै आइरहेका छन् । यस संगठनमा आबद्ध सदस्य राष्ट्रहरूको बैठक हरेक वर्ष आयोजना गरिन्छ । यसको अध्यक्षता सदस्य राष्ट्रहरूले हरेक वर्ष पालैपालो गर्छन् । बैठकमा सदस्य राष्ट्रहरूले बहुपक्षीय मुद्दा तथा अन्तर्राष्ट्रिय स्थितिमाथि छलफल गर्छन् ।

एससिओको उद्देश्य : एससिओ स्थापनाकालको मुख्य उद्देश्य आतंकवाद, पृथक्तावाद र अतिवादविरुद्ध लड्नु थियो । उल्लिखित उद्देश्यका अतिरिक्त अन्य अन्तर्राष्ट्रिय महत्त्वका विषयमा समेत एससिओमा आबद्ध राष्ट्रहरूले छलफल गर्ने गर्दछन् । जसका कारण यस संगठनले सदस्य राष्ट्रहरूबिच मित्रता विस्तार तथा व्यापार र सुरक्षाजस्ता क्षेत्रमा सहकार्यलाई प्रोत्साहन गर्ने लक्ष्य बनाएका छन् । विश्वको दोस्रो ठुलो अर्थतन्त्र चीन, रुस र पाचौँ ठुलो अर्थतन्त्र भारतलगायत पछिल्लो समय तीव्र रूपमा आर्थिक समृद्धि हासिल गरेका मध्य-एसियाली देश यस संगठनका सदस्य छन् । चीन र रुसजस्ता राष्ट्रको प्रभाव रहेका कारणले पनि पश्चिमा देशहरू एससिओप्रति बढी सशंकित देखिन्छन् ।

नेपालका लागि एससिओको महत्त्व : विकास र समृद्धिको तीव्र चाहनाबिच अगाडि बढिरहेको नेपालजस्तो देशका लागि अन्तर्राष्ट्रिय सम्बन्ध भाइचारा र सहयोग अति महत्त्वपूर्ण रहँदै आएको छ । यसका लागि नेपालले अन्तर्राष्ट्रिय दातृ निकाय र मित्रराष्ट्रहरूको सहयोग लिँदै आएको छ । एससिओका माध्यमबाट नेपालले आफ्नो विकास र समृद्धिका लागि यस संगठनमा आबद्ध दुई निकट छिमेकी देश चीन र भारत तथा विशाल रुसलगायत मित्रराष्ट्रहरूसँगको मित्रता र विश्वासलाई थप बलियो बनाई उनीहरूलाई नेपालको विकासमा सरिक गराउन सक्छ । नेपालको महत्त्वपूर्ण जलस्रोत, पर्यटन, खनिज तथा प्राकृतिक संसाधनको पूर्ण उपयोग गर्न एससिओको सहयोग अत्यन्त महत्त्वपूर्ण हुन सक्दछ । २२ मार्च, २०१६ मा औपचारिक हस्ताक्षर गरी नेपाल एससिओको डायलग पार्टनर भएको हो । तत्कालीन परराष्ट्रसचिव शंकरदास वैरागीले एससिओ मुख्यालय बेइजिङमा हस्ताक्षर गरेका थिए । सो हस्ताक्षरमा एससिओमा नेपालको सहभागिता व्यापार, पारवहन र लगानी, ऊर्जा, कृषि, साना तथा मझौला व्यवसाय, सुरक्षासम्बन्धी मुद्दा, कानुनी तथा भन्सार मामिला, यातायात तथा सञ्चार, विज्ञान तथा प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटन, संस्कृति तथा प्रकोपसम्बन्धी क्षेत्रमा रहने उल्लेख छ । जसका कारण नेपालका लागि एससिओ महत्त्वपूर्ण हुन सक्छ । एससिओ नेपालको राष्ट्रिय स्वाधीनता, सुरक्षा, रणनीतिक, आर्थिक तथा भूराजनीतिक हितका लागि समेत महत्त्वपूर्ण हुन सक्छ । भारत-चीन र भारत-पाकिस्तानबिचको प्रतिद्वन्द्विताका कारण वेलाबखत नेपाललाई असर पर्दै आएको छ । भारत-पाकिस्तानबिचको प्रतिद्वन्द्विताका कारण सार्क कोमामा पुगिसकेको छ । तर, भारत र पाकिस्तानको द्वन्द्वका बाबजुद पनि एससिओको बैठक भने निरन्तर आयोजना भइरहेको छ । सार्कमा एकअर्काको मुखसमेत हेर्न नचाहने भारत र पाकिस्तान एससिओमा भने सहकार्य गर्दै अघि बढिरहेका छन् । एससिओको बैठकमा भारत र पाकिस्तान सँगै छलफलमा बस्छन्, तर तिनै राष्ट्रहरू सार्क बैठकमा सँगै बस्न चाहँदैनन् । सार्कमा आफ्नो हैकम देखाउने भारत एससिओमा रुस र चीनजस्ता शक्ति राष्ट्रसामु कमजोर देखिन्छ । भारतको भूमिकाले एससिओको बैठक प्रभावित हुन सक्दैन ऊ नभए पनि एससिओको बैठक हुन्छ । यो यथार्थ बुझ्केा नेपालले सार्कको अध्यक्ष राष्ट्रको हैसियतले एससिओमार्फत सार्कलाई गतिशील बनाउन



भूमिका खेल्न सक्छ । यसैगरी चीनको अन्तर्राष्ट्रिय विकास परियोजना बिआरआईको सदस्य राष्ट्रका हैसियतले यसको नेपालमा प्रभावकारी कार्यान्वयनका लागि भारत र चीनबिच विश्वासको वातावरण बलियो बनाउन एससिओमार्फत नेपालले प्रभावकारी भूमिका खेल्न सक्छ । यस बैठकमा सहभागी भएर प्रधानमन्त्री ओलीले एससिओ सदस्य राष्ट्रका सरकार प्रमुखसँग औपचारिक तथा अनौपचारिक भेटवार्ता गरी नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई थप बलियो र मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् ।

> एससिओका माध्यमबाट नेपालले आफ्नो विकास र समृद्धिका लागि यस संगठनमा आबद्ध दुई निकट छिमेकी देश चीन र भारत तथा विशाल रुसलगायत मित्रराष्ट्रहरूसँगको मित्रता र विश्वासलाई थप बलियो बनाई उनीहरूलाई नेपालको विकासमा सरिक गराउन सक्छ

लिम्पियाधुरा विवाद र एससिओ : नेपालको अभिन्न भूभाग 'लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र पुनः एकपटक विवादमा आएको छ । चिनियाँ विदेशमन्त्रीको भारत भ्रमणको अवसरमा नेपाललाई जानकारी नै नदिई भारत र चीनबिच लिपुलेक हुँदै व्यापार गर्ने सम्झौता भएको छ । त्यसो त १४ मे, २०१५ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले चीन भ्रमण गरेका वेला लिपुलेक नाकाबाट द्विदेशीय व्यापार गर्न चीन र भारतले नेपाललाई जानकारी नै नदिई सहमति गरेका थिए । यस सहमतिविरुद्ध तत्कालीन प्रधानमन्त्री सशील कोइराला नेतृत्वको सरकारले दुवै देशलाई कूटनीतिक नोटमार्फत विरोध जनाएको थियो । भारतले नोभेम्बर २०१९ मा नयाँ नक्सा प्रकाशित गरी नेपाली भूभागलाई लिम्पियाधुरासहित पूर्वका कालापानी र लिपुलेक क्षेत्रलाई भारतीय सीमाभित्र राखेपछि नेपालले त्यसको तीव्र विरोध जनायो, तर भारतले त्यसलाई बेवास्ता गरेपछि जेठ २०७७ मा केपी ओली नेतृत्वको सरकारले संसद्बाट सर्वसम्मत रूपमा 'लिम्पियाधुरा, लिपुलेक र कालापानी भूभाग नेपालमा देखिने गरी नयाँ नक्सा जारी गरेको थियो । नेपाल र भारतबिचको बिचको सीमा विवादबारे जानकार उत्तरी छिमेकी चीनले २०२३ मा नक्सा जारी गर्दा लिपुलेक, कालापानी र लिम्पियाधुरालाई उक्त नक्सामा भारतपट्टि देखाएको थियो ।

चीनको उक्त कार्यको नेपालले तीव्र विरोध जनायो । तर, नेपालको विरोधका बाबजुद चीन मूकदर्शक भएर बस्यो । नेपालले अभिन्न भूभागको दाबी गर्दै आएको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा विगत ६ दशकदेखि सीमा विवाद कायम छ । यस विषयलाई नेपालले कूटनीतिक माध्यमबाट समाधान गर्न प्रतिबद्धता जनाउँदै आएको छ । प्रधानमन्त्रीको अहिलेको चीन भ्रमणमा नेपालका तर्फबाट औपचारिक रूपमा प्रधानमन्त्री ओलीले यस विषयमा नेपालको अडान चीन-भारत सहमतिप्रति आपत्ति जनाइसकेका छन् । चीन भ्रमणमा रहेका प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपती सी जिनपिङलाई १४ भदौमा भेटी चीन र भारतले नेपाली भूमि लिपुलेक मार्ग हुँदै व्यापार गर्ने सहमति नेपाली राष्ट्रियता र सार्वभौमिकतामाथिको हस्तक्षेप भएको र १८१६ को सुगौली सन्धिअनुसार लिपुलेक कालापानी क्षेत्र नेपालको अखण्ड भूभाग भएकाले चीनले भारतसँग गरेको सहमति सच्याउनुपर्ने स्पष्ट अडान राखेका छन् । अब त्यही अडान आसन्न भारत भ्रमणमा पनि दोहोरिन जरुरी छ ।

इतिहासको जिम्मेवारी केपी ओलीको काँधमा : पुराना शासकहरूले गरेका आत्मसमर्पण र राष्ट्रघातबाट देश र जनताले भोग्नुपरेको अपमान र पीडाबाट मुक्त गर्ने जिम्मेवारी इतिहासले देशभक्तहरूको काँधमा सुम्पेको हुन्छ । यतिवेला मुलुकलाई दूरदृष्टि, 'एक्सन ओरियन्टेड' देशभक्त नेतृत्वको खाँचो छ । संयोगले प्रधानमन्त्री ओलीलाई इतिहासले त्यो जिम्मेवारी सुम्पेको छ । प्रधानमन्त्री ओलीले सी जिनपिङ तथा नरेन्द्र मोदीसँग आँखा जुधाएर नेपालको राष्ट्रिय स्वाधीनताका लागि उनीहरूकै हैसियतमा रहेर कूटनीतिक सुझबुझ र चातुर्य प्रदर्शन गरेर तिनको मिचाहा प्रवृत्तिविरुद्ध आफ्नो कूटनीतिक क्षमता देखाउने अवसर पाएका छन् ।

विगतमा पहिलोपटक प्रधानमन्त्री हुँदा देशभित्र मधेशमा आन्दोलनको आगो बलिरहेको थियो भने अर्कातिर भारतीय नाकाबन्दीका प्रतिकूल समयमा विचलित नभई ओलीले एउटा देशभक्तिपूर्ण अडानसहित राष्ट्रवादी नेताको भूमिका निर्वाह गरेका थिए । ओलीले कोरोनाले थलिएको र भूकम्पले क्षतविक्षत बनाएको देशलाई साहसका साथ उठाउने काम गरे । भूराजनीतिक दबाबबिच उत्तरी छिमेकी चीनसँग पारवहन सम्झौता गरी, नेपाललाई भूपरिवेष्टित राष्ट्रबाट भूजडित राष्ट्र बनाए । चीनबाट पेट्रोलियम पदार्थ ढुवानीको सुरुवात गरे । चिनियाँ रेल नेपाल ल्याउन डिपिआर बनाउँदै उत्तर जोड्ने विभिन्न करिडोर र सडक निर्माणमा जोड दिए । उनले नेपालको नक्सामा कालापानी, लिपुलेक समेटेर 'चुच्चे नक्सा' संसद्बाटै सर्वसम्मत रूपमा अनुमोदन गराई संविधान संशोधन गरी त्यसको अंग बनाए । भूगोलको हिसाबले राष्ट्र ठुलो वा सानो हुन सक्छ, तर सार्वभौमिकताको हैसियतमा सबै राष्ट्र समान हुन्छन् भन्ने मानक स्थापित गराए । विगतमा केपी ओलीले राष्ट्रियताका लागि लिएका अडान र गरेका योगदानको नेपाली जनता र इतिहासले उच्च मूल्यांकन गरेको छ ।

नेपाली भूमिमा विदेशी बुट बज्रिरहेको अवस्थामा संयोगले ओली प्रधानमन्त्रीको जिम्मेवारीमा छन् । नेपालको भूगोल र सार्वभौमिकता रक्षा गर्ने जिम्मेवारी इतिहासले पुनः ओलीकै काँधमा सुम्पेको छ । चीनका राष्ट्रपतिसँग प्राधानमन्त्री ओलीले राखेको राष्ट्रिय अडानले यस तथ्यलाई पुष्टि गरेको छ ।

(डा. केसी एमाले केन्द्रीय सदस्य हुन्)

३ प्रश्न

स्वास्थ्य मन्त्रालयका सचिव **डा. विकास देवकोटा**लाई



स्वास्थ्य बिमामाथि किन प्रश्नैप्रश्न उठिरहेका होलान् ?

बिरामीले पाउनुपर्ने सुविधा थैली अर्थात् बिमा 'प्याकेज'बारे 'रिभाइज' गर्नुपर्ने अवस्था छ । यसमा प्रविधिको उच्चतम प्रयोग गरी 'रियल टाइम रिभ्यु' गर्न अनलाइन प्रणालीमै परिष्कृत गरी प्याकेजअनुसार नै 'इन्ट्री' गर्ने व्यवस्था मिलाउनुपर्छ । स्वास्थ्य संस्थाहरूलाई दिने भुक्तानीमा पनि समस्या छ । फरफारक गर्नमा 'डिले' भइरहेको साँचो हो । बिमाको जम्मा १६-१७ अर्ब बक्यौता छ । यस आर्थिक वर्षको १० अर्ब मौज्दात छ । त्यही मात्र पठाउन सके पनि सहज हुने थियो । बिमाको 'कभरेज' बढाउनु पनि जरुरी छ । खासगरी संगठित औपचारिक क्षेत्रमा संलग्नलाई मात्र अनिवार्य रूपमा यसमा समावेश गराउन सकिएमा सजिलो हुने थियो । स्वास्थ्य बिमामा संलग्नमध्ये कम्तीमा ५० प्रतिशतले सेवा लिने गरेको देखिन्छ । त्यसैले, स्वास्थ्य बिमामा घाटा देखिए पनि यसबाट नागरिकप्रति राज्यको दायित्व पूरा भइरहेको पनि हुन्छ । त्यसैले, यसलाई भार मात्र सम्झेर हुँदैन ।

देशकै ठुलो सरकारी अस्पताल वीरको सेवा प्रवाहबारे पनि अनेक गुनासा सुनिन्छन् नि ?

वीर अस्पताल देशभरको समग्र स्वास्थ्य क्षेत्रकै ऐना हो । यहाँ सबैभन्दा बढी विशिष्टीकृत सेवा उपलब्ध हुन्छ । बिरामीको चाप पनि यहाँ अन्यत्रभन्दा बढी छ । संघीय राजधानीको मुटुमै भएको हुनाले यहाँ 'स्पेस' केही साँघुरो छ । व्यवस्थापन चुस्तदुरुस्त हुनुपर्छ । सफासुग्घर छैन, ढिलासुस्ती छ भन्ने खालका गुनासा बढी आइरहेका हुन्छन् । वीरको गुणस्तरमा खासै समस्या छैन । आन्तरिक व्यवस्थापनमा भने पर्याप्त सुधारको खाँचो छ ।

हामीकहाँ सर्वसाधारणका गुनासा कति सम्बोधन गरिन्छन् ?

हामीकहाँ आएका गुनासाको तत्काल सुनुवाइ गर्ने संयन्त्र नै छ । गुनासा सुन्ने अधिकारीमार्फत सम्बन्धित क्षेत्रलाई तत्काल सुधार्न निर्देशन दिने गर्छौं । हामीकहाँ पत्र, इमेल, फोनलगायत विभिन्न माध्यमबाट गुनासा आउँछन् र तिनको सम्बोधन पनि हुन्छ ।

प्रेरक प्रसंग

भोको पेटमा धर्मोपदेश

एकपटक महात्मा बुद्ध आफ्नै आश्रममा बसेर आफ्ना शिष्य तथा दर्शनार्थीहरूलाई प्रवचन दिँदै थिए । उनका आश्रममा सयौं शिष्य थिए । त्यसैगरी, उनको दर्शनका लागि त्यहाँ उपस्थित दर्शनार्थीको पनि संख्या कम थिएन । बुद्धले आफ्नो प्रवचन टुंग्याएपछि सबै बिस्तारै त्यहाँबाट बिदा भए ।

उनका शिष्यहरू पनि आ-आफ्नो वासस्थानतिर लागे । तीमध्ये एकजना शिष्य उनको अगाडि गए र भने, आज मैले बाटामा एउटा भिखारीलाई भेटेँ । उसलाई आफूनजिक बोलाएर धेरै बेरसम्म उसलाई धर्मको शिक्षा दिएँ, प्रेरक उपदेश दिएँ । तर, त्यस मूर्खले त मेरो कुरामा पटक्कै ध्यान दिएन ।'



शिष्यको कुरा सुनेर बुद्ध मुसुक्क मुस्कुराए । उनले ती शिष्यलाई सो भिखारीलाई बोलाएर आश्रममा ल्याउन अह्राए । ती शिष्यले दौडँदै गएर गाउँमा ती भिखारीको खोजी गरे । एकैछिनमा उनले ती भिखारीलाई भेटे । त्यसपछि उनी ती भिखारीलाई लिएर बुद्धको आश्रममा उपस्थित भए । भिखारी अत्यन्त दीनहीन अवस्थामा थिए । बुद्धले उनलाई देखे । बुद्धले ती भिखारीलाई पेटभरि खाना खुवाए र कुनै प्रवचन वा धर्मोपदेश नगरी उनलाई प्रेमपूर्वक बिदा गरे ।

बुद्धको यस्तो कार्य देख्दा उनका शिष्य आश्चर्यमा परे । उनले अचम्म मान्दै सोधे, तपाईंले त उसलाई कुनै उपदेश नै दिनुभएन । उसलाई यसरी विनाकुनै उपदेश किन जान दिनुभयो ? उसलाई यसो धर्मोपदेश दिनुभएको राम्रो हुन्थ्यो नि !' शिष्यको जिज्ञासा सुनेपछि मन्द मुस्कान छर्दै बुद्धले भने, 'आज उसका लागि खाना नै एउटा अमूल्य उपदेश थियो । किनकि, उसलाई प्रवचनभन्दा बढी खानाको आवश्यकता थियो । भोको पेट लिएर कसैले पनि उपदेश वा धर्मोपदेशको अर्थ बुझ्न सक्दैन । त्यसैले आज उसका लागि यो नै साँचो उपदेश हो ।'

यो सुनेर उनका शिष्यको शिर निहुरियो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जनतामुखी कार्यक्रम अघि बढाइनुपर्छ

अहिले देशमा संघीयता लागू भएर कार्यान्वयन भइरहेको अवस्था छ । यसरी कार्यान्वयन गर्दा स्थानीय तहले जनताका आधारभूत आवश्यकता पूरा गर्नेतर्फ पहिलो प्राथमिकता दिइनु जरुरी हुन्छ । यसरी प्राथमिकताका आधारमा कार्यक्रम अघि बढाउँदा जनतामा आशा-भरोसाको बीजारोपण हुन पुग्छ । दोस्रो कुरा, जनताले आफ्ना मौलिक हक र अधिकार निर्बाध रूपले उपभोग र प्रयोग गर्न पाएका छन् कि छैनन् भनेर सचेत हुनु पनि उत्तिकै जरुरी हुन्छ । नियम-कानुन बलात् लादिनु हुँदैन । जनतासँग राय, सल्लाह र सुझाव संकलन गर्ने व्यवस्था गरिनुपर्छ ।

स्थानीय तहको प्रभावकारिता मूल्यांकन हुनु पनि पर्छ । यसका निम्ति विभिन्न स्थानमा विभिन्न समयमा सार्वजनिक सुनुवाइको व्यवस्था गरिनुपर्छ । राय, सुझाव, गुनासा र उजुरीको उचित सम्बोधन हुन सके मात्र जनताले मताधिकारको सदुपयोग भएको आभास गर्न सक्नेछन् । आश्वासन जति बाँडिन्छ, त्यति नै कार्यान्वयन हुन सके मात्र जनताले संघीयताको मर्म बुझ्न सक्नेछन् ।

● नवराज न्यौपाने 'मौन', चुँदी, तनहुँ
navarajn108@gmail.com

परराष्ट्रको भनाइमा सन्देह छ



जति पनि समाचार आएका छन्, ती सबै परराष्ट्रसचिव अमृतबहादुर राईलाई नै आधार मानेर आएका छन् । कतै यी राई पनि अख्तियार प्रमुख प्रेम राईजस्तै प्रधानमन्त्रीका खास मान्छे त होइनन् ? किनभने, भारत र चीनले नेपाली भूमि लिपुलेक भएर गरेको व्यापारिक सम्झौताप्रति प्रधानमन्त्रीले जनाएको आपत्तिलाई चीनले निकालेको विज्ञप्तिले पुष्टि गरेको छैन ।

● डिल्ली फेजोङ

महाकाली सन्धि गर्दा भ्रष्ट नेताहरूले बेचिसकेको कुरोलाई चीनले नेपालका लागि भारतलाई चिढ्याउँदैन । यो सबै नेपाली जनता अलमल्याउने षड्यन्त्र मात्र हो । भारत भ्रमणको वेला मोदीसामु सार्वजनिक रूपमै 'लिपुलेक नेपालको हो, यसमा भारतले आफ्नो दाबी गर्न मिल्दैन' भन्ने आँट गर्न सक्नुपर्‍यो ।

● सञ्जय पराजुली

प्रधानमन्त्री केपी ओलीको सचिवालयले त लिपुलेक र लिम्पियाधुराका बारेमा भारत र चीनले गरेको सहमतिमा प्रधानमन्त्री ओलीले असहमति जनाउनुभयो भनेर ठुलाठुला हेडलाइन आएको थियो । तर, खै त प्रेस विज्ञप्तिमा पनि त्यही कुरा आएको ? उखानटुक्का मात्र हालेर हुँदैन । एमालेहरूले कसरी मुख देखाउलान् ?

● रामजी घताने

यी सबै सार्वजनिक खपतका लागि गरिने प्रचार हुन् । एउटा योग्य कूटनीतिक टिम बनाएर भारतसँग वार्ता गरेर जग्गा साटासाटमा कुरा मिलाउनुभन्दा अरू कुनै उपाय छैन । सार्वजनिक खपतका लागि नक्कली राष्ट्रवादका लागि गरिएका हरेक प्रचारले समस्या थप बल्झाउनेछ ।

● लक्ष्मण सुवेदी

चीनसँग हारगुहार मागेर भारतले मिचेको जमिन फिर्ता हुँदैन । भारतसँग कुरा गर्नु भनेर चीन पन्छिसक्यो । डटेर अन्तर्राष्ट्रिय अदालतको ढोका ढकढक्याउने आँट गरे न्याय मिल्ला कि ?

● रमेशराज भाट

आपत्ति मात्र गर्ने होइन, त्यहाँका जनतालाई सडक, बिजुली र स्कुलको तुरुन्त व्यवस्था हुनुपर्‍यो । नत्र भने त्यहाँका नेपाली भारतीय जनता हुनेछन् !

● आशिष सुनार

चिनियाँ पक्षको आधिकारिक सूचनामा यस्ता कुरा कहीँकतै भेटिएन । तर, नेपाली मिडियाले अफवाह फैलाउने काम गरे ।

● सिएम पन्त

(नयाँ पत्रिका फेसबुकबाट)

उखु किसानका समस्या र समाधान

अनुदान रकम पहिलेकै कायम गरी सरकार स्वयंले किसानबाट प्रत्यक्ष रूपमा उखु खरिद गरी निजी उद्योगीलाई बेच्ने व्यवस्था मिलाउनुपर्छ



● शिवाजीप्रसाद कुशवाहा

कृषिप्रधान देश नेपालका करिब ६२ प्रतिशत जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा संलग्न छन् । यहाँ धान, गहुँ, मकै, उखु, आलु, प्याज, तरकारी तथा फलफूल उत्पादन हुने भए पनि उत्पादनले राष्ट्रिय माग पूरा गर्न सकिएको छैन । परिणामस्वरूप, नेपालले भारत, चीन, बंगलादेशलगायतबाट उपभोग्य वस्तु आयात गर्नुपरेको छ । कृषि उपजमा आधारित आम्दानीको सानो हिस्सा सरकारले प्राथमिकताका रूपमा समर्थन गरेको भए पनि, बजार संरचना, मूल्य निर्धारण र भुक्तानी प्रक्रियाको असमानताले किसानलाई दीर्घकालीन रूपमा मारमा पारिरहेको छ ।

केही दिनअघि उखु किसानले राजधानीकेन्द्रित आन्दोलन गरे । जसमा तराई-मधेशका ११ जिल्लाका उखु किसान सहभागी भए । सरकारले भर्खरै मात्र पारित भएको ०८२/८३ को बजेटमा पहिल्यैदेखि उखु किसानलाई दिइँदै आएको अनुदान कटौती गरेपछि उखु किसानहरू आन्दोलित भएका छन् । अहिले किसान घर फर्किए पनि उनीहरूका माग पूरा भएका छैनन् । उनीहरूले सरकारलाई १० दिने अल्टिमेटम दिएका छन् । माग पूरा नभए उनीहरू थप कडा आन्दोलनमा उत्रिने अवस्था आउन सक्छ ।

उखुखेती विशेषगरी, तराई-मधेशका जिल्लाको मुख्य पेसा हो । हालका वर्षमा उखु किसान गम्भीर समस्यामा परेका छन् । सरकारले आवश्यक नीति बनाएको भए पनि व्यवहारमा लागू गर्न ढिलाइ, अनियमितता र अस्थिरताका कारण किसान बारम्बार आन्दोलनमा उत्रिन बाध्य छन् । कहिले मलखादको अभाव, कहिले उखुको मूल्य र भुक्तानीमा ढिलाइ, कहिले अनुदान कटौतीलगायत कारण किसान असन्तुष्ट छन् ।

उखु किसानको आन्दोलनको इतिहास लामो छ । ०६६ मा सुरु भएको आन्दोलन निरन्तर रूपमा अगाडि बढेको छ । ०७६ मा काठमाडौंकेन्द्रित आन्दोलन पुनः सुरु भयो । त्यही वर्षको १८ पुसमा आन्दोलनरत उखु किसान र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबिच सम्झौता भयो, जसअनुसार उद्योगीले ७ माघ, ०७६ भित्र सम्पूर्ण बक्यौता रकम भुक्तानी गरिसक्नुपर्ने उल्लेख थियो । तथापि, ९० करोड बक्यौतामध्ये करिब ३५ करोड मात्र भुक्तानी भयो ।

त्यसवेला उखु किसानलाई दिइने अनुदानबारे 'उखु किसानलाई अनुदान दिनेसम्बन्धी कार्यविधि २०७५' बनाइएको थियो । यसलाई पटक-पटक संशोधन गर्दै हाल तेस्रो संशोधन २०८१ तयार गरिएको छ । कार्यविधिको दफा ३ अनुसार १५ जेठ ०७५ देखि लागू हुने गरी अनुदान रकम प्रतिक्विन्टल ६५.२८ रुपैयाँ कायम गरिएको थियो । कार्यविधिमा तोकिएबमोजिम अनुदान रकम र चिनी मिलसँगको सम्झौताअनुसार बक्यौता रकम समयमै भुक्तानी नभएपछि उखु किसानहरू पटक-पटक आन्दोलित हुँदै आएका छन् । हाल अनुदानबापतको रकम रु. एक अर्ब ५५ करोड बक्यौता अनुदान तिर्न बाँकी छ ।

मन्त्रालयको वार्षिक प्रतिवेदन ०७९/८० अनुसार, उखुको न्यूनतम खरिद मूल्य प्रतिक्विन्टल रु. ५४० र सरकारले प्रवर्द्धनबापत उपलब्ध गराउने प्रतिक्विन्टल रु. ७० अनुदान गरी कुल रु. ६१० प्रतिक्विन्टल पुगेको थियो । त्यसपछि ०८०/८१ मा खरिद मूल्य रु. ५६५ र अनुदान रकम रु. ७० गरी कुल मूल्य ६३५ रुपैयाँ कायम गरिएको थियो । त्यही वर्ष मन्त्रालयको वार्षिक प्रतिवेदनअनुसार उखु उत्पादनको वार्षिक लक्ष्य ३२५० मेट्रिकटन हुँदा लक्ष्यभन्दा बढी ३२७२ मेट्रिकटन उखु उत्पादन पनि भएको रहेछ । तर, आर्थिक वर्ष ०८२/८३ मा अनुदान रकम घटाएर ३५ रुपैयाँ मात्र तोकिएको र चिनी मिलहरूले किसानको रकम समयमा



भुक्तानी नगरेपछि फेरि आन्दोलन सुरु भएको हो ।

उखु किसानले भोगिरहेका समस्या व्यापक छन् । नेपालमा उखु किसानका लागि आवश्यक बजेट र अस्थिर सरकारका कारण धेरै समस्या उत्पन्न भएका छन् । जसमध्ये चिनी मिलका मालिकले समयमै पैसा भुक्तानी नगर्ने, अनुदानको रकम समयमै बैंकमा खातामा पठाउन ढिलाइ र धेरै उखु किसानको आफ्नो बैंक खाता नभएको विषयलाई लिएर बहाना बनाउने, कतिपय चिनी मिलले उखु किसानलाई क्रसिङका लागि समयमै स्वीकृति पुर्जी नदिँदा खेतमै उखु सुक्न थालेको गुनासो आइरहने, समयअनुसार आवश्यक मल आपूर्ति नहुनेजस्ता समस्या देखापरेका छन् । उखु किसानको समस्यालाई समयमा समाधान गरिएन भने नेपालमा उखुखेतीप्रतिको आकर्षण घट्नेछ र निकटभविष्यमै उखुबाट उत्पादित चिनीलगायत वस्तुको अभाव हुनेछ ।

उखु किसानका समस्या समाधानका लागि ठोस र दीर्घकालीन उपाय अपनाउन आवश्यक छ । उखु किसानलाई बर्सेनि हुने क्षतिबराबरको राहत उपलब्ध गराउने, सरकारले प्रधानमन्त्री राहत कोषबाट तत्काल अनुदान रकम भुक्तानी गर्नुपर्नेलगायत विषयमा विशेष ध्यान पुऱ्याउनुपर्छ । यसको दिगो समाधानका लागि सरकारले अनुदानबापतको रकम नघटाई पहिलेकै रकम (रु. ७०) नै कायम गर्नुपर्छ । त्यसपछि सरकारले स्वयं उखु किसानबाट प्रत्यक्ष रूपमा उखु खरिद गरी निजी उद्योगीलाई बेच्ने व्यवस्था मिलाउनसके उद्योगी व्यवसायीको मनोपोली कम हुन्छ अनि उखुको मूल्यमा पनि तलमाथि हुँदैन । उखु किसानको बक्यौता नदिने र अनावश्यक रूपमा हैरान पार्ने उद्योगीलाई कानुनबमोजिम कारबाही गर्नुपर्छ । सरकारले एउटा छुट्टै उखु किसान योजना बनाई किसान प्रोत्साहन अनुदान कोषको स्थापना गर्नुपर्छ ।

तसर्थ, नेपालमा उखुखेती धेरै किसानको मुख्य पेसा भएकाले यसको दिगो विकास र समस्याको समयमै समाधान अत्यावश्यक छ । यो समस्या समाधान नगर्ने हो भने निकटभविष्यमा उखु उत्पादन घट्ने, चिनी उत्पादनमा कमी आउने र देशको खाद्य सुरक्षामा असर पर्ने सम्भावना उच्च छ । त्यसैले सरकार, उद्योगी र किसानबिच दीर्घकालीन, पारदर्शी र समन्वयकारी नीति अपनाउनु अपरिहार्य छ ।

(कुशवाहा नेपाल ल क्याम्पसका विद्यार्थी हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अस्ट्रेलियाले गर्‍यो इरानी दूतलाई देशनिकाला

सिड्नी/ अस्ट्रेलियाले इरानका राजदूतलाई देशनिकाला गरेको छ। मेलबर्न र सिड्नीमा भएका यहुदीविरोधी आक्रमणमा इरानको हात रहेको आरोप लगाउँदै इरानी राजदूत अहमद सादेगीलाई देशनिकाला गरेको हो। दोस्रो विश्वयुद्धपछि अस्ट्रेलियाले राजदूतलाई निष्कासन गरेको यो पहिलोपटक हो। 'गुप्तचर सेवाले विचलित पार्ने निष्कर्ष निकालेको छ कि इरानले कम्तीमा दुईवटा यहुदीविरोधी आक्रमणको निर्देशन दिएको छ,' अस्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानिजले भने। राजदूत सादेगीसहित अन्य तीन अधिकारीहरूलाई पनि सात दिनभित्र देश छोड्न आदेश दिइएको छ। अक्टोबर २०२४ मा सिड्नीको बोन्डी उपनगरमा रहेको कोषेर क्याफे र लुइस कन्टिनेन्टल क्याफेमा भएको आगलागीमा तेहरानको हात रहेको प्रधानमन्त्रीले पत्रकार सम्मेलनमा बताए। गुप्तचर निकायले डिसेम्बर २०२४ मा मेलबर्नको एडास इजरायल सिनागोगमा भएको ठुलो आगजनीमा इरानले निर्देशन दिएको प्रधानमन्त्रीले बताए।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०५/१६

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी लाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गराइन्छ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति लगायत ऋणी लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : हेटौंडा, मकवानपुर

१. ऋणीको नाम : कालु बहादुर वाईवाको नाति, सेर बहादुर वाईवाको छोरा, मकवानपुर जिल्ला, छतिवन गा.वि.स. वडा नं. ५ भई हाल बकैया गा.पा. वडा नं. ४ बस्ने **लोक बहादुर वाईवा** (ना.प्र.नं. ३१९१७९, जि.प्र.का. मकवानपुर, जारी मिति २०४०/०९/१६)।
व्यक्तिगत जमानतकर्ता : * सेर बहादुर वाईवाको नाति, लोक बहादुर वाईवाको छोरा, मकवानपुर जिल्ला, बकैया गा.पा. वडा नं. ४ बस्ने **गंगा राज वाईवा** (ना.प्र.नं. ३१-०१-७६-०२२९४, जि.प्र.का. मकवानपुर, जारी मिति २०७६/०२/२१)।
धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता लोक बहादुर वाईवाको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, फापरबारी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १९५० को क्षेत्रफल ०-७-२.७५-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. संयुक्त ऋणीको नाम :
क. चन्द्रविर रुम्बाको नाति, बुद्धिमान रुम्बाको छोरा, मकवानपुर जिल्ला, मकवानपुर गढी वडा नं. ८ भई हाल मकवानपुर गढी गा.पा. वडा नं. ४ बस्ने **भिम बहादुर रुम्बा** (ना.प्र.नं. ८९९, जि.प्र.का. मकवानपुर, जारी मिति २०४५/०२/०९)।
ख. भिम बहादुर रुम्बाको बुहारी, कर्ण बहादुर योन्जनको छोरी, जुट बहादुर रुम्बाको पत्नी, मकवानपुर जिल्ला, मकवानपुर गढी वडा नं. ८ भई हाल मकवानपुर गढी गा.पा. वडा नं. ४ बस्ने **मन्जु कुमारी रुम्बा** (ना.प्र.नं. २७/१९६६८, जि.प्र.का. मकवानपुर, जारी मिति २०६१/१०/२०)।
व्यक्तिगत जमानतकर्ता : * भिम बहादुर रुम्बाको नाति, जुट बहादुर रुम्बाको छोरा, मकवानपुर जिल्ला, मकवानपुर गढी गा.पा. वडा नं. ४ बस्ने **सुदिप रुम्बा** (ना.प्र.नं. ३१-०१-७८-००१८४, जि.प्र.का. मकवानपुर, जारी मिति २०७८/०१/०५)।
धितो सुरक्षणको विवरण : संयुक्त ऋणीमध्येको धितो जमानतकर्ता भिम बहादुर रुम्बाको नाममा मालपोत कार्यालय हेटौंडाको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, मक्रानचुली गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ८४७ र ८४६ को क्षेत्रफल क्रमशः १-१२-१-२.५ र २-४-०-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. संयुक्त ऋणीको नाम :
क. गणेश बहादुर शाहीको बुहारी, खडक बहादुर राउतको छोरी, नोज बहादुर शाहीको पत्नी, मकवानपुर जिल्ला, खैराङ गा.वि.स. वडा नं. १ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **देव कुमारी शाही** (ना.प्र.नं. ३४/९१, जि.प्र.का. मकवानपुर, जारी मिति २०५५/०२/०४)।
ख. गणेश बहादुर शाहीको नाति, नोज बहादुर शाहीको छोरा, मकवानपुर जिल्ला, खैराङ गा.वि.स. वडा नं. १ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **सन्तोष शाही** (ना.प्र.नं. ३४/१८९, जि.प्र.का. मकवानपुर, जारी मिति २०५८/११/२२)।
धितो सुरक्षणको विवरण : संयुक्त ऋणी मध्ये धितो जमानतकर्ता देव कुमारी शाहीको नाममा मालपोत कार्यालय हेटौंडाको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ५८५४ को क्षेत्रफल ०-०-४.२५-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

४. ऋणीको नाम : जंगविर थिङको बुहारी, कान्छा थिङको पत्नी, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं. १३ भई हाल हेटौंडा उ.म.न.पा वडा नं. १२ बस्ने **विमला थिङ** (ना.प्र.नं. ३१-०१-७१-११३७७, जि.प्र.का. मकवानपुर, जारी मिति २०७१/१२/०८)।
धितो जमानतकर्ता : * मान बहादुर थिङको नाति, जंगविर थिङको छोरा, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १३ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **कान्छा थिङ** (ना.प्र.नं. ३१-०१-७१-०९७२२, जि.प्र.का. मकवानपुर, जारी मिति २०७१/१०/१२)।
व्यक्तिगत जमानतकर्ता : * जंगविर थिङको नाति, कान्छा थिङको छोरा, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **मिलन थिङ** (ना.प्र.नं. ३१-०१-७५-०३९४२, जि.प्र.का. मकवानपुर, जारी मिति २०७५/०३/२९)।
धितो सुरक्षणको विवरण :
१. ऋणी तथा धितो जमानतकर्ता विमला थिङ र धितो जमानतकर्ता कान्छा थिङको संयुक्त नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. २७९३ को क्षेत्रफल ०-१-१-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. ऋणी तथा धितो जमानतकर्ता विमला थिङको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. २७९२ को क्षेत्रफल ०-१-१०-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

५. ऋणीको नाम : गोविन्द अर्यालको नाति, बाबु राजा अर्यालको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी न.पा./गा.पा. वडा नं. ५ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **सुरेन्द्र अर्याल** (ना.प्र.नं. ३११०२१/४४८६२, जि.प्र.का. मकवानपुर, जारी मिति २०६४/०५/१९)।
व्यक्तिगत जमानतकर्ताहरु : *
क. गोविन्द अर्यालको बुहारी, बाबुराजा अर्यालको पत्नी, मकवानपुर जिल्ला, पदमपोखरी न.पा./गा.पा. वडा नं. ५ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **लक्ष्मी देवी अर्याल** (ना.प्र.नं. १२५८६, जि.प्र.का. मकवानपुर, जारी मिति २०४५/०९/१६)।
ख. पदम प्रसाद अर्यालको नाति, गोविन्द अर्यालको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी न.पा./गा.पा. वडा नं. ५ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **बाबु राजा अर्याल** (ना.प्र.नं. ४९४६, जि.प्र.का. मकवानपुर, जारी मिति २०४०/०७/१०)।
ग. बाबु राजा अर्यालको बुहारी, सुरेन्द्र अर्यालको पत्नी, मकवानपुर जिल्ला, हेटौंडा न.पा./गा.पा. वडा नं. २२ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **जोतिका नेपाल** (ना.प्र.नं. ३१-०१-७३-१०१०७, जि.प्र.का. मकवानपुर, जारी मिति २०७३/०८/१४)।
धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता बाबु राजा अर्यालको नाममा मालपोत कार्यालय हेटौंडाको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. २४६८, २४७० र ५९२३ को क्षेत्रफल क्रमशः ०-०-१५.५, ०-१-० र ०-१-१५.५ (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

६. ऋणीको नाम : लाल बहादुर घर्तिको बुहारी, मन बहादुर अधिकारीको छोरी, सन्दिप घर्तिको पत्नी, मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स. वडा नं. ९ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. १८ बस्ने **प्रतिक्षा घर्ति** (ना.प्र.नं. ५४/३५९१३, जि.प्र.का. मकवानपुर, जारी मिति २०६३/०३/११)।
व्यक्तिगत तथा धितो जमानतकर्ता : * हस्त बहादुर घर्तिको नाति, लाल बहादुर घर्तिको छोरा, मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स. वडा नं. ९ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. १८ बस्ने **सन्दिप घर्ति** (ना.प्र.नं. ८/९६६, जि.प्र.का. मकवानपुर, जारी मिति २०५८/१२/१३)।
धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता सन्दिप घर्तिको नाममा मालपोत कार्यालय हेटौंडाको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, हटिया वडा नं. ४ स्थित कित्ता नं. ७३५६ को क्षेत्रफल ०-१-१०.५-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

७. ऋणीको नाम : स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता नं. १०-९४१०, मिति २०७७/१२/०३ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय हेटौंडा, पान नं. ६१५५९४३३८ भएको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १० स्थित **श्री ट्वान्टी वान तारा सप**।
प्रोप्राइटर तथा धितो जमानतकर्ता : रत्न लाल मुक्तानको बुहारी, साङ्गे दोर्जे मुक्तानको पत्नी, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १४ भई हाल मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. २ बस्ने **दुधिमाया गोले मुक्तान** (ना.प्र.नं. ३५-०१-७४-०७७१८, जि.प्र.का. चितवन, जारी मिति २०७४/०५/२८)।
व्यक्तिगत जमानतकर्ता : * मान सिङ मुक्तान को नाति, रत्न लाल मुक्तानको छोरा, मकवानपुर जिल्ला, नामटार गा.वि.स. वडा नं. ६ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. २ बस्ने **साङ्गे दोर्जे मुक्तान** (ना.प्र.नं. २१/१६३५९, जि.प्र.का. मकवानपुर, जारी मिति २०६१/०५/१५)।
धितो सुरक्षणको विवरण : प्रोप्राइटर तथा धितो जमानतकर्ता दुधिमाया गोले मुक्तानको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ४७७१ र ४७६१ को क्षेत्रफल क्रमशः ०-०-४.७५-० र ०-०-४.२५-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी तथा जमानतकर्ताको विवरण

८. ऋणीको नाम : प्रदेश सरकार, बागमती प्रदेश, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा दर्ता नं. ५८१/५३४/०७८/०७९, मिति २०७८/१०/२० मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय हेटौंडा, पान नं. ६१७७१३७६४ भएको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४, चिलडेन पार्क स्थित **देव कृषि तथा पशुपंक्षी फार्म**।
प्रोप्राइटर तथा धितो जमानतकर्ता : गणेश बहादुर शाहीको बुहारी, खड्क बहादुर राउतको छोरी, नोज बहादुर शाहीको पत्नी, मकवानपुर जिल्ला, खैराङ गा.वि.स. वडा नं. १ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **देव कुमारी शाही** (ना.प्र.नं. ३४/९१, जि.प्र.का. मकवानपुर, जारी मिति २०५५/०२/०४)।
व्यक्तिगत जमानतकर्ता : * गणेश बहादुर शाहीको नाति, नोज बहादुर शाहीको छोरा, मकवानपुर जिल्ला, खैराङ गा.वि.स. वडा नं. १ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **सन्तोष शाही** (ना.प्र.नं. ३४/१८९, जि.प्र.का. मकवानपुर, जारी मिति २०५८/११/२२)।
धितो सुरक्षणको विवरण :
१. प्रोप्राइटर तथा धितो जमानतकर्ता देव कुमारी शाहीको नाममा मालपोत कार्यालय हेटौंडाको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ५८५४ को क्षेत्रफल ०-०-४.२५-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

९. ऋणीको नाम : प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग/कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता नं. ९४४९/१३७/२०७२/२०७३, मिति २०७२/०५/१८ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय मकवानपुर, पान नं. ६०३६७१५५९ भएको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १३ स्थित **लक्ष्मी बेकरी उद्योग**।
प्रोप्राइटरको नाम : गोविन्द अर्यालको बुहारी, बाबुराजा अर्यालको पत्नी, मकवानपुर जिल्ला, पदमपोखरी म.न.पा./गा.पा. वडा नं. ५ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **लक्ष्मी देवी अर्याल** (ना.प्र.नं. १२५८६, जि.प्र.का. मकवानपुर, जारी मिति २०४५/०९/१६)।
व्यक्तिगत जमानतकर्ताहरु : *
क. गोविन्द अर्यालको नाति, बाबु राजा अर्यालको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी म.न.पा./गा.पा. वडा नं. ५, भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **सुरेन्द्र अर्याल** (ना.प्र.नं. ३११०२१/४४८६२, जि.प्र.का. मकवानपुर, जारी मिति २०६४/०५/१९)।
ख. पदम प्रसाद अर्यालको नाति, गोविन्द अर्यालको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी म.न.पा./गा.पा. वडा नं. ५ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **बाबु राजा अर्याल** (ना.प्र.नं. ४९४६, जि.प्र.का. मकवानपुर, जारी मिति २०४०/०७/१०)।
ग. बाबु राजा अर्यालको बुहारी, सुरेन्द्र अर्यालको पत्नी, मकवानपुर जिल्ला, हेटौंडा म.न.पा./गा.पा. वडा नं. २२ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **जोतिका नेपाल** (ना.प्र.नं. ३१-०१-७३-१०१०७, जि.प्र.का. मकवानपुर, जारी मिति २०७३/०८/१४)।
धितो सुरक्षणको विवरण :
१. धितो जमानतकर्ता बाबु राजा अर्यालको नाममा मालपोत कार्यालय हेटौंडाको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. २४६८, २४७० र ५९२३ को क्षेत्रफल क्रमशः ०-०-१५.५, ०-१-० र ०-१-१५.५ (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालय : कर्पोरेट बैंकिङ्ग

ऋणीको नाम : कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १६३५००/०७३/०७४, मिति २०७३/१०/२७ मा रजिष्टर्ड भएको आन्तरिक राजश्व कार्यालय पुतलीसडक, काठमाडां पान नं. ६०६०००५५६ भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ स्थित **एस.डी इन्टरनेशनल प्रा.लि.**।
संचालक तथा धितो जमानतकर्ताहरु :
क. विष्णु लाल श्रेष्ठको नाति, ईश्वर लाल श्रेष्ठको छोरा, काठमाडौं, जिल्ला, का.म.न.पा. वडा नं. २३ बस्ने **सुरज लाल श्रेष्ठ** (ना.प्र.नं. ४१५३/३५१३/६१३९/३५३, जि.प्र.का. काठमाडौं, जारी मिति २०४९/११/२८)।
ख. गंगा साहको नाति, सिसुपाल साहको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ४ भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १० बस्ने **विक्रम कुमार साह** (ना.प्र.नं. १७-३९६९४५२६, जि.प्र.का. धनुषा, जारी मिति २०५५/०८/०३)।
ग. महावीर प्रसाद साहको नाति, गंगा साह कलवारको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ४ बस्ने **मदन साह कलवार** (ना.प्र.नं. ३९६९२१६०, जि.प्र.का. धनुषा, जारी मिति २०४३/०४/२१)।
व्यक्तिगत तथा धितो जमानतकर्ता : * गंगा साहको बुहारी, सिसुपाल साहको पत्नी, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ४ बस्ने **उर्मिला देवि साह** (ना.प्र.नं. ४८८५, नेपाल सरकार, गृह मन्त्रालय, जारी मिति २०४१/१०/०१)
व्यक्तिगत जमानतकर्ताहरु : *
क. ईश्वर लाल श्रेष्ठको बुहारी, अर्जुन लाल श्रेष्ठको छोरी, सुरज लाल श्रेष्ठको पत्नी, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २६ बस्ने **ज्यास्मिन श्रेष्ठ** (ना.प्र.नं. ५७१४ जि.प्र.का. काठमाडौं, जारी मिति २०५५/०८/२२)।
ख. गंगा साहको नाति, सिसुपाल साहको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ६ बस्ने **विकास कुमार साह** (ना.प्र.नं. ३९६९४५२७, जि.प्र.का. धनुषा, जारी मिति २०५५/०८/०३)।
ग. सिसुपाल साहको बुहारी, विक्रम कुमार साहको पत्नी, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ६ बस्ने **प्रिया साह** (ना.प्र.नं. १७११०२/१३२७, जि.प्र.का. धनुषा, जारी मिति २०६७/०३/२८)।
घ. बैजनाथ प्र. कलवारको छोरी, मदन साह कलवारको पत्नी, बारा जिल्ला, बरैनिया न.पा. वडा नं. ६ भई हाल धनुषा जिल्ला, जनकपुर म.न.पा. वडा नं. ४ बस्ने **गीता कुमारी** (ना.प्र.नं. १४९८/२०७४, जि.प्र.का. बारा, जारी मिति २०४४/१२/०६)।
ङ. महाविर साहको नाति, गंगा साहको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ४ बस्ने **सिसुपाल साह** (ना.प्र.नं. ११९५/१०३८४/३९६९१८३७, जि.प्र.का. धनुषा, जारी मिति २०४३/०४/०१)।
धितो सुरक्षणको विवरण :
१. धितो जमानतकर्ता उर्मिला देवि साहको नाममा मालपोत कार्यालय धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, वसहिया न.पा./गा.वि.स. वडा नं. ९ स्थित कि.नं. ३०७२ को क्षेत्रफल ०-४-१३-३ (बिघा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. धितो जमानतकर्ता मदन साह कलवारको नाममा मालपोत कार्यालय धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा./गा.वि.स. वडा नं. ४ स्थित कि.नं. २८ को क्षेत्रफल ०-०-६-० (बिघा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. यस बैंकको नाममा दर्ता कायम रही ऋणी एस.डी. इन्टरनेशनल प्रा.लि. जनिएको मोडेल ACE MEGA XL, च्यासिस नं. MAT535102MZR00167, इन्जिन नं. 0.8LTDICRAJL10PZXS98441 भएको सवारी दर्ता नं. प्र ३-०१-०२४ च ६०२२ तथा मोडेल Figo 1.2, च्यासिस नं. MAJGXXMTKGLR60397 इन्जिन नं. LR60397 भएको सवारी दर्ता नं. प्र ३-०१-०२४ च १३१९ को भाडा/निजी सवारी साधन थान २।
४. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालय : मन्थली, रामेछाप

१. ऋणीको नाम : भुत्ते सार्कीको नाति, केशर सार्कीको छोरा, रामेछाप जिल्ला, देउराली गा.वि.स. वडा नं. ४ भई हाल रामेछाप न.पा. वडा नं. २ बस्ने **कर्णे सार्की** (ना.प्र.नं. २८३७४/२११०१८/२७८५, जि.प्र.का रामेछाप, जारी मिति २०५२/०७/१५)।
व्यक्तिगत जमानतकर्ता : * पयाक्से सार्कीको छोरी, केशर सार्कीको बुहारी, कर्णे सार्कीको पत्नी, रामेछाप जिल्ला, देउराली गा.वि.स. वडा नं. ४ भई हाल रामेछाप न.पा. वडा नं. २ बस्ने **चमेली सार्की** (ना.प्र.नं २१-०१-६९-३३८६६, जि.प्र.का. रामेछाप, जारी मिति २०६९/०८/०५)।
धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता कर्णे सार्कीको नाममा मालपोत कार्यालय मन्थली, रामेछापको लगतमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला, सिरुबारी गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६ ख र ६ ग (हाल रामेछाप न.पा. वडा नं. २) स्थित कि.नं. १३३ र ७८ को क्षेत्रफल क्रमशः १-६-०-० र २-१३-०-२ (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. संयुक्त ऋणीको नाम :
क. माने सार्कीको नाति, भाने सार्कीको छोरा, रामेछाप जिल्ला, देउराली गा.वि.स. वडा नं. ९ भई हाल रामेछाप न.पा. वडा नं. २ बस्ने **रामकृष्ण सार्की** (ना.प्र.नं. २१-०१-६९-३६०७४, जि.प्र.का रामेछाप, जारी मिति २०६९/११/०३)।
ख. हर्क बहादुर सार्कीको छोरी, माने सार्कीको बुहारी, भाने सार्कीको पत्नी, रामेछाप जिल्ला, देउराली गा.वि.स. वडा नं. ९ भई हाल रामेछाप न.पा. वडा नं. २ बस्ने **मैयाँ सार्की** (ना.प्र.नं २१३०१८/२६९, जि.प्र.का. रामेछाप, जारी मिति २०६३/११/०५)।
धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता मैयाँ सार्कीको नाममा मालपोत कार्यालय मन्थली रामेछापको लगतमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला, सालु गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९/ग र ९/क (हाल रामेछाप न.पा. वडा नं. २) स्थित कि.नं. १३२, १२३ र १८७ को क्षेत्रफल क्रमशः २-८-०-२.५, ०-१०-२-३ र २-२-०-० (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : जिमीरेभार, नपलपरासी

१. ऋणीको नाम : प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीको कार्यालयमा दर्ता नं. ३०३/१९२३, मिति २०७६/०५/३० मा दर्ता भएको भई आन्तरिक राजश्व विभाग, बुटवलमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६११९८९७३२ भएको नवलपरासी जिल्ला, माकर गा.पा./न.पा. वडा नं. ७ स्थित **आकृती एण्ड अनुप रेष्टुरेन्ट**।
प्रोप्राइटरको नाम : चित्र बहादुर कार्कीको बुहारी, ओम प्रसाद कडेलको छोरी, सूर्य बहादुर कार्कीको पत्नी, नवलपरासी जिल्ला, बेनीमनिपुर न.पा./गा.पा. वडा नं. ५ भई हाल बर्दघाट न.पा. वडा नं. ७ बस्ने **टिका देवी कार्की** (ना.प्र.नं. ५३४६२, जि.प्र.का. नवलपरासी, जारी मिति २०६३/०३/१५)।
व्यक्तिगत जमानतकर्ता : * यम बहादुर कार्कीको नाति, चित्र बहादुर कार्कीको छोरा, नवलपरासी जिल्ला, बर्दघाट न.पा./गा.पा. वडा नं. ७ बस्ने **सूर्य बहादुर कार्की** (ना.प्र.नं. ३३७१४, जि.प्र.का. नवलपरासी, जारी मिति २०६०/०५/२१)।
धितो सुरक्षणको विवरण : बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

२. ऋणीको नाम : चित्र बहादुर कार्कीको बुहारी, ओम प्रसाद कडेलको छोरी, सूर्य बहादुर कार्कीको पत्नी, नवलपरासी जिल्ला, बेनीमनिपुर न.पा./गा.पा. वडा नं. ५ भई हाल बर्दघाट न.पा. वडा नं. ७ बस्ने **टिका देवी कार्की** (ना.प्र.नं. ५३४६२, जि.प्र.का. नवलपरासी, जारी मिति २०६३/०३/१५)।
व्यक्तिगत जमानतकर्ता : * यम बहादुर कार्कीको नाति, चित्र बहादुर कार्कीको छोरा, नवलपरासी जिल्ला, बर्दघाट न.पा./गा.पा. वडा नं. ७ बस्ने **सूर्य बहादुर कार्की** (ना.प्र.नं. ३३७१४, जि.प्र.का. नवलपरासी, जारी मिति २०६०/०५/२१)।
धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता टिका देवी कार्कीको नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स./न.पा. वडा नं. ७, नक्सा सिट नं. ७ ङ स्थित कित्ता नं. ७७६ को क्षेत्रफल ०-०-५-० (विगाहा) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. ऋणीको नाम : प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीको कार्यालयमा दर्ता नं. ९३०/१३६४५/०७६, मिति २०७६/०७/१७ मा दर्ता भई आन्तरिक राजश्व विभाग, बुटवलमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६११९८९७३२ भएको नवलपरासी जिल्ला, बर्दघाट गा.पा./न.पा. वडा नं. ७ स्थित **सपना कस्मेटिक एण्ड गिफ्ट हाउस**।
प्रोप्राइटर तथा धितो जमानतकर्ता : चित्र बहादुर कार्कीको बुहारी, ओम प्रसाद कडेलको छोरी, सूर्य बहादुर कार्कीको पत्नी, नवलपरासी जिल्ला, बेनीमनिपुर न.पा./गा.पा. वडा नं. ५ भई हाल बर्दघाट न.पा. वडा नं. ७ बस्ने **टिका देवी कार्की** (ना.प्र.नं. ५३४६२, जि.प्र.का. नवलपरासी, जारी मिति २०६३/०३/१५)।
व्यक्तिगत जमानतकर्ता : * यम बहादुर कार्कीको नाति, चित्र बहादुर कार्कीको छोरा, नवलपरासी जिल्ला, बर्दघाट न.पा./गा.पा. वडा नं. ७ बस्ने **सूर्य बहादुर कार्की** (ना.प्र.नं. ३३७१४, जि.प्र.का. नवलपरासी, जारी मिति २०६०/०५/२१)।
धितो सुरक्षणको विवरण :
१. प्रोप्राइटर तथा धितो जमानतकर्ता टिका देवी कार्कीको नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स./न.पा. वडा नं. ७, नक्सा सिट नं. ७ ङ स्थित कित्ता नं. ७७६ को क्षेत्रफल ०-०-५-० (विगाहा) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

४. ऋणीको नाम : प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प) को कार्यालयमा दर्ता नं. ३९४/०७७/०७८, मिति २०७७/०७/०३ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व विभाग, परासीमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१५८६७४१४ भएको नवलपरासी जिल्ला, बर्दघाट गा.पा./न.पा. वडा नं. १४ स्थित **राना पशुपन्छी फर्म**।
प्रोप्राइटरको नाम : सर्वजित राना मगरको बुहारी, नर बहादुर गुरुङको छोरी, टेक बहादुर रानाको पत्नी, नवलपरासी जिल्ला, बर्दघाट न.पा./गा.पा. वडा नं. ४ भई हाल बर्दघाट न.पा. वडा नं. १४ बस्ने **बसन्ती गुरुङ** (ना.प्र.नं. ३६-०१-७१-०१२९०, जि.प्र.का. नवलपरासी, जारी मिति २०७१/०३/०१)।
व्यक्तिगत जमानतकर्ता : * केहर सिंह अछामीको नाति, सर्वजित राना मगरको छोरा, नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १४ बस्ने **टेक बहादुर राना** (ना.प्र.नं. ३६१०५६/१२७२, जि.प्र.का. नवलपरासी, जारी मिति २०६७/१०/२५)।
धितो सुरक्षणको विवरण : बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

५. ऋणीको नाम : प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीको कार्यालयमा दर्ता नं. १९७८/०७७/०७८, मिति २०७८/०१/०७ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व विभाग, परासी, स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१४०९४३२७ भएको नवलपरासी जिल्ला, बर्दघाट गा.पा./न.पा. वडा नं. ४ स्थित **डिमसुम एण्ड मोर रेष्टुरेन्ट क्याफे बार**।
प्रोप्राइटरको नाम : केहर सिंह अछामीको नाति, सर्वजित राना मगरको छोरा, नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १४ बस्ने **टेक बहादुर राना** (ना.प्र.नं. ३६१०५६/१२७२, जि.प्र.का. नवलपरासी, जारी मिति २०६७/१०/२५)।
व्यक्तिगत तथा धितो जमानतकर्ता : * रनविर रानाको नाति, केहर सिंह अछामीको छोरा, नवलपरासी जिल्ला, दाउन्नेदेवी न.पा./गा.पा. वडा नं. ४ भई हाल बर्दघाट न.पा. वडा नं. १४ बस्ने **सर्वजित राना मगर** (ना.प्र.नं. १२६६, जि.प्र.का. नवलपरासी, जारी मिति २०४६/११/२८)।
व्यक्तिगत जमानतकर्ता : * सर्वजित राना मगरको बुहारी, नर बहादुर गुरुङको छोरी, टेक बहादुर रानाको पत्नी, नवलपरासी जिल्ला, बर्दघाट न.पा./गा.पा. वडा नं. ४ भई हाल बर्दघाट न.पा. वडा नं. १४ बस्ने **बसन्ती गुरुङ** (ना.प्र.नं. ३६-०१-७१-०१२९०, जि.प्र.का. नवलपरासी, जारी मिति २०७१/०३/०१)।
धितो सुरक्षणको विवरण :
१. धितो जमानतकर्ता सर्वजित रानाको नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४ ख स्थित कित्ता नं. ७०९ को क्षेत्रफल ०-२-६-३ (विगाहा) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. धितो जमानतकर्ता सर्वजित रानाको नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४ क स्थित कित्ता नं. ७५३ को क्षेत्रफल ०-०-१३-३ (विगाहा) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालय : सानेपा खरिबोट, ललितपुर

ऋणीको नाम : काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०७४ बमोजिम, काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दर्ता नं. ५९३३, मिति २०७७/१२/०८ मा रजिष्टर्ड भएको आन्तरिक राजश्व कार्यालय नयाँसडक, पान नं. १२४३६१९७९ भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२, न्यूरोड स्थित **शुभेच्छा गार्मेन्ट**।
प्रोप्राइटरको नाम : दान बहादुर श्रेष्ठको नातिनी, सुर्य कृष्ण श्रेष्ठको छोरी, सुनसरी जिल्ला, धरान न.पा./गा.वि.स. वडा नं. १० भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ३ बस्ने **शुभेच्छा श्रेष्ठ** (ना.प्र.नं. २७१०६०/१२२८९०, जि.प्र.का. काठमाडौं, जारी मिति २०७०/०८/३०)।
व्यक्तिगत जमानतकर्ता : * दान बहादुर श्रेष्ठको नाति, सूर्य कृष्ण श्रेष्ठको छोरा, सुनसरी जिल्ला, धरान न.पा./गा.वि.स. वडा नं. १० भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ३ बस्ने **सुशोभित श्रेष्ठ** (ना.प्र.नं. २७१०६०/२४६६, जि.प्र.का. काठमाडौं, जारी मिति २०६५/०६/०५)।
धितो सुरक्षणको विवरण : बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालय : इलाम

ऋणीको नाम : कृष्ण बहादुर रञ्जितको नाति, विष्णु बहादुर रञ्जितको छोरा, काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. २१ भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं. ८ बस्ने **सूर्य बहादुर रञ्जित** (ना.प्र.नं. ८६१२, जि.प्र.का. काठमाडौ, जारी मिति २०४१/०२/१६)।
धितो जमानतकर्ता : * शिव नारायण रञ्जितको नातिनी, गोपाल दाश रञ्जितको छोरी, सूर्य बहादुर रञ्जितको पत्नी, इलाम जिल्ला, इलाम न.पा वडा नं. ६ भई हाल इलाम न.पा. वडा नं. ८ बस्ने **रुपा देवी रञ्जितकार** (ना.प्र.नं. १९०९५/९०३, जि.प्र.का. इलाम, जारी मिति २०४२/०४/३०)।
व्यक्तिगत जमानतकर्ता : * विष्णु बहादुर रञ्जितको नाति, सूर्य बहादुर रञ्जितको छोरा, काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २१ भई हाल इलाम न.पा. वडा नं. ८ बस्ने **सुजन रञ्जित** (ना.प्र.नं. ६०५५०/५९२६ जि.प्र.का. इलाम, जारी मिति २०५७/०२/३२)।
धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता रुपा देवी रञ्जितकारको नाममा मालपोत कार्यालय इलामको लगतमा दर्ता श्रेष्ता कायम रहेको इलाम जिल्ला, इलाम वडा नं. ६, नक्सा सिट नं. ६ क स्थित कित्ता नं. ४१६ र ८०७ को क्षेत्रफल क्रमशः १-०-०-० र ०-८-०-० (रोपनी) भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**
नोट : ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार १६ भदौ ०८२

दुधको बक्यौता माग्दै डिडिसी मुख्यालयमा किसानको धर्ना



डिडिसीले दुध खरिदबापत आफूहरूलाई दुई अर्ब रुपैयाँभन्दा बढी भुक्तानी दिन बाँकी रहेको किसानको दाबी, आन्दोलनमा प्रहरी हस्तक्षेप

अजित अधिकारी/नयाँ पत्रिका

दुधको भुक्तानी माग्दै किसानले लैनचौरस्थित दुग्ध विकास संस्थान (डिडिसी)को केन्द्रीय कार्यालयमा प्रदर्शन गरेका छन्। नेकपा एमालेको भ्रातृ संस्था अखिल नेपाल किसान महासंघको नेतृत्वमा काभ्रे, सिन्धुपाल्चोक, धादिङ र नुवाकोटका करिब डेढ सय किसानले आइतबार दिउँसो डिडिसीको केन्द्रीय कार्यालयअगाडि दुधको भुक्तानी माग्दै प्रदर्शन गरेका हुन्।

दुध बिक्री गरेका किसानलाई डिडिसीले एक अर्ब रुपैयाँभन्दा बढी भुक्तानी दिन बाँकी रहेको र सो रकम दिन कुनै चासो नदिएपछि सडक संघर्ष गर्नुपरेको महासंघकी महासचिव सरिता भुसालले जानकारी दिइन्। 'किसानको पैसा दिलाईदिन सरकारसँग वार्ता गर्न खोज्दा समस्या समाधान हुने संकेत देखिएन। त्यसैले बाध्य भएर सडक आन्दोलन गर्नुपरेको हो,' उनले भनिन्, 'सडक आन्दोलन नगरी सरकारले सुनुवाइ नगर्ने प्रवृत्ति पनि बढेको छ।'

किसान प्रतिनिधिसहित महासंघले दिउँसो १२ बजेबाट थालेको आन्दोलनमा प्रहरी हस्तक्षेपसमेत भएको थियो, तर कुनै मानवीय क्षति नभएको भुसालले जानकारी दिइन्। 'बक्यौता भुक्तानीका लागि दबाब दिने गरी सांकेतिक आन्दोलन गर्न लैनचौर पुगेका थियौं। हामी करिब एक घण्टा धर्ना दिने योजनामा थियौं,' उनले भनिन्, 'तर, प्रहरीले सुरुमै हस्तक्षेप गऱ्यो।' महासंघले दसैँअगाडि नै किसानको भुक्तानी दिन सरकारलाई दबाब दिने पनि बताइन्।

डिडिसीको किसानलाई भुक्तानी दिनुपर्ने बक्यौता करिब एक अर्ब भए पनि किसान प्रतिनिधिले भने दुई अर्ब नाघिसकेको बताएका छन्। डिडिसीले भुक्तानी नदिई बदमासी गरेकै कारण निजी डेरी उद्योगीले समेत किसानको भुक्तानी रोकेका छन्।

दुग्ध सहकारी संघका प्रतिनिधि निजी डेरी र मन्त्रालयसँग वार्ता गर्दै

केन्द्रीय दुग्ध सहकारी संघले साढे तीन अर्ब बक्यौता पाउनुपर्ने माग राख्दै निजी डेरी उद्योगी र कृषि मन्त्रालयसँग निरन्तर छलफल गरिरहेको जनाएको छ। संघले भुक्तानी नपाए १९ भदौबाट आन्दोलन गर्ने यसअघि नै घोषणा गरिसकेको छ।

संघका अध्यक्ष अमर कुँवरका अनुसार शुक्रबार र शनिबार निजी डेरी उद्योगीसँग छलफल भएको थियो। त्यस क्रममा भुक्तानी नपाए आन्दोलन गर्ने जानकारी गराएको उनले बताए। उद्योगीले भने ठुलो मात्रामा दुग्ध पदार्थ मौज्दात राखेकाले समयमै भुक्तानी गर्न नसकेको भनाइ दोहोऱ्याएको कुँवरले जानकारी दिए।

आइतबार दिउँसो पशुपक्षी सचिव डा. दीपककुमार खरालसँग बैठक बसेको उनले बताए। 'कृषिमन्त्रीज्यू बाहिर जानुभएको रहेछ, त्यसैले सचिवज्यूसँग छलफल भयो,' उनले भने, 'हामीले आन्दोलन नगरी पैसा नपाउने हो भनेर प्रश्न गरेका थियौं। सचिवज्यूले पैसा चाँडै दिने बन्दोबस्ती भइरहेको जानकारी दिनुभयो।' सोमबार कृषिमन्त्री रामनाथ अधिकारीसँग वार्ता गर्ने तय भएको उनले बताए।

'दुध बेचेको पैसा किसानलाई दिनुको विकल्प छैन, जेजसो गरेर भए पनि दिनुस् भनेका छौं,' कुँवरले भने, 'मन्त्रालयबाट पनि निकासा आउँछ, चिन्ता नलिनु भन्ने जवाफ आएको छ,' उनले भने, 'जे गर्ने हो, १९ भदौअघि गर्नुस् नत्र हामी आन्दोलन गर्न बाध्य हुन्छौं भनेका छौं।'

१० वाणिज्य बैंकको सम्पत्ति गुणस्तर परीक्षणको जिम्मा बंगलादेशी कम्पनीलाई

हौलादार युनुस एन्ड कम्पनीले पाँच महिनाभित्र नेपालका १० वाणिज्य बैंकको विस्तृत सम्पत्ति गुणस्तर परीक्षण गर्नेछ

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूको ऋण पोर्टफोलियोको अवस्थाबारे समग्र मूल्यांकन गर्ने लक्ष्य राखेको छ



पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूको सम्पत्ति गुणस्तर परीक्षण गर्ने जिम्मेवारी बंगलादेशको ढाकास्थित हौलादार युनुस एन्ड कम्पनी नामक चार्टर्ड एकाउन्टेन्ट्सलाई दिएको छ। उक्त कम्पनीले नेपालका १० वाणिज्य बैंकको सम्पत्तिको विस्तृत गुणस्तर परीक्षण गर्नेछ।

राष्ट्र बैंकले गत वर्ष ५ मंसिरमा वेबसाइटमार्फत आशयपत्र आह्वान गरेको थियो। आशयपत्रमा सहभागीमध्येबाट मूल्यांकनमा ७१.३४ अंक प्राप्त गर्दै हौलादार युनुस एन्ड कम्पनीले बैंकहरूको सम्पत्ति गुणस्तर परीक्षण गर्ने जिम्मेवारी पाएको हो। राष्ट्र बैंकले उक्त कम्पनीलाई आइतबार इओआई दिएको हो। सम्झौताअनुसार कम्पनीले पाँच महिनाभित्र नेपालका १० वाणिज्य बैंकहरूको विस्तृत सम्पत्ति गुणस्तर परीक्षण गर्नेछ। यसका लागि कम्पनीलाई भ्याटबाहेक ६२ लाख ५४ हजार नौ सय १२ रुपैयाँ ५० पैसा र अमेरिकी डलर दुई लाख ७१ हजार ६७०.०५ उपलब्ध गराइनेछ।

नेपाल राष्ट्र बैंकले यस अध्ययनमार्फत वाणिज्य बैंकहरूको ऋण पोर्टफोलियोको अवस्थाबारे समग्र मूल्यांकन गर्ने लक्ष्य राखेको छ। वित्तीय विवरणका आधारमा हुने यो समीक्षाका लागि बैंकहरूले सन् २०२४ को जुलाई १५ सम्मको लेखा परीक्षण प्रतिवेदन, सन् २०२५ को १५ अप्रिलसम्मको वित्तीय प्रतिवेदन, आफ्ना नीति तथा कार्यविधि पेस गर्नुपर्नेछ। त्यसैगरी बाँकी बुझाइएका ऋण, असुल नहुने ऋण, पुनर्संरचना वा पुनर्तालिकीकरण गरिएका ऋण तथा ती ऋणहरूसम्बन्धी प्रावधानको विवरण, कर्जा असुलीको विवरण पनि उपलब्ध गराउनुपर्ने कार्यसर्तमा उल्लेख छ।

यसबाहेक बैंकहरूले ऋणसम्बन्धी फाइलहरू र धितो सम्पत्तिको मूल्यांकनसम्बन्धी कागजात प्रस्तुत गर्नुपर्नेछ। यस्तै, परामर्शदाताले आवश्यक ठानेका अन्य विवरण, प्रतिवेदन, सहायक तथ्यांक र विश्लेषणसमेत उपलब्ध गराइनुपर्ने व्यवस्था छ।

१० ठुला बैंकका कस्ता ऋण परीक्षणमा पर्नेछन् ?

HYC Howladar Yunus & Co. Chartered Accountants

- १५ अप्रिल २०२५ सम्मको वित्तीय विवरणका आधारमा १० ठुला वाणिज्य बैंक
- प्रत्येक बैंकका कुल ऋणमध्ये कम्तीमा ३५% भाग
- नियामकीय पुँजीको ५ प्रतिशतभन्दा माथि पर्ने ऋण
- आपसी रूपमा सम्बन्धित ऋणीलाई दिइएका कर्जा
- सबैभन्दा ठुला ५० निष्क्रिय कर्जा
- ५० ठुला पुनर्संरचना गरिएका ऋण
- ५० ठुला सक्रिय कर्जा

■ यस्तो छ परीक्षण गर्ने प्रक्रिया

राष्ट्र बैंकले शीर्ष १० वाणिज्य बैंकहरूको ऋण पोर्टफोलियोको स्वतन्त्र गुणात्मक र परिमाणात्मक मूल्यांकन गर्नेछ। लोन पोर्टफोलियो रिभ्यु गर्दा बैंकले ऋण दिने नीतिगत व्यवस्था (नियम, मार्गदर्शन र योजनाहरू) के-कस्ता छन् भन्ने मूल्यांकन गरिनेछ। त्यस्तै, ऋणको जोखिम व्यवस्थापन गर्ने नीति, त्यसका लागि बनाइएको विभागको संरचना र त्यसले अपनाएको अभ्यास कस्तो छ भन्ने परीक्षण हुनेछ।

बैंकहरूले ऋण दिँदा अपनाउने मापदण्ड, नियन्त्रण, असुल नहुने ऋण व्यवस्थापन गर्ने तरिका, धितो सम्पत्तिको मूल्यांकन, त्यसको लागत, कागजात पूरा छ कि छैन भन्ने मूल्यांकन गरिने केन्द्रीय बैंकले जानकारी दिएको छ। ऋण दिइसकेपछि त्यसको प्रयोग कहाँ भयो र त्यसको निगरानी कसरी गरिन्छ भन्ने परीक्षण पनि हुनेछ।

त्यसबाहेक कर्जा वर्गीकरण, जोखिमको भार र प्रावधान कस्तो छ भन्ने परीक्षण गर्ने कार्यसर्त छन्। यो मूल्यांकन नेपाल राष्ट्र बैंकका नियम तथा निर्देशनसँगै अन्तर्राष्ट्रिय मानकहरूबिच तादात्म्य गर्नुपर्ने सर्तमा उल्लेख छ। बैंकमा लुकाइएका विभिन्न जोखिमहरू, एउटै समूहभित्रका बैंक वा कम्पनीबिचको सम्बन्ध, सम्बन्धित व्यक्तिहरू वा भित्री कारोबारको समेत अध्ययन हुनेछ। परीक्षणमा समावेश हुने १० वटा बैंक १५ अप्रिल २०२५ सम्मको वित्तीय विवरणका आधारमा छनोट गरिनेछन्।

■ कस्ता कर्जा परीक्षणमा पर्छन् ?

परीक्षणमा सहभागी हुने प्रत्येक बैंकका कुल ऋणमध्ये कम्तीमा ३५ प्रतिशत भागको समीक्षा अनिवार्य गरिएको छ। परामर्शदाताले यस कामलाई जोखिममा आधारित विधिबाट सम्पन्न गर्नेछन्। समीक्षा प्रक्रियामा बैंकका सबैभन्दा ठुला ५० निष्क्रिय कर्जा, ५० ठुला पुनर्संरचना गरिएको ऋण र ५० ठुला सक्रिय कर्जालाई समेटिनेछ। त्यसैगरी, बैंकसँग सम्बन्धित पक्षलाई दिइएका, नियामक पुँजीको ५ प्रतिशतभन्दा माथि पर्ने ऋण तथा आपसी रूपमा सम्बन्धित ऋणीलाई दिइएका कर्जा, नियामकीय पुँजीको ५ प्रतिशतभन्दा माथि पर्ने ऋण पनि मूल्यांकनको दायरामा पर्नेछन्। यसबाहेक अन्य ऋणलाई पनि जोखिममा आधारित नमुना छनोटमार्फत परीक्षण गरिनेछ। ऋण पोर्टफोलियोलाई समूहमा विभाजन गरेर सम्भावित जोखिमपूर्ण क्षेत्रहरू जस्तै, लक्षित ऋण, अनुदानमा आधारित ऋण र घुम्ती ऋणलाई विशेष प्राथमिकता दिइनेछ। चयन भएका ऋण नमुनामा फाइल समीक्षा गरिने र नमुना छनोट तथा मूल्यांकनका सबै प्रक्रिया अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास, विशेष गरी लेखा परीक्षणको अन्तर्राष्ट्रिय मापदण्डअनुसार हुने बताइएको छ।

एन आई सी एशिया बैंक म्यूचूअल फण्ड
अन्तर्गत सञ्चालित
एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०७८/०१/३१ मा योजना संचालन अनुमति प्राप्त
२०७९/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्ष योजना
२०८२ आषाढ मसान्तको संक्षिप्त वार्षिक वित्तीय विवरण (लेखापरीक्षण भएको)

वासलात

विवरण	आषाढ २०८२सम्म रु.	आषाढ २०८१ सम्म रु.
सम्पत्ति :		
शेयर लगानी (Financial Assets Held at Fair Value)	६६९,४०५,०११	६९१,०३४,७१०
डिवेन्चरमा लगानी	१५,०००,०००	१५,०००,०००
मुद्दती निक्षेप तथा बैंक मौज्दात	४४४,३९६,७५६	३९२,५१५,४०२
अन्य चालु सम्पति, कर्जा तथा प्राप्त हुन बांकी रकम	६४,७७०,२६१	६३,५०३,१६२
जम्मा	**१,१५३,५७२,०२८**	**१,१६२,०५३,२७४**
पुँजी तथा दायित्व:		
खुद सम्पतिको श्रेय शेयरधनीलाई (बृद्धि)/कमी (Net Assets Attributable to Unit Holders)	१,१८७,३८२,३४३	१,१५६,७०८,०४०
चालु दायित्व तथा व्यवस्थाहरु	६,१८९,६८६	५,३४५,२३४
जम्मा	**१,१५३,५७२,०२८**	**१,१६२,०५३,२७४**

आय व्यय विवरण (श्रावण ०१, २०८१ देखि आषाढ ३२, २०८२ सम्म)

विवरण	आषाढ २०८२ सम्म रु.	आषाढ २०८१ सम्म रु.
आम्दानी		
ब्याज आम्दानी	११,३९८,६७२	३४,९३४,७३५
लाभांश आम्दानी	१४,२४५,५९८	३,४८७,०५६
धितोपत्र बिक्रीबाट लाभ/(नोक्सान)	१००,३३४,२४८	४८,७२३,९६०
प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	३५,८७६,३८८	२,१५४,९४०
अन्य आम्दानी	१२५,०००	६३१,३९६
ज़म्मा आम्दानी	**१६१,४७५,४०६**	**८५,५३२,०८८**
खर्च		
सूचना तथा प्रकाशन खर्च	४७८,०६०	१८१,४८०
बैंक तथा अन्य शुल्क	१,९८८	१,६४५
सफटवेयर चार्ज	-	१३५,६००
स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	५०,०००
सिडिएससि वार्षिक शुल्क	१७०,०००	१७०,०००
योजना व्यवस्थापन शुल्क	१७,५३०,२५५	१६,२८१,६७७
डिपोजीटरी शुल्क	२,३३७,३६७	२,१७०,८९०
कोष सुपरीवेक्षक शुल्क	१,१६८,६८४	१,०८५,४४५
योजना लेखा परीक्षण शुल्क	११३,०००	११३,०००
बूक बिल्डिङ शुल्क	५,०००	५,०००
शेबन शुल्क	३,७५०	७,५००
कारोबार शुल्क	२,३४७,४९९	९७४,९१६
ज़म्मा खर्च	**२४,२०५,६०२**	**२१,१७७,१५३**
खुद सम्पतीको श्रेय शेयरधनीलाई (बृद्धि/कमी	**१३७,७७४,३०४**	**६८,७५४,९३५**

नगद प्रवाह विवरण (श्रावण ०१, २०८१ देखि आषाढ ३२, २०८२ सम्म)

विवरण	आषाढ २०८२ सम्म रु.	आषाढ २०८१ सम्म रु.
क) कारोबार संचालनबाट नगद प्रवाह :		
यस वर्षको खुद नाफा (Surplus)	१३७,७७४,३०४	६८,७५४,९३५
समायोजनहरु:		
प्राप्त भइनसकेको लाभमा (बृद्धि)/कमी	(३५,८७६,३८८)	(२,१५४,९३९)
दायित्वमा बृद्धि/(कमी)	८४४,४५२	(४,०३५,३२६)
सम्पतिमा (बृद्धि)/कमी	५७,५०६,०८८	(४३,७५६,४३४)
अन्य सम्पतिमा (बृद्धि)/कमी	२५,७३२,९००	(१०९,५८४,६४६)
कारोबार संचालनबाट भएको नगद प्रवाह(१)	**१८५,४८१,३५५**	**(५०,७७६,४०५)**
ख) लगानी कारोबारबाट भएको नगद प्रवाह		
इकाई बिक्री (बृद्धि)/कमी	(१०७,१००,०००)	-
वित्तीय कारोबारबाट भएको नगद प्रवाह(२)	(१०७,१००,०००)	-
ग) लगानी कारोबारबाट भएको नगद प्रवाह		
लगानीमा बृद्धि/(कमी)	-	-
लगानी कारोबारबाट भएको नगद प्रवाह(३)	-	-
सम्पूर्ण गतिविधिबाट भएको कूल नगद प्रवाह (१+२+३)	**७८,८८१,३५५**	**(५०,७७६,४०५)**
शुरुको नगद तथा बैंक मौज्दात	२६९,५१५,४०२	३६०,२९१,८१२
अन्तिम नगद तथा बैंक मौज्दात	**३४८,३५६,७५६**	**२६५,५१५,४०२**

कोष प्रबर्द्धक: NIC ASIA एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११७७७/७८/८८, फयाक्स: ९७७-०१-५१११९८०
टोल फ्री नं. : १६६०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरी: NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं
फोन: ९७७-१-५७०५९९४, फयाक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

एन आई सी एशिया बैंक म्यूचूअल फण्ड
अन्तर्गत सञ्चालित
एन आई सी एशिया ग्रोथ फण्ड - २

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०८०/०६/१२ मा योजना संचालन अनुमति प्राप्त
२०८०/०८/२५ देखि २०८७/०८/२४ सम्म अवधि भएको ७ वर्ष योजना
२०८२ आषाढ मसान्तको संक्षिप्त वार्षिक वित्तीय विवरण (लेखापरीक्षण भएको)

वासलात

विवरण	आषाढ २०८२ सम्म रु.	आषाढ २०८१ सम्म रु.
सम्पत्ति :		
शेयर लगानी (Financial Assets Held at Fair Value)	६२१,१९१,२६९	४७०,६१९,२६९
डिवेन्चरमा लगानी	-	-
मुद्दती निक्षेप तथा बैंक मौज्दात	३०२,८५२,४५५	४४५,८७४,३४६
अन्य चालु सम्पति, कर्जा तथा प्राप्त हुन बाँकी रकम	६२,९०३,००१	२५,२५२
जम्मा	**८२६,४४६,७२५**	**९१६,५१८,८६६**
पुँजी तथा दायित्व:		
खुद सम्पतिको श्रेय शेयरधनीलाई (बृद्धि)/कमी (Net Assets Attributable to Unit Holders)	९७५,०४२,८२३	९११,११३,९९५
चालु दायित्व तथा व्यवस्थाहरु	११,९०३,९०२	५,४०४,८७०
जम्मा	**८२६,४४६,७२५**	**९१६,५१८,८६६**

आय व्यय विवरण (श्रावण ०१, २०८१ देखि आषाढ ३२, २०८२ सम्म)

विवरण	आषाढ २०८२ सम्म रु.	आषाढ २०८१ सम्म रु.
आम्दानी		
ब्याज आम्दानी	८,०२६,०९९	१०,८०२,०२६
लाभांश आम्दानी	६,९७८,८७७	१,०९७,४९४
धितोपत्र बिक्रीबाट लाभ/(नोक्सान)	४१,१३१,०२९	-
प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	२६,९०३,७४३	९,८८४,१९८
अन्य आम्दानी	२,७७३	३,५९६
जम्मा आम्दानी	**८३,०४२,५२१**	**२१,७८७,३१४**
खर्च		
सूचना तथा प्रकाशन खर्च	४३०,६१८	९७,४५९
बैंक तथा अन्य शुल्क	१,३९४	१२०
सफट्वेयर चार्ज	-	६७,८००
स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	-
सिडिएससि वार्षिक शुल्क	१२०,०००	-
योजना व्यवस्थापन शुल्क	१४,४७४,८८०	७,९६८,८८५
डिपोजीटरी शुल्क	१,९२९,९८४	१,०६२,५१८
कोष सुपरीवेक्षक शुल्क	९६४,९९२	५३१,२५९
योजना लेखा परीक्षण शुल्क	११३,०००	११३,०००
पूर्व सन्चालन खर्च	-	५,८३२,२७८
कारोबार शुल्क	१,०२८,८२६	-
जम्मा खर्च	**१५,११३,६५४**	**१५,६७३,३१५**
खुद सम्पतीको श्रेय शेयरधनीलाई (बृद्धि/कमी	**६३,५२८,८२७**	**६,११३,९९५**

नगद प्रवाह विवरण (श्रावण ०१, २०८१ देखि आषाढ ३२, २०८२ सम्म)

विवरण	आषाढ २०८२ सम्म रु.	आषाढ २०८१ सम्म रु.
क) कारोबार संचालनबाट नगद प्रवाह :		
यस वर्षको खुद नाफा (Surplus)	६३,९२८,८२७	६,११३,९९५
समायोजनहरु:		
प्राप्त भइनसकेको लाभमा (बृद्धि)/कमी	(२६,९०३,७४३)	(९,८८४,१९८)
दायित्वमा बृद्धि/(कमी)	६,४९९,०३२	५,४०४,८७०
सम्पतिमा (बृद्धि)/कमी	(१२३,६६८,२५७)	(४६०,७३५,०७०)
अन्य सम्पतिमा (बृद्धि)/कमी	(६२,८७७,७४९)	(१२५,०२५,२५२)
कारोबार संचालनबाट भएको नगद प्रवाह(१)	**(१४३,०२१,८४१)**	**(५८४,१२५,६५४)**
ख) वित्तीय कारोबारबाट भएको नगद प्रवाह		
इकाई बिक्री बृद्धि/(कमी)	-	-
यस वर्षको दौरानमा तिरेको लाभांश (खुद कर)	-	९०५,०००,०००
वित्तीय कारोबारबाट भएको नगद प्रवाह(२)	-	**५०५,०००,०००**
ग) लगानी कारोबारबाट भएको नगद प्रवाह		
लगानीमा (बृद्धि)/कमी	-	-
लगानी कारोबारबाट भएको नगद प्रवाह(३)	-	-
सम्पूर्ण गतिविधिबाट भएको कूल नगद प्रवाह (१+२+३)	**(१४३,०२१,८४१)**	**३२०,८७४,३४६**
शुरुको नगद तथा बैंक मौज्दात	३२०,८७४,३४६	-
अन्तिम नगद तथा बैंक मौज्दात	**१७७,८५२,४५५**	**३२०,८७४,३४६**

कोष प्रबर्द्धक: NIC ASIA एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११७७७/७८/८८, फयाक्स: ९७७-०१-५१११९८०
टोल फ्री नं. : १६६०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरी: NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं
फोन: ९७७-१-५७०५९९४, फयाक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

चार रुपैयाँले घट्यो डिजेल र मट्टीतेलको भाउ

काठमाडौं/ नेपाल आयल निगम लिमिटेडले आइतबार रातिबाट लागू हुने गरी डिजेल र मट्टीतेलको भाउ घटाएको छ। निगमले डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर समान चार रुपैयाँले घटाएको हो। त्यस्तै, हवाई इन्धनको मूल्यसमेत घटाइएको छ। पेट्रोल र एलपी ग्यासको मूल्य भने यथावत् राखिएको छ।

मूल्य समायोजनपछि उपत्यकामा डिजेल तथा मट्टीतेलको मूल्य एक सय ४५ रुपैयाँ प्रतिलिटर निर्धारण भएको छ। त्यस्तै, पहिलो वर्गमा पर्ने चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, नेपालगन्ज, धनगढी र वीरगन्जमा डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर एक सय ४२ रुपैयाँ ५० पैसा कायम भएको छ। त्यस्तै, दोस्रो वर्गमा पर्ने सुर्खेत र दाङमा भने डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर एक सय ४४ रुपैयाँ कायम भएको छ।

> हवाई इन्धनको भाउ पनि घट्यो, पेट्रोल र एलपी ग्यासको मूल्य यथावत्

निगमले हवाई इन्धनको मूल्य पनि समायोजन गरेको छ। आन्तरिक हवाई इन्धन एक रुपैयाँ प्रतिलिटर र बाह्य हवाई इन्धन प्रतिकिलोलिटर सात डलरले घटाएको निगमले जनाएको छ। मूल्य समायोजनपछि आन्तरिक हवाई इन्धन एक सय २७ रुपैयाँ प्रतिलिटर र बाह्य हवाई इन्धन (काठमाडौंका लागि) नौ सय ६६ डलर प्रतिकिलोलिटर पुगेको छ। बाह्य हवाई इन्धन पोखराका लागि लागि प्रतिकिलोलिटर सात सय ७२ र भैरहवाका लागि प्रतिकिलोलिटर सात सय ५९ अमेरिकी डलर कायम भएको छ। निगम सञ्चालक समितिले इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट ३१ अगस्ट (१५ भदौ)मा प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको हो।

यो दसैँमा पनि नयाँ होइन, सुकिला नोट पाइने

२९ भदौदेखि १० असोजसम्म सुकिला नोट साट्न पाइने



काठमाडौं/ नेपाल राष्ट्र बैंकले यसपालिको दसैँमा पनि नयाँ नोटको सटही सुविधा नदिने भएको छ। केन्द्रीय बैंकले यस वर्ष पनि गत वर्षमा जस्तै सुकिला नोटको सटही सुविधा दिने भएको हो।

राष्ट्र बैंकले विगतका दसैँमा नयाँ नोटको सटही सुविधा दिने गरेको गरेको भए पनि गत वर्षदेखि सुकिला नोट दिन थालेको हो। यो वर्ष आगामी २९ भदौदेखि १० असोजसम्म नोटको सटही सुविधा दिने भन्दै राष्ट्र बैंकले आइतबार सूचना प्रकाशन गरेको छ।

नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली, प्रदेशस्थित कार्यालय (विराटनगर, जनकपुर, वीरगन्ज, पोखरा, सिद्धार्थनगर, नेपालगन्ज र धनगढी)मा मुद्रा सटही सुविधा पाइनेछ। यस्तै, बैंक तथा संस्थाहरूमा गएर पनि नोट सटही सुविधा पाइने राष्ट्र बैंकको सूचनामा उल्लेख छ।

३० रुपैयाँमा पनि बिकेन जुम्लाको प्याज

भण्डारणको समस्याले चार करोडबराबरको उत्पादन बिग्रिने चिन्तामा किसान

जुम्लामा **मानदत्त रावल**

चन्दननाथ नगरपालिका- १, तलिचौर गाउँकी एकल महिला सावित्री कामीले लामो समयदेखि तरकारी खेती गर्दै आएकी छिन्। पाँचजनाको परिवार पाल्न उनले १० रोपनी जग्गा लिजमा लिएर सागपात, आलु, लसुन, प्याज, टमाटर, फर्सी, काउली, काँक्रालगायतका तरकारी उत्पादन गर्दै आएकी छिन्। यही पेसाबाट उनले गत वर्ष तीन लाख आम्दानी गरेको बताइन्।

यो वर्ष उनले २० क्विन्टलभन्दा बढी प्याज उत्पादन गरेकी छिन्। तर, स्थानीय बजारमा ३० रुपैयाँ केजीमा पनि बिक्री हुन नसकेको गुनासो गरिन्। तर, गत वर्ष तरकारीबाट राम्रो आम्दानी गरेको भए पनि यो वर्ष मुस्किल भएको उनको भनाइ छ। 'ठुलो मात्रामा उत्पादन भएको प्याज बिक्री नहुँदा कसरी घर-व्यवहार चलाउने र भाडामा लिएको जग्गाको भाडा कसरी तिर्ने भन्ने चिन्ताले सताउन थालेको छ,' उनले भनिन्, 'समयमा प्याज बिक्री नहुँदा दिन-प्रतिदिन कुहिँदै जान थालेको छ।'

सोही गाउँकी सन्ध्या मल्लले पनि घर प्याजले भरिएका कारण स्टोर गर्न समस्या भएको बताइन्। उनले भनिन्, 'मेरो घर प्याजले भरिएको छ। कहाँ राखौं। कहाँ फालौं। ठाउँ छैन। यो सबै समयमा बिक्री नहुँदा र बजारीकरणको समस्याले हो। प्याज आजभोलि प्रतिकेजी ३० रुपैयाँमा पनि बिक्री हुने गरेको छैन।'



कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारी भन्छन्-



चन्दननाथमा हुँदै आएको स्थानीय उत्पादनलाई बजारीकरणको समस्या देखिएको छ। बेमौसममा यहाँको तरकारी नपुगेर बाहिरबाट तरकारी आयात गर्नुपर्ने अवस्था छ। मौसममा पनि यहाँको तरकारी यहीं खपत हुन सकेको छैन। ठुलो भोलुममा तरकारी उत्पादन गरी बाहिर बजारमा जोड्न आवश्यक छ।

तलिचौरको एक सय ४५ घरधुरीमा अहिले प्रत्येक घरमा कम्तीमा १० क्विन्टल प्याज उत्पादन भएको छ। तर, मूल्य नपाउँदा कसैले पनि बिक्री गर्न नपाएको किसान मल्लले बताइन्। चन्दननाथ नगरपालिका- १ का वडाध्यक्ष तिलकप्रसाद न्यौपानेले तलिचौरका किसानको मुख्य आयस्रोत नै तरकारी खेती भएको बताए। नर्वे सरकार र युएनडिपीको आर्थिक सहयोगमा पेस नेपाल जुम्लाले 'कृषि खाद्य प्रणालीका लागि नवीकरणीय ऊर्जा (रेरास) परियोजना सञ्चालन गरेको छ। सोही परियोजनाअन्तर्गत तरकारी उत्पादन पकेट क्षेत्रमा व्यावसायिक रूपमा तरकारी खेती गरिएको हो। कृषक पाठशाला, जैविक खेती, थोपा सिँचाइ, प्लास्टिक टनेल, गोठ सुधार, झोलमल र जैविक विषादी निर्माणलगायतका गतिविधिमा दाताले सहयोग गरेका छन्।

तातोपानी गाउँपालिका- २, जर्मीगाउँका २८ जना र चन्दननाथ नगरपालिका- १, तलिचौरका २२ जना गरी ५० जना युवा किसानलाई व्यावसायिक तरकारी खेतीबाट आत्मनिर्भर बनाउन ६४ लाख २५ हजार लगानी भएको थियो। सो गाउँमा अहिले चार करोडबराबरको प्याज उत्पादन भएको छ। जुम्लाकै स्थानीय बजारमा खपत हुँदैन। सुर्खेत, नेपालगन्जमा केही मात्रमा बिक्री भए पनि धेरै प्याज थन्किएर बसेको वडाध्यक्ष न्यौपानेले बताए। कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीका अनुसार स्थानीय उत्पादनलाई बजारीकरणको समस्या नै देखिएको छ। उनले भने, 'बेमौसममा यहाँको तरकारी नपुगेर बाहिरबाट तरकारी आयात हुन्छ। तर, मौसममा यहाँको तरकारी यहाँ खपत हुने गरेको छैन। ठुलो भोलुममा तरकारी उत्पादन गरी बाहिर बजारसम्म सञ्जाल जोड्न आवश्यक छ।'

सिटिजन्स बैंकका गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका शाखामा सेमिनार



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलले गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका आफ्ना शाखामा सेमिनार आयोजना गरेको छ। बैंकले 'इन्स्पाएरिङ लिडरसिप एन्ड पर्फमेन्स सेमिनार : अचिभिङ बजेट गोल्स एन्ड अपेरेसनल सक्सेस इन गण्डकी, कर्णाली एन्ड सुदूरपश्चिम' नामक कार्यक्रम आयोजना गरेको छ। सेमिनारमा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल, नायब प्रमुख कार्यकारी अधिकृत र वरिष्ठ कार्यकारीहरूको उपस्थिति रहेको थियो।

सेमिनारमा गत आर्थिक वर्षको कार्यप्रगति समीक्षा एवं चालू आर्थिक वर्षका प्राथमिकतामा छलफल गर्दै केन्द्र र प्रदेशबिच सहकार्य सुदृढ गर्ने विषयमा गहिरो अन्तर्क्रिया भएको बैंकले जनाएको छ। हालै मधेश, बागमती र कोशी प्रदेशमा यस्तै प्रकारको सेमिनार सञ्चालन गरिएको थियो। त्यसैको निरन्तरतास्वरूप गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा काठमाडौंलाई केन्द्र बनाएर त्यसै किसिमको सेमिनार गरिएको बताइएको छ।

बैंकले गत आवको असार मसान्तसम्म कर्जा, निक्षेप, खुद ब्याज आम्दानीजस्ता सूचकमा दोहोरो अंकको वृद्धि गर्दै कोषको लागत घटाउने, बेस रेट कम गर्ने तथा कर्जा जोखिम व्यवस्थापनमा उल्लेखनीय सुधार गर्ने सफलता हासिल गरेको छ।

नबिल बैंक र निम्बजबिच ई-सिमका लागि सम्झौता



काठमाडौं/ नबिल बैंक र निम्बजबिच डेटा ई-सिम र अन्तर्राष्ट्रिय ड्राइभिङ परमिट सेवाका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ। यो समझदारीसँगै बैंकका ग्राहकले एनबैंक मोबाइल एपमार्फत विभिन्न मुलुकका लागि डेटा ई-सिम र अन्तर्राष्ट्रिय ड्राइभिङ परमिट सेवा लिन सक्नेछन्। उक्त सम्झौतामा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत आदर्श बजगाईं र निम्बजका निर्देशक ऋषभ तिमिल्सिनाले सम्झौतापत्रमा हस्ताक्षर गरे।

यससँगै बैंकको एपमार्फत ग्राहकले चीन, भारत, अमेरिका, अस्ट्रेलिया, दुबई, थाइल्यान्ड, कतार, जापान, कोरिया, इटाली, फ्रान्स, क्यानडालगायत दुई सयभन्दा बढी देश र क्षेत्रका लागि डेटा ई-सिम लिन सक्नेछन्। बैंकका अनुसार विभिन्न देश र क्षेत्रमा भ्रमणमा जाने, विद्यार्थी तथा वैदेशिक रोजगारीमा जानेले बैंकको एपबाटै सम्बन्धित देशको अन्तर्राष्ट्रिय डेटा प्लान खरिद गर्न सक्नेछन्।

विदेश जानेबित्तिकै इन्टरनेटको समस्या हुने, सिम खरिदका लागि केवाइसी फाराम भर्नुपर्ने र विदेशी मुद्रा बुझाउनुपर्ने बाध्यतालाई मध्यनजर गरी यो सम्झौता गरिएको बजगाईंले बताए। साथै, उनले एपबाटै सजिलै आफूअनुकूलको डेटा प्याकेज खरिद गर्न सकिने जानकारी दिए।

यसका साथसाथै एनबैंक एपबाटै अन्तर्राष्ट्रिय ड्राइभिङ परमिट पनि लिन सकिनेछ। बैंकका अनुसार संयुक्त राष्ट्रसंघको मापदण्डअनुसार तयार हुने उक्त अनुमतिपत्र एक सय ९० भन्दा बढी देशका लागि मान्य हुनेछ।

दुई गुणा खुसी दिने सामसङको 'दिनदिनै दसैं' योजना



काठमाडौं/ चाडबाड नजिकिँदै गर्दा सामसङ नेपालले 'दिनदिनै दसैं' सार्वजनिक गरेको छ। कम्पनीले दसैंलाई अझ रमाइलो बनाउन नयाँ योजना सार्वजनिक गरेको हो। यो योजना १ सेप्टेम्बरदेखि २८ सेप्टेम्बर ०२५ सम्म लागू हुने बताइएको छ। कम्पनीका अनुसार योजना अवधिमा नयाँ सामसङ स्मार्ट फोन वा ट्याब्लेट खरिद गर्ने ग्राहकले दैनिक उपहार जित्ने अवसर पाउनेछन्। योजनामा सहभागी हुनचाहिँ ग्राहकले नयाँ सामसङ स्मार्ट फोन वा ट्याब्लेटको सिरियल नम्बर टाइप गरी सामसुङ स्पेस (सिरियल नम्बर) लेखेर ३५००१ मा एमएमएस पठाउनुपर्नेछ।

प्रत्येक दिन एक भाग्यशाली विजेताले एक लाख रुपैयाँसम्म र अन्य १० जनाले १० हजारसम्मको भाटभटेनी सपिङ भौचर प्राप्त गर्नेछन्। यसरी अफर अवधिभर दैनिक ११ जना विजेताले उपहार जित्ने कम्पनीले जनाएको छ। यी सपिङ भौचर दैनिक उपभोग्य सामानदेखि चाडपर्व तयारीसम्म जुन्सुकै प्रयोजनमा प्रयोग गर्न सकिने भएकाले अफर उपयोगी र उत्साहजनक बन्ने कम्पनीको भनाइ छ। कम्पनीका निर्देशक प्रणयरत्न स्थापितका अनुसार यस योजनामार्फत सामसङले ग्राहकलाई चाडबाडको अनुभव दिने आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिएको छ।

एनआइसी एसियाका ग्राहकलाई सिपी हस्पिटलमा छुट



काठमाडौं/ एनआइसी एसिया बैंकका ग्राहकले धनगढी, कैलालीमा रहेको सिपी हस्पिटल प्रालिमा छुट पाउने भएका छन्। बैंकका ग्राहकलाई स्वास्थ्य उपचार सेवामा छुट उपलब्ध गराउन दुवै पक्षबिच सम्झौता सम्पन्न भएको छ। यससँगै बैंकका ग्राहकले सिपी हस्पिटलमा उपचार गरी डिजिटल भुक्तानी गर्दा अस्पतालले उपलब्ध गराएका विभिन्न सेवामा २० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। छुट सुविधाको लाभ उठाउन ग्राहकले बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड प्रयोग गरी वा मोबाइल बैंक एपमार्फत भुक्तानी गर्नुपर्नेछ। हस्पिटलसँगको यस सहकार्यले धनगढीस्थित बैंकका ग्राहक लाभान्वित हुने र देशको डिजिटल भुक्तानी सेवा प्रवर्द्धनमा पनि सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

सानिमाका ग्राहकलाई बस सेवाबाट टिकट खरिद गर्दा क्यासब्याक



काठमाडौं/ सानिमा बैंकले बसको टिकट खरिद गर्ना क्यासब्याक योजना ल्याएको छ। यसका लागि बैंकले बस सेवासँग समझदारी गरेको छ।

जसअनुसार बैंकका ग्राहकले सानिमा भिसा डेबिट-क्रेडिट कार्डमार्फत अनलाइन भुक्तानी गरी बस सेवाबाट नेपालभरिको टिकट खरिद गर्दा १५ प्रतिशत वा अधिकतम दुई सय रुपैयाँसम्म छुट पाउनेछन्। त्यसैगरी भारतको बस टिकटको खरिद गर्दा पनि १५ प्रतिशत वा अधिकतम चार सय रुपैयाँसम्म क्यासब्याक पाउने बैंकले जनाएको छ। आइतबारदेखि लागू भइसकेको योजना आगामी १४ फागुनेसम्म चल्नेछ।

रिलायबल नेपालको वार्षिकोत्सवमा विविध कार्यक्रम आयोजना



काठमाडौं/ रिलायबल नेपाल लाइफ इन्स्योरेन्स नर्वी वर्षमा प्रवेश गरेको छ। यही अवसरमा कम्पनीले केन्द्रीय कार्यालयसहित देशका विभिन्न ठाउँमा छुट्टा-छुट्टै कार्यक्रम गरेको जनाएको छ।

कम्पनीका कर्मचारी तथा एडभाइजरहरूको समेत सहभागितामा केन्द्रीय कार्यालय ज्ञानेश्वरबाट बिमा जागरणसहितको प्रभातफेरी कार्यक्रम निकालिएको थियो। उक्त प्रभातफेरी मैतीदेवी, डिल्लीबजार, पुतलीसडक, कृष्ण पाउरोटी हुँदै पुनः ज्ञानेश्वर पुगेर समापन भएको थियो।

यही अवसरमा कम्पनीले महेन्द्रनगर, धनकुटा, लहान, भैरहवा शाखामा रक्तदान तथा स्थास्थ्य शिविर पनि सम्पन्न गरेको छ। त्यसैगरी राजविराज, चितवन, सुन्दर बजार, मिर्चैया शाखामा वृक्षारोपण, पुतलीबजार, विराटनगर, सुर्खेत, बुटवल, गोरखा, धनगढी, दमौली, बनेपा, इलाम, शाखाद्वारा विद्यालयलाई शैक्षिक सामग्री तथा वृद्धाश्रममा खाद्य सामग्री वितरण र सरसफाइसमेत गरिएको थियो।

महालक्ष्मी विकास बैंक इन्डियन चेम्बर अफ कमर्सबाट सम्मानित



काठमाडौं/ महालक्ष्मी विकास बैंक इन्डियन चेम्बर अफ कमर्स, कोलकाता, भारतको प्रतिष्ठित अवार्डबाट सम्मानित भएको छ। बैंक 'सम्पत्ति गुणस्तर'अन्तर्गतको विधामा सम्मानित भएको हो। शुक्रबार नयाँदिल्लीमा आयोजित 'तेस्रो इमर्जिङ एसिया बैंकिङ कनक्लेभ एन्ड अवार्ड्स' कार्यक्रममा बैंकले उक्त सम्मान प्राप्त गरेको हो।

बैंकले सम्पत्तिको संरचना तथा यसको प्रभावकारी परिचालन र गुणस्तर सुधारमा उल्लेखनीय कार्य गरेबापत उक्त अवार्ड प्राप्त गरेको बताइएको हो। यो अवार्ड पाएसँगै अन्तर्राष्ट्रिय क्षेत्रमा बैंकको पहिचान स्थापित गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

नेपाल होस्टल एशोसिएसन (NeHA)

जिल्ला कार्यसमिति, काठमाडौं, नेपाल, ०१-५९१३९१२

साधारणसभा सम्बन्धि सूचना

नेपाल होस्टल एशोसिएसन (NeHA) काठमाडौं जिल्ला कार्यसमितिको एघारौं वार्षिक साधारणसभा तथा अधिवेशन निम्न मिति, समय र स्थानमा गरिने हुँदा सम्बन्धित सम्पूर्ण सदस्यज्यूहरूमा जानकारी सहित उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

नोट : २०८१/०८२ सालको होस्टल नविकरण गर्न छुट्नु भएका व्यवसायीहरूलाई भदौ २२ गतेसम्म म्याद थप गरिएकाले आफ्नो सदस्यता नविकरण गर्न अनुरोध गरिन्छ। साथै प्यान नंबर अनिवार्य गरिएको छ। अन्यथा प्रतिनिधि मान्य हुने छैन।

मिति : २०८२ भदौ ३० गते, सोमबार
समय : बिहान ११:०० बजे
स्थान : काठमाडौं बैक्वेट प्रा.लि., थापागाउँ, नयाँ बानेश्वर

कार्यक्रम :

- अध्यक्ष बाट मन्तव्य प्रस्तुत छलफल तथा अनुमोदन।
- सचिव बाट प्रतिवेदन प्रस्तुत छलफल तथा अनुमोदन।
- कोषाध्यक्ष बाट आय-व्यय प्रस्तुत छलफल तथा अनुमोदन।
- नयाँ कार्यसमिति चयन।
- विविध।

सचिव
सपना भट्टराई

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्तिहरूको गोप्य शिलबन्दीद्वारा लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८२/०५/१६ गते

यस बैंकको विभिन्न शाखाहरुबाट ऋण/कर्जा लिनु हुने तपसिलको ऋणीले लिएको ऋण/कर्जाको साँवा, ब्याज र अन्य दैदस्तूर बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा बैंकलाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बैंकको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित सम्पत्ति (चल/अचल) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। तोकिएको समयभित्र बैंक समक्ष प्राप्त बोलपत्रहरु मिति २०८२/०६/०१ गते, दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ कथम कदापि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ। उक्त दिन र समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत बैंकको नाममा घर/जग्गा धितोबन्धक पारित गरिदिनुहुने धितो धनी तथा ऋण कर्जाको जमानी दिनु हुने तपसिलका उल्लेखित व्यक्तिहरु लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं। बोलपत्र फारम बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं तथा शाखा कार्यालयहरुबाट रु. १०००.००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।

तपसिल

शाखा कार्यालय : टिकापुर, कैलाली

कर्जा शिर्षक : सवारी साधन कर्जा

ऋणी

नाम : मञ्जु एण्ड सुस्मा सप्लाएर्स
दर्ता नं. प्रा.फ.र.नं. २४०७७/०७३/७४, दर्ता मिति : २०७४/०२/२१
रजिष्टर्ड ठेगाना : कैलाली जिल्ला, जोशीपुर गा.पा. वडा नं. ५, **प्रोप्राईटर : अन्तराम चौधरी**

जमानतकर्ताहरू

१. नाम : अन्तराम चौधरी ना.प्र.नं. ६७२०३४/३४५८२, जि.प्र.का. कैलाली जारी मिति : २०७०/०४/०४ बाबुको नाम : बाबुराम डगौरा बाजेको नाम : जगत राम डगौरा स्थायी ठेगाना : कैलाली जिल्ला, बौनिया गा.वि.स./उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : कैलाली जिल्ला, जोशीपुर गा.पा. वडा नं. ५	**२. नाम : बाबुराम डगौरा** ना.प्र.नं. ३९५, जि.का. कैलाली जारी मिति : २०४५/०२/११ बाबुको नाम : जगत राम डगौरा बाजेको नाम : दुबारि डगौरा स्थायी ठेगाना : कैलाली जिल्ला, बौनिया नगर/गाउँ पंचायत वडा नं. २ हालको ठेगाना : कैलाली जिल्ला, जोशीपुर गा.पा. वडा नं. ५
३. नाम : मञ्जु देवि डगौरा ना.प्र.नं. १४४३१, जि.प्र.का. कैलाली, इ.प्र. शाखा टिकापुर जारी मिति : २०६१/०४/१३ पतिको नाम : बाबुराम डगौरा ससुराको नाम : जगत राम डगौरा स्थायी ठेगाना : कैलाली जिल्ला, बौनिया गा.वि.स. वडा नं. २ हालको ठेगाना : कैलाली जिल्ला, जोशीपुर गा.पा. वडा नं. ५	**४. नाम : सुस्मा चौधरी** ना.प्र.नं. ६७-२४-७०/००२६१, जि.प्र.का. कैलाली जारी मिति : २०७०/०२/१२ पतिको नाम : अन्तराम चौधरी ससुराको नाम : बाबुराम डगौरा स्थायी ठेगाना : कैलाली जिल्ला, धनसिंहपुर गा.वि.स. /उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कैलाली जिल्ला, जोशीपुर गा.पा. वडा नं. ५

सवारी साधनको विवरण

ईन्जिन नं.	चेसिस नं.	सवारी दर्ता नं.	मोडेल
4SPCR10JYX628179	MAT464602MSR13675	सु.प.प्र.०१ ००१ च ३५५०	TATA XENON YODHA SC 4X2

बनेको मुलुक/निर्माता कम्पनी	सि.सि./ईन्जिन पावर	सिट क्षमता	बनेको साल	पेट्रोल वा डिजेल	रंग	सवारी किसिम
भारत	२९५६	२	२०२१	डिजेल	White	व्यवसायिक

शाखा कार्यालय : बर्दिबास, महोत्तरी

कर्जा शिर्षक : आवास कर्जा

ऋणीहरु : धन बहादुर समाल मगर र बिमला समाल

जमानतकर्ताहरू

१. नाम : धन बहादुर समाल मगर ना.प्र.नं. १४७८२६०८, जि.का. धनुषा जारी मिति : २०४४/११/३० बाबुको नाम : ज्ञान बहादुर समाल मगर बाजेको नाम : मेघ बरण समाल मगर स्थायी ठेगाना : धनुषा जिल्ला, भुचक्रपुर नगर/गाउँपन्चायत वडा नं. २ हालको ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १	**२. नाम : बिमला समाल** ना.प्र.नं. ६२८/४५६७, जि.प्र.का. महोत्तरी जारी मिति : २०४५/०२/०३ मा जारी भई मिति २०७६/०३/१८ मा प्रतिलिपि जारी पतिको नाम : धन बहादुर समाल मगर ससुराको नाम : ज्ञान बहादुर समाल मगर ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : बागमती, जिल्ला : ललितपुर

न.पा./गा.वि.स./गा.पा. सावि	न.पा./गा.वि.स./गा.पा. हाल	वडा नं. सावि	वडा नं. हाल	धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (रोपनी)	कैफियत
ललितपुर	ललितपुर	४	१३	बिमला समाल	५३४	०-३-३-२	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
					५३०	०-०-१-०	
					१५४	०-०-१-२	

सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.
टीकापुर, कैलाली ०९१-५६१२५८, बर्दिबास, महोत्तरी ०४४-५५०५०९

Invitation For Sealed Bids

First time published on August 18, 2025

Laxmi Sunrise Bank Ltd. invites sealed proposals from registered, eligible, and interested service providers in the bid process for the procurement of SentinelOne Endpoint Protection.

Interested companies can obtain bid documents from the Bank's General Sourcing & Property Management Department, at Corporate Office, Hattisar, upon payment of non-refundable bid document fee for NPR. 3,000. Sealed bid proposals along with technical and financial details are to be submitted by September 7, 2025, in the format of bid documents addressing to General Souring & Property Management Department. Bid proposals submitted after the deadline will not be accepted.

Laxmi Sunrise Bank Ltd. reserves the right to accept or reject any or all the proposals without assigning any reasons whatsoever.

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

Laxmi Complex, Hattisar, Kathmandu
Phone No.: 5970684/4217070
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, टेकु शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०५/१६ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल फाल्गुन महिना २१ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना :
१.	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १२१९१३/७०/०७१ कायम भई मिति २०७१/०१/१२ मा दर्ता भएको काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ०९, मानटार स्थित **कालिन्चोक सः मिल प्रा. लि.** ।
	व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
१.	अभिमान भुजेलको नाती, मान बहादुर भुजेलको छोरा, महोत्तरी जिल्ला, गौरीवास उ.म.न.पा./गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३२, पेप्सीकोला टाउन प्लानिङ बस्ने **मदन कुमार भुजेल** ।
२.	जय बहादुर रायमाझी क्षेत्रीको नाती, भुवन बहादुर रायमाझी क्षेत्रीको छोरा, अर्घाखाची जिल्ला, भुमिकास्थान न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं ०३, मन्डिखाटार बस्ने **काजी बहादुर रायमाझी क्षेत्री** ।
३.	मान बहादुर कार्कीको छोरी, काजी बहादुर रायमाझी क्षेत्रीको श्रीमती, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३, मन्डिखाटार बस्ने **सकुन्तला कार्की** ।
४.	भुवन बहादुर रायमाझी क्षेत्रीको नाती, काजी बहादुर रायमाझी क्षेत्रीको छोरा, कपिलवस्तु जिल्ला, वाणगंगा गा.वि.स./उ.म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३, मन्डिखाटार बस्ने **आदेश रायमाझी** ।
५.	भुवन बहादुर रायमाझी क्षेत्रीको नाती, काजी बहादुर रायमाझी क्षेत्रीको छोरा, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३, मन्डिखाटार बस्ने **सन्देश रायमाझी** ।
	धितो सुरक्षणको विवरण :
१.	**शकुन्तला कार्की रायमाझी**को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३ स्थित नक्सा सीट नं. १०२०९४७२१ को कित्ता नं. ४९ को ४७५.८० (वर्ग.मि) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२.	**काजी बहादुर रायमाझी क्षेत्री**को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३ स्थित नक्सा सीट नं. १०२०९४७२१ को कित्ता नं. २४४ को १२७.१६ (वर्ग.मि) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
३.	धनी सानिमा बैंक लिमिटेड (ऋणी कालिन्चोक सःमिल प्रा.लि.) को नाममा यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुरमा दर्ता रहेको निम्न बमोजिमको सवारी साधन :

सवारीको मोडल	सवारी साधन नम्बर	इन्जिन नम्बर	च्यासिस नम्बर	बनेको साल
Proton X70	बाग्मती प्रदेश ०१ ०२५ च १६२५	3G15TDKBUA3104217	PL1NL2EVRMG021639	२०२०

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय टेकुमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/कम्पनी/फर्म/संस्थाहरूले **२०८२ साल आश्विन महिना ०५ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८२ साल आश्विन महिना ०८ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

■ नारायणी रंगशाला

जीर्ण खेलमैदान निर्माणमा खटिए खेलाडी

वीरगन्जमा **तिवारी यादव**

जीर्ण रहेको वीरगन्जको नारायणी रंगशालाको खेलमैदान सरसफाइदेखि मर्मतसम्भारमा स्थानीय खेलाडी खटिएका छन्। बजेट अभावका कारण जीर्ण बनेको रंगशाला निर्माण गर्न सरकार उदासीन भएको भन्दै अभ्यासका लागि खेलमैदान सरसफाइदेखि मर्मत गर्न खेलाडी आफैं फ्रन्टलाइनमा देखिएका हुन्। स्थानीय खेलाडी खेलमैदानको सरसफाइदेखि मर्मतसम्भारमा जुटेको आरम्भ भेट्टान क्लबका सचिव सन्तोष खड्काले बताए।

'रंगशाला पूर्ण रूपमा जीर्ण भएकाले खेलकुद प्रतियोगिता पनि रोकिएको अवस्था छ। अब, मैदान सरसफाइ गरेर भए पनि अभ्यास गर्न सकिने भएकाले यसमा खटिएका हौं,' खड्काले भने। बिहानको समयमा खेलाडी र १३ नम्बर गणका सशस्त्र प्रहरी जवान खेलमैदानमा सरसफाइदेखि मर्मतमा खटिने गरेको उनले बताए।

राजकिशोर सिंहले पनि यहाँको खेलमैदान जीर्ण हुँदा खेलाडीलाई समस्या भएको दुखेसो पोखे। 'अभ्यास गर्ने वातावरण नै छैन। कुनै पनि खेलमा सहभागी हुन पनि समस्या छ,' सिंहले भने। काठमाडौं त्रिपुरेश्वरको दशरथ रंगशालापछिको दोस्रो ठुलो नारायणी रंगशाला पटक-पटक विभिन्न मन्त्रीले अनुगमन र निरीक्षण गरिसकेका छन्। तर, स्तरोन्नति गर्न बजेट विनियोजना गर्ने आश्वासन दिएर पनि बेवास्ता गरिएपछि खेलाडी र खेलकर्मीले दुःख व्यक्त गरेका छन्।



खेलाडी आफैं अभ्यासका लागि खेलमैदान सरसफाइदेखि गर्दै

दशरथ रंगशालापछिको दोस्रो ठुलो नारायणी रंगशालामा अनुगमन तथा निरीक्षण भए पनि स्तरोन्नति गर्न बजेट विनियोजन गर्ने सरकारको आश्वासन मात्र

प्रतियोगिता नहुँदा खेलाडी निराश

०४३ मा निर्माण भएको नारायणी रंगशाला अहिले स्थानीय तह, प्रदेश र संघीय सरकारको उदासीनताका कारण जीर्ण अवस्थामा पुगेको हो। तत्कालीन अञ्चलाधीश लक्ष्यबहादुर गुरुङको पहलमा निर्माण गरिएको नेपालकै दोस्रो ठुलो नारायणी रंगशालाको प्यारापिट संरक्षणको अभावमा जीर्ण बनेको छ। लेउ लागेपछि प्यारापिटको सुन्दरता नै हराएको छ। फोहोर पनि उस्तै छ। नारायणी रंगशाला र छेउमा रहेको क्रिकेट मैदान पनि ओझेलमा पर्दै गएको वीरगन्जका महेशप्रसाद यादवले बताएका छन्। '३५ वर्ष पुरानो फुटबल मैदान अहिले जीर्ण अवस्थामा पुगेको छ। सरकारले समयमा उचित मर्मतसम्भार नगर्दा समस्या भएको हो।'

१८ बिघा क्षेत्रमा फैलिएको क्रिकेट र फुटबल मैदान जीर्ण बन्दै जाँदा वीरगन्जमा खेलकुद गतिविधिमा कमी आउनु र खेलप्रेमी निराश बन्नुको साथै राष्ट्रिय खेलाडी उत्पादनमा पनि समस्या बन्दै गएको फुटबल खेलाडी सुनील राउतले बताए। उनका अनुसार रंगशाला पुनर्निर्माणका लागि डिपिआर पनि तयार गरिएको छ, तर डिपिआरअनुसार काम भने हुन सकेको छैन।

'प्यारापिट निर्माणको टेन्डर भइसक्यो'

सरकारले आव ०८२/८३ मा नारायणी रंगशालाको स्तरोन्नतिका लागि चार करोड बजेट विनियोजन गरेर टेन्डर भइसकेको राष्ट्रिय खेलकुद परिषद्का इन्जिनियर शिवचन्द्र यादवले जानकारी दिए। उनका अनुसार चालू आवमा नारायणी रंगशालामा बजेट परेकाले चार करोडको प्यारापिट निर्माण गर्न १० भदौमा टेन्डर भइसकेको अवस्था छ।

जिल्लाका अन्य खेलमैदानको पनि निर्माणदेखि स्तरोन्नतिको टेन्डर प्रक्रिया अगाडि बढिरहेको इन्जिनियर यादवले बताए। यस्तै, पर्साका विभिन्न ठुला रंगशाला र खेलमैदानका लागि बजेट छुट्याएको छ। जिल्लाका विभिन्न खेलमैदानका लागि १७ करोड बजेट छुट्याएको बजेट पुस्तिकामा उल्लेख छ। वीरगन्ज महानगरपालिकाअन्तर्गतको नारायणी रंगशाला, निर्माणाधीन नारायणी बहुउद्देश्यीय कभर्ड हल, आदर्शनगर रंगशाला र बढनियार मैदानका लागि बजेट विनियोजन भएको छ।

नारायणी रंगशाला स्तरोन्नतिका लागि चार करोड, नारायणी बहुउद्देश्यीय कभर्ड हललाई चार करोड छुट्याइएको छ। यस्तै, आदर्शनगर रंगशाला र बढनियार खेलकुद ग्राउन्ड निर्माण गर्न तीन करोड छुट्याइएको छ। जगरनाथपुर गाउँपालिकाको मधुवाहा मेघराज उपाध्याय क्रिकेट मैदान पनि समेटिएको छ। उक्त मैदानका लागि तीन करोड बजेट परेको छ। सोही वडामा रहेको क्रिकेट खेलमैदानमा तीन करोड बजेट परेको छ।

अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि अयोग्य दशरथ रंगशालामा रग्बी हुँदै



काठमाडौं/ एसियाली फुटबल महासंघ (एफसी)ले अन्तर्राष्ट्रिय मान्यताप्राप्त खेलका लागि अयोग्य ठहर दशरथ रंगशालामा ३० भदौमा रग्बी सिरिज हुने भएको छ। नेपाल रग्बी संघको आयोजनामा दोस्रो नेपाल-बंगलादेश अन्तर्राष्ट्रिय रग्बी सिरिज त्रिपुरेश्वरको रंगशालामा हुने भएको हो। सिरिजमा रग्बी सेभेन्सका दुई तथा ३१ भदौमा फिफ्टिन्सको एक खेल हुने आयोजक संघका अध्यक्ष दीपक देवकोटाले बताएका छन्।

सिरिज सञ्चालन गर्न करिब ३५ लाख खर्च हुने आयोजकले जनाएको छ। सिरिजको पहिलो संस्करण बंगलादेशको ढाकामा सन् २०२२ मा भएको थियो। एएफसीले भने यसै वर्ष हुने मलेसिया र भियतनामको खेल दशरथ रंगशालामा गर्न नसकिने अखिल नेपाल फुटबल संघ (एन्फा)लाई बताएको छ। विशेषतः रंगशालामा सिट नम्बर व्यवस्थित नभएको तथा दर्शक, भिआइपी, मिडिया प्रवेश गर्ने एउटै गेट भएको एएफसीको भनाइ छ।

रंगशालाको फ्लड लाइट र मैदानको सतहसमेत नमिलेको, ड्रेनेज पनि ठिक नभएको त्रुटि देखाउँदै एएफसीले दशरथ रंगशालामा अन्तर्राष्ट्रिय खेल आयोजना गर्न नमिल्ने बताएको छ। यससँगै नेपालले न्युट्रल भेन्यु खोज्नुपर्ने भएको छ। एएफसीले मलेसिया र भियतनामको खेल आयोजना गर्न नदिएपछि यही मैदानमा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल हुँदै छ। भदौ अन्तिम साता नै नेपालले बंगलादेशसँग दुई खेल खेल्दै छ।

भुटानसँग बराबरी खेल्दै नेपालको साफ यात्रा सकियो

साफ यू-१७ महिला च्याम्पियनसिपका ६ खेलमा ४ अंक जोडेको नेपाल तेस्रो स्थानमा



नयाँ पत्रिका

नेपालले साफ यू-१७ महिला च्याम्पियनसिपमा आइतबार भुटानसँग १-१ को बराबरी नतिजा निकालेको छ। बराबरीसँगै नेपालको साफको यात्रा सकिएको छ। भुटानको राजधानी थिम्पुस्थित चाङलिमिथाङ रंगशालामा ४ अंक बटुलेको नेपाल चार राष्ट्र सहभागी प्रतियोगितामा तेस्रो भएको छ। उपाधि जित्ने लक्ष्यसहित थिम्पु पुगेको नेपालले ६ मध्ये एकमा जित तथा एकमा बराबरी नतिजा निकाली ४ अंक जोडेको छ। नेपालले पहिलो चरणमा भुटानलाई २-१ ले हराएको थियो। सो खेलमा सहारा लिम्बूले दुई गोल गरेकी थिइन्।

उपाधि विजेता भारतसँग नेपाल ७-० र ५-० तथा उपविजेता बंगलादेशसँग ३-० र ४-१ ले पराजित भएको थियो। आयोजक भुटान २ अंकसहित पुछारमा रह्यो। भुटानले बंगलादेशसँग पहिलो लेगमा ३-१ को हारको सामना गरेको थियो। दोस्रो चरणमा उत्कृष्ट प्रदर्शन गर्दै भुटानले बंगलादेशलाई १-१ को बराबरीमा रोक्दै अंक बटुल्यो। भुटानले भारतसँग ८-० र ५-० को फराकिलो हार बेहोर्‍यो।

१५ मिनेटमै नेपालको अग्रता

दोस्रो चरणमा नेपालले भुटानविरुद्ध उत्कृष्ट सुरुवात गरेको थियो। खेलको १५औं मिनेटमै नेपालले १-० को अग्रता लियो। नेपाललाई बबतिका कार्कीले अग्रता गोल गरिन्। तर, नेपालले अग्रता रक्षा गर्न सकेन। भुटानकी सोनम याङ्जेनले बराबरी गोल फर्काइन्। डिबक्सभित्र भुटानी डिफेन्डरसँग डिफ्लेक्ट भएर आएको बलमा सिर्जनाले नेपाललाई अग्रता दिलाएकी थिइन्। भुटानले पहिलो हाफको इन्जुरी समयमा १-१ को बराबरी गोल गर्‍यो।

एपिएफको लगातार तेस्रो हार

नेपालबाट प्रतिनिधित्व गरेको नेपाल एपिएफ क्लबले आइतबार एएफसी महिला च्याम्पियन्स लिगको समूह चरणमा लगातार तेस्रो खेलमा हारको सामना गरेको छ। मारिया डा सिल्भाको ह्याट्रिकको सहयोगमा साउदी अरेबियाको अल नासारले एपिएफमाथि ६-१ को सानदार जित निकाल्यो। उज्वेकिस्तानको कार्सी रंगशालामा भएको खेलमा एपिएफले खेलको कुनै पनि समयमा गतिलो प्रदर्शन गर्न सकेन।

खेलको ५०औं मिनेटमा सविता रानामगरले एपिएफका लागि एक मात्र गोल गरिन्। एएफसी महिला च्याम्पियन्स लिगमा नेपाली क्लबले गरेको यो पहिलो गोल थियो। यसअघि पहिलो खेलमा एपिएफ एफसी नासाफसँग ३-० ले पराजित भएको थियो। दोस्रो खेलमा थाइल्यान्डको कलेज अफ एसियन स्कोलर्सले एपिएफलाई ४-० ले हरायो। एपिएफले दोस्रोपटक छनोट खेल खेलेको हो। अंकविहीन एपिएफ समूह चरणबाटै बाहिरियो।

■ नेपाल ओलम्पिक कमिटी विवाद

लोगो दुरुपयोग नगर्न तदर्थ समितिलाई ओसिएको चेतावनी

रमेश सुवेदी/नयाँ पत्रिका

ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)ले आफ्नो लोगो दुरुपयोग नगर्न सरकारद्वारा गठित नेपाल ओलम्पिक कमिटीको तदर्थ समितिलाई चेतावनी दिएको छ। ओसिएका जेनेरल डाइरेक्टर हुसैन अल मुसालामले आइतबार तदर्थ समितिका संयोजक ध्रुवबहादुर प्रधानलाई पत्र लेख्दै यसअघि गरिएको लोगो दुरुपयोग नगर्न निर्देशन दिएका हुन्।

'नेपाल ओलम्पिक कमिटीको नामबाट लोगो प्रयोग भएको पाएका छौं। हामी तपाईंहरूलाई आधिकारिक रूपमा स्पष्ट पार्न चाहन्छौं कि आगामी दिनमा ओसिएको लोगो प्रयोग नगर्नुहोला,' ओसिएले प्रधानलाई लेखेको पत्रमा भनिएको छ, 'आउँदा दिनमा पनि ओसिएको लोगो प्रयोग भएको भेटिँदा कानुनी उपचार खोज्छौं।' ओसिएका डाइरेक्टर हुसैन अलले तदर्थ समितिका संयोजक प्रधानलाई पठाएको पत्र नै आधिकारिक रहेको बताएका छन्।

'ओसिएको निर्देशन अवज्ञा गरेमा कानुनी कारबाही अगाडि बढाउने पनि चेतावनी छ,' हुसैन अलले भने। तदर्थ समितिको प्रवक्ता तथा सदस्य समिम मियाँ अन्सारीले ओसिएको पत्रबाट आत्तिनुपर्ने अवस्था नरहेको दाबी गरेका छन्। 'ओसिएले जुन किसिमको पत्र पठाएको छ। त्यसबाट आत्तिनु र डराउनुपर्ने अवस्था छैन,' अन्सारीले नयाँ पत्रिकासँग भने, 'यो पत्र अपरिपक्व छ। आइतबार बिदाको दिनमा पत्र पठाइएको छ।'

खेलकुद हेर्ने ओसिएभन्दा माथि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) रहेको उनले बताए। आइओसीसँग आफूहरूले वार्ता गरिरहेको अन्सारीको भनाइ छ। 'हामी लगातार आइओसीको सम्पर्कमा छौं। आइओसीलाई नेपालमा भइरहेको घटनाबारे जानकारी दिइराखेको छु। यसकारण पनि ओसिएको लोगो प्रयोग नगर्न भन्ने किसिमको पत्रले केही फरक पर्नेछैन,' अन्सारीले भने।

एनओसीका पूर्वअध्यक्ष प्रधानको संयोजकत्वमा खेलकुदमन्त्री तेजुलाल चौधरीले गत २६ साउनमा नौ सदस्यीय तदर्थ समिति गठन गरेका थिए। ४ भदौमा तदर्थ समितिका सदस्यहरूले आफू नै नेपालको आधिकारिक एनओसी भएको दाबी गरेका थिए। प्रधान समूहले जीवनराम श्रेष्ठ अध्यक्ष रहेको अन्तर्राष्ट्रिय मान्यताप्राप्त एनओसी अवैधानिक भएको जिकिर गर्दै आफूहरूले नै नेपालमा ओलम्पिक अभियान सञ्चालन गर्ने जनाएका थिए।

तर, ओसिएको पछिल्लो पत्रले सरकारको प्रत्यक्ष संलग्न रहेको तदर्थ समितिले आधिकारिक लोगो र लेटरहेड प्रयोग गर्न नपाउने भएको छ। 'तपाईंले आफ्ना चिठीपत्रमा नेपाल ओलम्पिक कमिटीको लेटरहेडमा ओसिएको लोगोको प्रयोग गर्नु अवैधानिक हो। यो आधिकारिक चेतावनी पनि हो। तपाईंले ओसिएको लोगो प्रयोग गर्न नछोडे ओसिएले आवश्यक कानुनी कारबाही गर्नेछ,' ओसिएका डाइरेक्टर हुसैन अलले भने।

ओसिएका डाइरेक्टर हुसैन अलले सरकारबाट गठित नेपाल ओलम्पिक कमिटीको तदर्थ समितिका संयोजक ध्रुवबहादुर प्रधानलाई आइतबार पत्राचार गर्दै आफ्नो लोगोको निरन्तर प्रयोग भए कानुनी कारबाही गर्ने चेतावनी दिए

गत १३ पुसमा विधान संशोधन गर्दै श्रेष्ठ तेस्रोपटक एनओसीका अध्यक्ष बनेका थिए। सरकारले श्रेष्ठ अध्यक्ष रहेको एनओसीलाई मान्यता दिएको छैन। तर, उसले अन्तर्राष्ट्रिय मान्यता पाएको छ। श्रेष्ठको नेतृत्वले विभिन्न कार्यक्रम पनि गर्दै आएको छ। एनओसीले आइतबारै खेलाडी बिदाइ गर्‍यो। अन्तर्राष्ट्रिय मान्यताप्राप्त एनओसीले टेनिसकी माहिका राणा र बास्केटबलका विजय बुर्का ओलम्पिक काउन्सिल अफ एसियाको आयोजनामा हुने एथलेटिक्स फोरममा भाग लिन काजकिस्तान जाने टोलीको बिदाइ गरेको हो। फोरम १ देखि ३ सेप्टेम्बरसम्म काजकिस्तानको अस्टानामा हुनेछ।

तदर्थ समितिको बिदाइमा खेलाडी गएनन्

सरकारको मान्यताप्राप्त तदर्थ समितिले आइतबारै ब्राजिलमा हुने १७औं विश्व उसु च्याम्पियनसिप २०२५ मा जाने खेलाडीको बिदाइ कार्यक्रम राखेको थियो। समितले १ बजे दिउँसो सातदोबाटोको ओलम्पिक भवनमा बिदाइ कार्यक्रम भनी सबैलाई पत्राचार गरेको थियो। तर, ओसिएको पत्रपछि खेलाडी बिदाइ समारोहमा सहभागी भएनन्। ब्राजिलमा हुने विश्व उसु १५ देखि २२ भदौसम्म हुँदै छ। प्रतियोगितामा नेपालबाट दीपक हमाल, विजय सिँजाली, निमा घर्तीमगर र सुस्मिता तामाङले प्रतिस्पर्धा गर्नेछन्। तदर्थ समितिको बिदाइमा नगएका खेलाडीलाई उसु महासंघका अध्यक्ष वीरबहादुर तामाङ, महासचिव तथा नेपाल ओलम्पिक कमिटीका सदस्य ल्हाक्पा छिरिङ लामाले बिदाइ गरेका थिए। विजयले गत वर्ष जापानमा भएको तेस्रो थाउलो उसु विश्वकप २०२४ मा ऐतिहासिक कांस्य पदक जितेका थिए। सोही ऐतिहासिक प्रदर्शन गरेबापत उनलाई सरकारले ६५ लाखसहित सम्मान गरेको थियो।

रिब्स र मल्पी सेमिफाइनलमा

काठमाडौं/ रिब्स र मल्पी इन्टरनेसनल ३१औं ज्ञान कार्निभलअन्तर्गत महिला बास्केटबलको सेमिफाइनलमा प्रवेश गरेका छन्। आइतबार रिब्सले मल्पी सिटीलाई ३०-८ ले पराजित गर्‍यो। रिब्सको जितमा इस्काले १३ स्कोर गरिन्। मल्पी इन्टरनेसनलले आयोजक ज्ञानोदयलाई ३९-१८ को फराकिलो अन्तरले हरायो। पुरुषतर्फको बास्केटबलमा रेडियन्ट पब्लिक, टिआइए र बाल दीक्षा सदनले अन्तिम चारको स्थान पक्का गरेका छन्। रेडियन्ट पब्लिकले मल्पी सिटीलाई ७२-६१ ले पाखा लगायो। रेडियन्टका सुशानले ३५ स्कोर गरे। टिआइएले हिमालयलाई ४७-२२ ले पन्छायो। टिआइएका वरदान थापाले १७ स्कोर गरे। बाल दीक्षा सदनले ज्ञानोदयमाथि ५३-४८ को जित दर्ता गर्‍यो। पुरुष फुटबलमा लिटिल एन्जल्सले द एक्सेल्सियर स्कुललाई २-० ले पराजित गर्‍यो। कार्निभलअन्तर्गत महिला मैत्रीपूर्ण नेटबलमा भानुभक्तले ज्ञानोदयलाई ३२-१९ ले हरायो।

'ए' डिभिजन लिग होम एन्ड अवे प्रणालीमा गर्न प्रस्ताव

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले 'ए' डिभिजन लिग ९ पुस ०८२ देखि होम एन्ड अवे प्रणालीमा सुरु गर्ने प्रस्ताव गरेको छ। 'ए' डिभिजनका १४ क्लबका पदाधिकारीसँग आइतबार भएको बैठकमा एन्फाले लिग होम एन्ड अवेअनुसार गर्ने प्रस्ताव राखेको हो। एन्फाले मोफसलका विभिन्न जिल्लाका घरेलु मैदान बनाउन छलफल गरेको जनाएको छ। लिगको प्राविधिक र व्यवस्थापकीय विषयमा ३१ भदौमा कार्यशाला आयोजना गर्ने सहमति भएको छ।

बैठकमा एन्फा महासचिव किरण राईले लिगको ढाँचा होम एन्ड अवे प्रणालीअनुसार गर्ने प्रस्ताव राखेका थिए। एन्फाले आफ्नो सोसल मिडियामा एन्फा महासचिव राईले बैठकमा योजना प्रस्तुत गरेको जनाएको छ। एन्फाले गत वैशाखमा धुलिखेलमा भएको साधारणसभाबाट क्यालेन्डर पारित गर्दै 'ए' डिभिजन लिग १ पुस ०८३ देखि ३१ जेठसम्म गर्ने तय गरेको थियो। क्लबहरूसँग छलफलपछि एन्फाले ९ पुसदेखि लिग सुरु गर्ने प्रस्ताव राखेको हो।

नेपालमा शीर्ष डिभिजन लिग नभएको पनि दुई वर्षभन्दा बढी भइसकेको छ। पछिल्लो दुई सिजन 'ए' डिभिजन लिग आयोजना भएन। अन्तिमपटक लिग भएको ०७९/८० को सत्रमा थियो। जुन ०८० जेठ अन्तिममा सकिएको थियो। सो लिगको उपाधि नवप्रवेशी क्लब चर्च ब्वाइज युनाइटेडले जितेको थियो। त्यसपछि ०८०/८१ र ०८१/८२ को सिजन पनि लिग भएन। यसअघि 'बी' डिभिजन लिग नहुँदा लिग साइकल पूरा नभएको भन्दै 'ए' डिभिजन लिग नभएको एन्फाले जनाएको थियो। अहिले 'बी' डिभिजन लिग सकेको छ।

मोफसलका मैदान घरेलु हुने

बैठकमा 'ए' डिभिजनका सबै क्लबलाई मोफसलका विभिन्न जिल्लामा रहेका मैदानलाई घरेलु मैदान बनाउन प्रस्ताव गरेको जनाएको छ। एन्फाका प्रवक्ता सुरेश शाहले १४ वटै क्लबलाई मोफसलमा रहेका मैदानमा घरेलुका रूपमा प्रयोग गर्न प्रस्ताव गरिएको बताए। अहिले झापा, मोरङ, सिमरा, हेटौंडा, चितवन, पोखरा, सुर्खेत, नेपालगन्ज, धरानलगायत स्थानका मैदानलाई १४ क्लबले घरेलुका रूपमा प्रयोग गर्न सक्छन्। हिमालयन शेर्पा क्लबका अध्यक्ष तथा एन्फाका पूर्वअध्यक्ष कर्मा छिरिङ शेर्पाले मोफसलमा गएर होम मैदान बनाउन सहज नभएको प्रतिक्रिया राखेका थिए। तयारी खर्च नदिने एन्फाको प्रस्तावमाथि बृहत् छलफल भएको थियो।

रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

दोस्रो पटक प्रकाशित सूचना मिति : २०८२/०५/१६ गते

यस रामगोपालपुर नगरपालिकाको १२ औं नगरसभाको निर्णय अनुसार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाको स्वामित्व र संरक्षणमा रहेको तपसिल बमोजिमका पोखरीहरूको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त ठेक्का लिने ईच्छुक व्यक्ति, फर्म, संघ-संस्थाले बोलपत्र कागजातमा उल्लेखित शर्त बन्देजको अधिनमा रही शिलबन्दी बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

सि. नं.	ठेक्का नं.	पोखरीको नाम	न्यूनतम बोलपत्र रकम (VAT सहीत)	बोलपत्र कागजात खरिद गर्नु पर्ने अन्तिम मिति	बोलपत्र दर्ता गर्नु पर्ने अन्तिम मिति	बोलपत्र दस्तुर	धरौटी रकम	कैफियत
१	02/IR/KP/RGPMUN/082/83	करहर्वा पोखरी	१८,००,०००/-	२०८२/०५ /२२ कार्यालय समयभित्र	२०८२/०५/२३ दिउँसो १२:०० बजे भित्र	१०००/-	कुल कबोल अंकको ५% हुन आउने रकम	५ वर्षको लागि
२	04/IR/BD/RGPMUN/082/83	विश्वम्भरपुर डबरा	१,३०,०००/-	२०८२/०५ /२२ कार्यालय समयभित्र	२०८२/०५/२३ दिउँसो १२:०० बजे भित्र	१०००/-	कुल कबोल अंकको ५% हुन आउने रकम	५ वर्षको लागि

बोलपत्र खोलिने मिति, समयर स्थान :
२०८२/०५/२३ दिउँसो २:०० बजे, रामगोपालपुर न.पा., महोत्तरी

नोट : बोलपत्र दर्ता हुने मितिको दिन सार्वजनीक बिदा परेमा सोको भोलीपल्ट निर्धारित समयमै बोलपत्र दर्ता गरिनेछ। बोलपत्र खोलीने मितिको दिन सार्वजनीक बिदा परेमा सोको भोलीपल्ट निर्धारित समयमै बोलपत्र खोलीने।

थप जानकारीको लागि : रामगोपालपुर न.पा., महोत्तरीको कार्यालयमा सम्पर्क गर्नुहुन।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com